
# हज सम्बन्धी दश प्रवचन



लेखक: डा. खालिद मुहम्मद अत्तिया

अनुवादक: नूरुद्दिन खान

# हज सम्बन्धी दश प्रवचन

| | |
|---|---|
| प्रवचनकर्ता: डा. खालिद मुहम्मद अत्तियाह<br>अनुवादक: नूरुद्दिन खान<br>अनुवादकको इमेल:<br>nourdikh20@gmail.com | اسم الخطيب: د. خالد محمد عطية<br>لغة الترجمة: النيبالية<br>اسم المترجم: نورالدين خان<br>البريد الالكتروني للمترجم:<br>nourdikh20@gmail.com |

# जिल-हिज्जाका प्रथम दस दिनका सद्गुण र महत्त्व

## पहिलो प्रवचन

समस्त प्रशंसा अल्लाहका लागि हुन्, जसले सम्पूर्ण जगत् सृष्टि गर्नुभयो र त्यसको उचित भाग्य निर्धारण गर्नुभयो। सबै प्रशंसा अल्लाहका लागि हुन्, जसले इस्लामलाई मानवताका लागि सर्वोत्तम कानुन र श्रेष्ठ जीवन पद्धति बनाउनुभयो। सम्पूर्ण प्रशंसा अल्लाहकै लागि हुन्, जसले इस्लामलाई अन्तिम धर्म र सांसारिक जीवनका लागि सबैभन्दा सहज मार्ग बनाउनुभयो।

म गवाही दिन्छु कि अल्लाह बाहेक कोही पनि पूजनीय छैन; उहाँ अद्वितीय हुनुहुन्छ र उहाँको कोही साझेदार छैन। उहाँ एक, निरपेक्ष र स्वयम्-अस्तित्ववान हुनुहुन्छ; न उहाँबाट कोही जन्मियो, न त उहाँ कसैबाट जन्मिनुभयो, र उहाँको समान कोही पनि छैन। म गवाही दिन्छु कि मुहम्मद (सल्लल्लाहु अलैहि व सल्लम) अल्लाहका भक्त, सन्देशवाहक, चयनित विशेष मित्र र सम्पूर्ण सृष्टिमध्ये सर्वोत्तम हुनुहुन्छ। उहाँ, उहाँका परिवार र अनुयायीहरूमाथि न्यायको दिनसम्म शान्ति र कृपा रहोस्।

हे अल्लाहका भक्तहरू! म आफूलाई र यहाँहरूलाई सदैव अल्लाहसँग डराउन (तक्वा अवलम्बन गर्न) सल्लाह दिन्छु। तसर्थ, गोप्य र प्रकट दुवै रूपमा अल्लाहको भय राख्नुहोस् र आफ्ना प्रत्येक कार्यमा उहाँको निगरानी रहेको सम्झनुहोस्, तब तपाईं सफल हुनुहुनेछ। अल्लाहले भन्नुभएको छ:

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ ٱتَّقُواْ ٱللَّهَ وَقُولُواْ قَوۡلٗا سَدِيدٗا ﴾

"हे आस्थावानहरू! अल्लाहसँग डराओ र सधैं सत्य कुरा गर..."।

हे अल्लाहका भक्तहरू! अवगत रहोस् कि तपाईंहरू 'जिल-हिज्जा' का प्रारम्भिक १० श्रेष्ठ दिनहरूमा हुनुहुन्छ जुन वर्षकै सबैभन्दा उत्तम दिनहरू हुन्। जसको महिमा बारे नबी (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ: " 'यी १० दिनहरूमा गरिने असल कार्य अल्लाहका लागि अन्य दिनहरूमा गरिने कार्यभन्दा बढी प्रिय हुन्छन्।' सहाबाहरूले सोधे: 'हे अल्लाहका रसूल! के अल्लाहको मार्गमा गरिने जिहादभन्दा पनि?' उहाँले भन्नुभयो: 'हो, जिहादभन्दा पनि, तर त्यो व्यक्तिको हकमा अर्कै कुरा हो जो आफ्नो ज्यान र धन लिएर निस्कियो र केही पनि फिर्ता लिएर आएन (अर्थात् शहीद भयो)।'"

साथै उहाँ (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभयो: "अल्लाहको निकट यी १० दिनहरू भन्दा महान र प्रिय अरू कुनै दिन छैनन्। त्यसैले यी दिनहरूमा अत्यधिक 'ला इलाहा इल्लल्लाह', 'अल्लाहु अकबर' र 'अल्हम्दुलिल्लाह' को जप गर्ने गर।"

रसुल (सल्लल्लाहु अलैहि वसल्लम) को अर्को कथन छ: "संसारका सबैभन्दा उत्तम दिनहरू (जिल-हिज्जाका) १० दिनहरू हुन्।" मानिसहरूले सोधे: 'हे अल्लाहका रसूल! के अल्लाहको मार्गमा गरिने जिहाद पनि यसको समान छैन?' उहाँले भन्नुभयो: "हो, अल्लाहको मार्गमा गरिने जिहाद पनि यसको समान छैन; तर त्यो व्यक्तिको कुरा बेग्लै हो जसको अनुहार (अल्लाहको लागि सहादतका कारण) धुलोमा लतपतियो छ।"

एउटा पुरातन भनाइमा उल्लेख छ: "अल्लाहले समयको छनोट गर्नुभयो र अल्लाहलाई समयहरूमध्ये 'अशहुरुल हुरुम' (पवित्र महिनाहरू) सबैभन्दा प्रिय

छन्; पवित्र महिनाहरूमध्ये 'जिल-हिज्जा' सबैभन्दा प्रिय छ, र जिल-हिज्जा महिनामध्ये सुरुका १० दिनहरू सबैभन्दा प्रिय छन्।"

विद्वानहरूले भनेका छन् कि "जिल-हज्जाका दिनहरू वर्षका अन्य दिनहरू भन्दा श्रेष्ठ छन्; किनभने यी दिनहरूमा नमाज, उपवास, दान-सदाका, हज, कुर्बानी, जिकिर र तकबीर जस्ता अन्य सम्पूर्ण उपासनाहरू एकत्रित हुन्छन्। विशेष गरी पवित्र नगर मक्काका निवासीहरूलाई त समय र स्थान दुवैको महिमा एवं बरकत प्राप्त हुने सौभाग्य मिल्दछ"।

अल्लाह को पवित्र वचन:

﴿ وَٱلۡفَجۡرِ ۝١ وَلَيَالٍ عَشۡرٖ ۝٢ وَٱلشَّفۡعِ وَٱلۡوَتۡرِ ۝٣ ﴾

(अर्थात् "प्रातःकालको कसम, र १० रातहरूको, अनि जोर र बिजोरको") को सन्दर्भमा विद्वानहरूको कथन छ कि यहाँ उल्लेखित '१० रातहरू' भन्नाले जिल-हज्जाका सुरुवाती १० रातहरू नै हुन्। यसै विषयमा पूर्ववर्ती (सल्फ-उस्-सालेहीन) लगायत अधिकांश कुरआनका व्याख्याकर्ताहरू सहमत छन् र इब्ने अब्बास (रजि.) बाट प्रमाणित सही मत पनि यही हो।

त्यसैले आदरणीय मुस्लिम दाजुभाइहरू! समय, पुण्यका विशेष अवसरहरू, ईश्वरीय कृपाका क्षणहरू र सत्कर्मका ढोकाहरू खुल्दा तिनको सदुपयोग गर्न अग्रसर हुनुहोस्। असल कार्यहरूद्वारा अल्लाहको सामिप्य प्राप्त गर्नुहोस्। यी महान् दिनहरूमा सम्भव भएसम्म उपवास बस्ने, रात्रि नमाज पढ्ने र उपासनामा निष्ठापूर्वक परिश्रम गर्ने प्रयास गर्नुहोस्। यदि कोही यी सबै गर्न असमर्थ छ भने, उसले कम्तिमा प्रत्येक पल अल्लाहको स्मरण (जिकिर) मा आफूलाई लीन राखोस्, ताकि उसले पनि महान् पुण्य (प्राप्त गर्न सकोस्।

'उम्मुल मोमिनीन' बाट वर्णित हदीसमा उल्लेख छ: "अल्लाहका रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले जिलहिज्जाको नौ दिन, आशूराको दिन र प्रत्येक

महिनाको तीन दिन—महिनाको पहिलो सोमबार र त्यसपछिका दुई बिहीबार व्रत बस्नुहुन्थ्यो।"

जसले यी सबै दिनमा व्रत बस्न सक्दैन, उसले कम्तीमा अराफाको दिनको व्रत बस्नु पर्छ, जसको महिमाका बारेमा रसुल (सल्लल्लाहु अलैहिवसल्लम) ले भन्नुभएको छ: "अराफाको दिनको व्रतले अघिल्लो वर्ष र पछिल्लो वर्षको पाप मेटाइ दिनेछ भन्ने मैले अल्लाहसँग आशा राखेको छु"।

अराफाको दिनको व्रत बस्नु हाजी (हज गर्ने व्यक्ति) बाहेक अरूका लागि सुन्नत हो; हाजीका लागि भने हजका कार्यहरू गर्न शक्ति मिलोस् र हरेक समय अल्लाहको स्मरण (जिक्र) गर्न सकोस् भन्नका लागि व्रत नबस्नु नै उत्तम हुन्छ।

त्यसैगरी यस महिनाको अर्को विशिष्टता यो हो कि यसमा ती 'निर्धारित दिनहरू' (अय्याम-ए-मालुमात) पर्दछन्, जसमा अल्लाहले प्रदान गर्नुभएका चौपायाहरू माथि उहाँको नाम लिएर वध गर्न कार्य विधान गरिएको छ। अल्लाहले पवित्र कुरआनमा भन्नुभएको छ:

﴿ وَأَذِّن فِي ٱلنَّاسِ بِٱلۡحَجِّ يَأۡتُوكَ رِجَالٗا وَعَلَىٰ كُلِّ ضَامِرٖ يَأۡتِينَ مِن كُلِّ فَجٍّ عَمِيقٖ ۝٢٧ لِّيَشۡهَدُواْ
مَنَٰفِعَ لَهُمۡ وَيَذۡكُرُواْ ٱسۡمَ ٱللَّهِ فِيٓ أَيَّامٖ مَّعۡلُومَٰتٍ عَلَىٰ مَا رَزَقَهُم مِّنۢ بَهِيمَةِ ٱلۡأَنۡعَٰمِۖ فَكُلُواْ مِنۡهَا
وَأَطۡعِمُواْ ٱلۡبَآئِسَ ٱلۡفَقِيرَ ۝٢٨ ﴾

"मानिसहरूमा हजका लागि घोषणा गरिदेऊ; तिनीहरू तिमीकहाँ पैदल र दुब्ला ऊँटहरूमा सवार भई टाढा-टाढाका दुर्गम बाटाहरूबाट आउनेछन्, ताकि तिनीहरूले आफ्ना लाभहरू देख्न सकून् र निर्धारित दिनहरूमा अल्लाहले प्रदान गर्नुभएका चौपायाहरूमा (कुरबानी गर्दा) उहाँको नाम उच्चारण गरून्। अतः तिनीहरूबाट आफैँ पनि खाऊ र दुःखी एवं अभावग्रस्तहरूलाई पनि खुवाऊ।"

अधिकांश विद्वानहरूको मत अनुसार यी 'निर्धारित दिनहरू' भन्नाले जिलहिज्जाका प्रथम १० दिनहरूलाई बुझिन्छ। साथै, यी दिनहरूको महिमाभित्र ईदको नमाज र त्यसपश्चात् खुत्बा (प्रवचन) सुन्नु पनि पर्दछ।

हे मेरा मुस्लिम भाइ! यी दिनहरूमा गरिने राम्रा कार्यहरूमध्ये पूरै १० दिनसम्म 'तक्बीर' भन्नु पनि एक हो, जसको शब्दहरू यस्ता छन्: (अल्लाहू अक्बर, अल्लाहू अक्बर, अल्लाहू अक्बर, ला इलाहा इल्लल्लाह, अल्लाहू अक्बर, अल्लाहू अक्बर, व लिल्लाहिल हम्द)। बजार, मस्जिद र बाटाहरूमा ठूलो स्वरले यो तक्बीर भन्नु पुण्य कार्य हो।

सुननका ग्रन्थहरूमा रसुल (सल्लल्लाहु अलैहिवसल्लम) बाट वर्णित छ: "बैतुल्लाहको तवाफ (परिक्रमा), सफा र मर्वा बीचको सई (दौड) तथा जमारतमा कङ्कड प्रहार गर्ने कार्य केवल अल्लाहको स्मरण (जिक्र) स्थापित गर्नका लागि निर्धारित गरिएको हो।"

इमाम अहमदको मसनदमा उल्लेख छ कि एक व्यक्तिले सोधे: "हे अल्लाहका रसूल, कुन जिहादको प्रतिफल सबैभन्दा बढी हुन्छ?" उहाँले भन्नुभयो: "जसमा अल्लाहको स्मरण सबैभन्दा बढी गरिन्छ।" उनले सोधे: "कुन रोजा बस्ने व्यक्तिको प्रतिफल सबैभन्दा बढी हुन्छ?" उहाँले भन्नुभयो: "जसले अल्लाहको स्मरण सबैभन्दा बढी गर्छ।" त्यसपछि उनले नमाज, जकात, हज र सदकाको विषयमा सोधे, र प्रत्येक पटक रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले यही उत्तर दिनुभयोः ”जसले अल्लाहको जिक्र सबैभन्दा बढी गर्छ।” तब अबू बकर (रजियल्लाहु अन्हु) ले भन्नुभयोः ”हे अबू हफ्स (उमर रजियल्लाहु अन्हु)! जिक्र गर्नेहरूले त सबै पुण्य लिएर गए”! रसूल (सल्लल्लाहु अलैहि वसल्लम)  ले भन्नुभयोः “हो, निश्चय नै”।

अर्को एक वर्णनमा उल्लेख छ: "कुन हाजी (हज गर्ने व्यक्ति) सर्वश्रेष्ठ हो?" उहाँले भन्नुभयो: "जसले अल्लाहको स्मरण सबैभन्दा बढी गर्छ।"

मेरे आदरणीय भाइहरू! यी (जिल हिज्जाका) १० पवित्र दिनका नियमहरूमध्ये अन्तिममा कुर्बानी (पशु वध) गर्नु पनि एक हो। यस सम्बन्धमा रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को मार्गनिर्देशन यस्तो छ: “जब जिलहिज्जाका दस दिन सुरु हुन्छन् र तिमीहरूमध्ये कसैले कुर्बानी गर्ने इच्छा राख्छ भने, उसले आफ्नो कपाल वा छालाको कुनै भाग नछुओस् (काटोस् वा उखेलोस्)।”

अर्को वर्णनमा भनिएको छ: "जब १० दिन सुरु हुन्छ र कसैले कुर्बानीको तयारी गरेको छ भने, उसले न कपाल काटोस् न त नङ नै।"

त्यसैगरी, अर्को हदीसमा छ: "जब जिल हिज्जाको १० दिन सुरु हुन्छ, तबसम्म आफ्नो कपाल र नङ नकाट्नु जबसम्म तिमीले आफ्नो कुर्बानी सम्पन्न गर्दैनौ।"

यी सम्पूर्ण हदीसहरूको सार यो हो कि—जसले आफ्नो कुर्बानीका लागि पशु व्यवस्था गरिसकेको छ, उसले कुर्बानी पूर्ण नभएसम्म आफ्नो शरीरको कुनै पनि भागको कपाल खौरिनु वा नङ काट्नु हुँदैन।

तर, जसले केवल नियत मात्र गरेको छ तर पशुको प्रबन्ध गरिसकेको छैन भने, केवल नियतका कारण उसमाथि यस्तो कुनै बन्देज लाग्ने छैन। कुर्बानी 'सुन्नते मुअक्कदा' (अत्यन्त जोड दिइएको सुन्नत) हो; त्यसैले, हे अल्लाहका भक्तहरू! यदि तिमीहरू कुर्बानी गर्न सक्षम छौ भने यस महान् सुन्नतलाई नछोड्नु।

अल्लाहका भक्तहरू! अल्लाहले मलाई र तपाईंहरूलाई आफ्नो कृपाले कुरआन र सुन्नतको मार्गदर्शनबाट लाभान्वित गरून्। म आफ्नो तथा तपाईंहरू सबैका लागि अल्लाहसँग क्षमायाचना गर्दछु। अतः तपाईंहरू पनि उहाँसँग क्षमा माग्नुहोस्; निश्चय नै उहाँ अत्यन्त क्षमाशील र परम दयालु हुनुहुन्छ।”

# दोस्रो प्रवचन

सम्पूर्ण प्रशंसा अल्लाहकै लागि हुन्, जो समस्त ब्रह्माण्डका पालनकर्ता हुनुहुन्छ। शुभ परिणाम केवल धर्मपरायणहरूका लागि मात्र निश्चित छ र अत्याचारीहरू बाहेक अरू कसैप्रति शत्रुता छैन। म गवाही दिन्छु कि अल्लाह बाहेक कोही पनि सत्य उपास्य छैन; उहाँ नै सत्कर्मीहरूका परम संरक्षक हुनुहुन्छ। म यो पनि गवाही दिन्छु कि मुहम्मद रसूल (सल्लल्लाहु अलैहि वसल्लम) उहाँका भक्त र अन्तिम सन्देशवाहक हुनुहुन्छ। मेरा पालनकर्ताको असीम कृपा र शान्ति उहाँमाथि, उहाँका पवित्र परिवारमाथि र प्रलयको दिनसम्म उहाँको मार्ग पछ्याउने समस्त अनुयायीहरूमाथि रहोस्। तत्पश्चात्:

हे मेरा आदरणीय मुस्लिम दाजुभाइहरू! जिल-हिज्जाका यी १० दिनहरूको सबैभन्दा विशिष्ट विशेषता भनेको 'कुर्बानी' (पशु वधकार्य) हो। यो एउटा यस्तो पुण्यकर्म हो, जसद्वारा ईदको पवित्र दिनमा अल्लाहको सामीप्य प्राप्त गरिन्छ। कुर्बानीको समय ईद-उल-अजहाको बिहानदेखि प्रारम्भ भई उक्त महिनाको १३ औँ दिनको सूर्यास्तसम्म रहन्छ। यस महान् कार्यलाई जति चाँडो गरियो, त्यति नै उत्तम हुन्छ।

यस सन्दर्भमा रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ: " पशु वध गरिने दिन (यौम-उन-नह्र) आदमका सन्तानले गर्ने कार्यहरूमध्ये कुर्बानी गर्नु भन्दा प्रिय कार्य अल्लाह सामु अरू कुनै कार्य छैन। प्रलयको दिन त्यो पशु आफ्ना सिङ, खुर र रौंहरूसहित उपस्थित हुनेछ। रगत भुइँमा खस्नुभन्दा पूर्व नै त्यो अल्लाह कहाँ स्वीकृत भइसकेको हुन्छ; त्यसैले खुशी मनले कुर्बानी गर।"

कुर्बानीका सम्बन्धमा रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को मार्गनिर्देशन यस्तो छ: "जब जिलहिज्जाका दस दिन सुरु हुन्छन् र तिमीहरूमध्ये कसैले कुर्बानी

गर्ने इच्छा राख्छ भने, उसले आफ्नो कपाल वा छालाको कुनै भाग नछुओस् (काटोस् वा उखेलोस्)।"

अर्को वर्णनमा भनिएको छ: "जब १० दिन सुरु हुन्छ र कसैले कुर्बानीको तयारी गरेको छ भने, उसले न कपाल काटोस् न त नङ नै।"

त्यसैगरी, अर्को हदीसमा छ: "जब जिल हिज्जाको १० दिन सुरु हुन्छ, तबसम्म आफ्नो कपाल र नङ नकाट्नु जबसम्म तिमीले आफ्नो कुर्बानी सम्पन्न गर्दैनौ।"

यी सम्पूर्ण हदीसहरूको सार यो हो कि—जसले आफ्नो कुर्बानीका लागि पशु व्यवस्था गरिसकेको छ, उसले कुर्बानी पूर्ण नभएसम्म आफ्नो शरीरको कुनै पनि भागको कपाल खौरिनु वा नङ काट्नु हुँदैन। तर, जसले केवल नियत मात्र गरेको छ तर पशुको प्रबन्ध गरिसकेको छैन भने, केवल नियतका कारण उसमाथि यस्तो कुनै बन्देज लाग्ने छैन। कुर्बानी 'सुन्नते मुअक्कदा' (अत्यन्त जोड दिइएको सुन्नत) हो; त्यसैले, हे अल्लाहका भक्तहरू! यदि तिमीहरू कुर्बानी गर्न सक्षम छौ भने यस महान् सुन्नतलाई नछोड्नु। यस सम्बन्धमा नबी (सल्लल्लाहु अलैहि वसल्लम) को तरिका यो थियो कि कुर्बानीको मासुलाई तीन भागमा विभाजन गरी एक तिहाइ अंश स्वयं उपभोग गर्ने, एक तिहाइ उपहार स्वरूप वितरण गर्ने र बाँकी एक तिहाइ असहायहरूलाई दान (सदका) गर्ने।

❖❖❖❖

हे अल्लाहका भक्तहरू हो! मानवताका लागि वरदान र कृपास्वरूप पठाइएका, समस्त सन्देशवाहकहरूका अगुवा मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) माथि दरूद र सलाम पठाउनुहोस्। जसरी सर्वज्ञानी अल्लाहले आज्ञा गर्नुभएको छ:

﴿ إِنَّ ٱللَّهَ وَمَلَٰٓئِكَتَهُۥ يُصَلُّونَ عَلَى ٱلنَّبِيِّۚ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ صَلُّواْ عَلَيۡهِ وَسَلِّمُواْ تَسۡلِيمًا ٥٦ ﴾

"अल्लाह एवं उनका फरिश्ताहरू नबीमाथि दरूद पठाउने गर्छन् । अतः हे आस्थावानहरू हो ! तिमीहरू पनि उनीमाथि 'दरूद' तथा सलाम पठाउने गर ।"

हे अल्लाह! ती मार्गदर्शक खलिफाहरू र सत्यका अनुयायी महान् व्यक्तित्वहरूसँग प्रसन्न हुनुहोस्, जसले सत्यका साथ न्याय गरे। प्रलयको दिनसम्म निष्ठापूर्वक उनीहरूको मार्ग अनुशरण गर्नेहरूसँग पनि प्रसन्न हुनुहोस्। हे हे अत्यन्त दयालु! हामीलाई पनि आफ्नो क्षमा र कृपा प्रदान गर्नुहोस्।

हे अल्लाह !इस्लाम र मुस्लिमहरूलाई सम्मानित गर्नुहोस्; कुफ्र (अधर्म) र काफिरहरूलाई निस्तेज पार्नुहोस्। आफ्ना एकत्ववादी भक्तहरूलाई विजय प्रदान गर्नुहोस्। हे विश्वका पालनकर्ता! समस्त मुस्लिम राष्ट्रहरूमा सुख, शान्ति र समृद्धि कायम गरिदिनुहोस्।

हे अल्लाह! मुस्लिम शासकहरूलाई तपाईंको नियम, विधान र तपाईंका रसुल मुहम्मद मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को सुन्नत लागू गर्ने सामर्थ्य प्रदान गर्नुहोस्। उनीहरूको हृदयमा आपसी प्रेम र मेलमिलाप जागृत गराई जनप्रिय एवं दयालु बनाउनुहोस् र तपाईँलाई मन पर्ने कार्यहरू गर्ने सामर्थ्य प्रदान गर्नुहोस्।

हे अल्लाह! हाम्रो निम्ति जे उत्तम छ, त्यही छनोट गरिदिनुहोस् र हामीलाई एक क्षणका लागि पनि हाम्रै आश्रयमा नछोड्नुहोस्। हामीलाई मार्गदर्शन दिनुहोस्, सत्यको मार्ग सरल बनाइदिनुहोस् र तपाईँको स्मरण (जिक्र), कृतज्ञता एवं उत्तम उपासना गर्न हामीलाई सामर्थ्य प्रदान गर्नुहोस्।।

हे अल्लाह! हामीलाई संसार र धर्मको ज्ञान (फिक्ह) प्रदान गर्नुहोस्। समस्त मुस्लिमहरूको अवस्थामा सुधार ल्याउनुहोस्, मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) का अनुयायीहरूका आवश्यकताहरू पूरा गरिदिनुहोस् र हे दयावान्! उनीहरूको अन्त्य सुखद र कल्याणकारी बनाइदिनुहोस्।

हे अल्लाह! हजयात्रीहरूको हज, उमराह गर्नेहरूको उमराह र उपासकहरूको उपासना स्वीकार गर्नुहोस्। यसलाई 'हज्जे मबरुर' (स्विकृत हज), प्रशंसनीय प्रयास, क्षमा गरिएको पाप र कहिल्यै घाटा नहुने व्यापार बनाइदिनुहोस्, हे अन्तरात्मा र हृदयको कुराहरू जान्ने सर्वज्ञ पालनकर्ता!

हे अल्लाहका भक्तहरू हो! निश्चय नै अल्लाहले न्याय, परोपकार र नातागोतालाई दान-प्रदान गर्ने आदेश दिनुहुन्छ; र अश्लीलता, दुष्कर्म तथा अत्याचारबाट रोक्नुहुन्छ। उहाँले तिमीहरूलाई उपदेश दिनुहुन्छ ताकि तिमीहरूले मनन गर।

अतः महान् अल्लाहको जिक्र (स्मरण) गर, उहाँले तिमीलाई याद गर्नुहुनेछ। उहाँका वरदानहरूका लागि उहाँको कृतज्ञता व्यक्त गर, उहाँले तिमीलाई अझ धेरै दिनुहुनेछ। वास्तवमा अल्लाहको जिक्र नै सर्वोपरि हो। र तिमीहरू जे-जति गर्छौ, अल्लाहलाई सबै थाहा छ।

# हज-अनुष्ठानको महिमा

## पहिलो प्रवचन

समस्त प्रशंसा अल्लाहकै लागि हो, जो सारा ब्रह्माण्डका पालनकर्ता हुनुहुन्छ; हामी सधैं उहाँकै प्रशंसा गर्छौं, उहाँकै कृतज्ञता प्रकट गर्छौं, उहाँसँगै क्षमायाचना गर्छौं, उहाँसँगै मार्गदर्शन माग्छौं, उहाँमाथि विश्वास राख्छौं र उहाँमाथि नै भरोसा गर्छौं। साथै, आदरणीय व्यक्तित्व, उज्ज्वल चिन्ह भएका मानिसहरू र संयमीहरूका अगुवा, महापुरुष तथा सन्देशवाहक मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) र उहाँका सन्तान एवं प्रलयको दिनसम्म उहाँको मार्ग पछ्याउने अनुयायीहरूमाथि अल्लाहको कृपा र शान्ति रहोस्।

अल्लाहका भक्तहरू! म आफूलाई र तपाईंहरू सबैलाई सदैव अल्लाहसँग डराउन (तक्वा धारण गर्न) उपदेश दिन्छु। गोप्य र प्रकट दुवै अवस्थामा अल्लाहसँग डराउनुहोस् र आफ्ना हरेक कार्यमा उहाँको निगरानीलाई सम्झनुहोस्, तब मात्र तपाईंहरू सफल हुनुहुनेछ। अल्लाह भन्नुभएको छ:

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوا۟ ٱتَّقُوا۟ ٱللَّهَ وَقُولُوا۟ قَوْلًا سَدِيدًا ﴾

"हे आस्थावानहरू! अल्लाहसँग डराओ र सधैं सत्य कुरा गर..."।

त्यसपछि:

हे अल्लाहका भक्तहरू! यो कुरा बुझ्नुहोस् कि हजको अनुष्ठाननै त्यो सबैभन्दा बलियो बन्धन हो जसले विश्वका मुस्लिमहरूलाई एकै समयमा, एकै स्थानमा र

एकै प्रकारको पहिरनमा एकताबद्ध गर्दछ। उनीहरू एउटै किबला (काबा) तर्फ फर्कन्छन्, एउटै धर्ममा आस्था राख्छन्, उनीहरूको विधानको स्रोत एउटै छ र उनीहरू एउटै पालनकर्ताको उपासना गर्छन्। उनीहरू सबैको मुखबाट एउटै स्वर सुनिन्छ:

"लब्बैक अल्लाहुम्मा लब्बैक, लब्बैक ला शरीका लका लब्बैक, इन्नल हम्दा वन-निअमता लका वल-मुल्क, ला शरीका लक" (हे अल्लाह! म उपस्थित छु, म उपस्थित छु। तपाईंको कोही साझेदार छैन, म उपस्थित छु। निश्चय नै सम्पूर्ण प्रशंसा तपाइँकै निम्ति हो, सम्पूर्ण वरदान तपाईंलेनै प्रदान गर्नुहुन्छ र सम्पूर्ण साम्राज्य तपाइँकै हो, तपाईंको कोही साझेदार छैन)।

हज इस्लामको सबैभन्दा ठूलो स्वरूप हो। यो मुस्लिमहरूका लागि एउटा सुनौलो अवसर हो जहाँ उनीहरू वर्षमा एक पटक सामूहिक रूपमा एकै प्रकारका कार्यहरू सम्पादन गर्दै एउटै उद्देश्यमा सहमत हुन्छन्। यसले उनीहरूलाई आफ्ना शत्रुहरू र विरोधीहरूबाट सिर्जित चुनौती एवं संकटहरूको सामना कसरी गर्ने भनेर छलफल गर्ने र साझा धारणा एवं विचारहरू प्रस्तुत गर्ने अवसर प्रदान गर्दछ।

हज मुस्लिमहरूको जीवनमा वर्षमा एक पटक आउँछ। यसका केही शिष्टाचार र सुन्नतहरू छन् जसलाई हज गर्ने र हजमा नजाने (मुकीम) दुवैले 'बैतुल्लाह' (अल्लाहको घर) र 'शहर-ए-हराम' (पवित्र महिना) को सम्मानका लागि पालना गर्नु अनिवार्य छ।

आदरणीय हज यात्री, यो कुरा जान्नुहोस् कि अल्लाहको पवित्र घर (बैतुल्लाह) र स्वयं आफ्नो प्रति तपाईंका धेरै कर्तव्यहरू छन्, जसमध्ये सबैभन्दा महत्त्वपूर्ण यी हुन्:

१. पवित्र घरको मर्यादा र अल्लाहका निशानीहरूको सम्मान गर्नु: अत्यन्त सावधानी अपनाउनुहोस् र अल्लाहको क्रोध र अप्रसन्नता निम्त्याउने कुनै पनि कार्य वा स्थानबाट टाढा रहनुहोस्। यस्ता कार्यले हजको पुण्य समाप्त गरी तपाईंको प्रयासलाई व्यर्थ बनाउन सक्छ। ।

२. समयको सदुपयोग: हे हज यात्री भाइ, पवित्र घरको नजिक रहँदा सकेसम्म धेरै तवाफ, नमाज, जिकिर र क्षमायाचना (इस्तिगफार) मा समय बिताउने प्रयास गर्नुहोस्। यी दिनहरू इबादत र सम्झनाका दिन हुन्; यी केवल घुमफिर, पर्यटन वा मनोरञ्जनका लागि बिताइने दिनहरू होइनन्।

३. हजका विधिहरूको ज्ञान: हजका नियम र प्रक्रियाहरू सिक्नमा विशेष ध्यान दिनुहोस्। यसमा कुनै पनि लापरबाही नगर्नुहोस्, किनकि तपाईंले यसका लागि धेरै त्याग र खर्च गर्नुभएको छ। यस्तो नहोस् कि तपाईंको अज्ञानताका कारण सबै प्रयास खेर जाओस्। आजको समयमा हजका कुराहरू सिक्न र बुझ्न धेरै सरल र सहज छ, त्यसैले अज्ञानताको बहाना चल्दैन। नबी (सल्लल्लाहु अलैहि वसल्लम) को हदीस छ: "आफ्ना हजका विधिहरू (मनासिक) मबाट सिक।"

४- हे हजयात्रीहरू, यो कुरा जान्नुहोस् कि हज पापहरू क्षमा गराउने एउटा सुनौलो अवसर हो। नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ: "जसले हज गर्‍यो र त्यस क्रममा कुनै अश्लील कुरा गरेन र कुनै पनि पाप गरेन भने, ऊ त्यसरी नै (पापमुक्त भएर) फर्कन्छ जस्तो उसकी आमाले उसलाई जन्म दिएको दिन ऊ थियो।" अर्थात्, उसका पापहरू क्षमा हुन्छन् र ऊ जन्मिएको दिन जस्तै पवित्र भएर फर्कन्छ। त्यसैले, यस अवसरको उचित सदुपयोग गर्नुहोस् र सबै प्रकारका उल्लंघनहरूबाट बच्नुहोस्; कसलाई थाहा, सायद तपाईं यहाँ पुनः कहिल्यै फर्कन पाउनुहुने छैन। यी उल्लंघनहरूमा हजको समयमा व्यर्थका कुराहरू, अश्लीलता, पाप कर्म, अनावश्यक तर्क-वितर्क, झगडा, व्यवहारमा कठोरता, धुम्रपान, समयको बर्बादी र हजका विधिहरू (मनासिक) पालना गर्नमा

लापरवाही गर्नु समावेश छन्। यसबाहेक, ती व्यक्तिहरू त झन् ठुलो अपराध र सजायका भागीदार बन्दछन्, जो यस पवित्र स्थानमा चोरी, पाकेटमारी, तोडफोड, दङ्गा-फसाद, प्रदर्शन, हुलदङ्गा वा राजनीतिक नाराबाजी जस्ता कुकृत्यहरू गर्न आउँछन्।

५- हे हजयात्रीहरू, यो जान्नुहोस् कि तपाईँले हरेक समय अल्लाहको निगरानीमा रहेको महसुस गर्नु अनिवार्य छ। किनकि एहराम लगाउने सबै व्यक्ति हजयात्री हुँदैनन् र हज गर्ने सबैको हज स्वीकार (मबुर) हुँदैन। तपाईँलाई कसरी थाहा भयो कि तपाईँ हज स्वीकृत भएकाहरूमा पर्नुहुनेछ? यसको निर्णय नबी (सल्लल्लाहु अलैहि वसल्लम) को हजको विधिलाई अनुशरण गरेर हुन्छ, जसरी उहाँका सम्मानित साथीहरूले वर्णन गरेका छन्। साथै, बिदअत (धर्मको नाममा गरिने अप्रमाणित कुरा), खराब कार्य र उल्लंघनहरूबाट टाढा रहेर मात्रै हजको उचित पालना र स्वीकारोक्तिको आशा गर्न सकिन्छ, जुन तपाईँको कर्तव्य पनि हो।

६- हे हजयात्रीहरू, तपाईँ मक्का मुकर्रमा जस्तो सम्मानित स्थानमा हुनुहुन्छ जहाँ सबै समान छन्। त्यसैले, कुनै पनि मुस्लिम माथि घमण्ड गर्ने वा आफूलाई उच्च ठान्ने गल्ती नगर्नुहोस्। हदीसमा भनिएको छ: "कुनै अरबी र गैर-अरबी बीच, वा कुनै काले र गोरो बीच 'तक्वा' (धर्मपरायणता) बाहेक अरू कुनै आधारमा भिन्नता छैन।"

७. हे हजयात्रीहरू, तपाईंहरू आफ्नो घरबाट अल्लाहको प्राचीन घर (बैतुल्लाह) र आफ्नो देशबाट पवित्र स्थलहरूतर्फ प्रस्थान गर्नुभएको छ। अतः अत्यन्त सजग रहनुहोस्, ताकि तपाईंको हजलाई प्रभावित पार्ने वा तपाईंको परिश्रम र पुण्य (सवाब) लाई निष्फल बनाउने कुनै पनि गल्ती नहोस्।

हे अल्लाहका भक्तहरू, दयावान् अल्लाहले भक्तहरूलाई कृपा र क्षमा प्रदान गर्नका निम्ति केही दिनहरूलाई विशेष एवं श्रेष्ठ बनाउनुभएको छ। तपाईंहरू यतिबेला वर्षकै सबैभन्दा महान् भलाई र कृपा प्राप्तिको समयमा हुनुहुन्छ; त्यसैले यस अवसरको पूर्ण सदुपयोग गर्दै उपासना, आज्ञाकारिता र अल्लाहको सामीप्य प्राप्त गर्नमा तल्लीन रहनुहोस्। "लब्बैक अल्लाहुम्म लब्बैक। लब्बैक ला शरीक लक लब्बैक। इन्नल हम्द वन-नेमत लक। वल-मुल्क ला शरीक लक"।

हे अल्लाहका भक्तहरू, अल्लाहले हामी सबैलाई आफ्नो कृपा र अनुग्रहद्वारा कुरआन र सुन्नतको मार्गदर्शनबाट लाभ पुऱ्याउन। मैले जे भनें, तपाईंहरूले सुन्नुभयो; म आफ्नो र तपाईंहरू सबैको तर्फबाट अल्लाहसँग क्षमा याचना गर्दछु। उहाँसँग क्षमा माग्नुहोस्, निश्चय नै उहाँ अत्यन्त क्षमाशील र दयालु हुनुहुन्छ।

# दोस्रो प्रवचन

सबै प्रशंसा अल्लाहका लागि हुन्, जो सारा ब्रह्माण्डका पालनकर्ता हुनुहुन्छ। शुभ परिणाम धर्मपरायणहरूका लागि नै निश्चित छ र अन्याय गर्नेहरू बाहेक अरू कसैप्रति शत्रुता राखिँदैन। म साक्षी दिन्छु कि अल्लाह बाहेक कोही सत्य उपास्य छैन, उहाँ नै संयमीहरूको संरक्षक हुनुहुन्छ। म यो पनि गवाही दिन्छु कि मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहका भक्त एवं अन्तिम सन्देशवाहक हुनुहुन्छ। उहाँमाथि, उहाँको परिवार र प्रलयको दिनसम्म उहाँको मार्ग अवलम्बन गर्नेहरूमाथि अल्लाहको कृपा र शान्ति वर्षिरहोस्। तत्पश्चात्:

हज इस्लामको एक महान् स्वरूप हो, जसले विश्वका मुस्लिमहरूलाई एकताको सूत्रमा आबद्ध गर्दछ। यो एक उच्च आध्यात्मिक यात्रा हो, जसले परलोकको स्मरण गराउँछ। यो इस्लामको यस्तो महत्त्वपूर्ण स्तम्भ हो, जसले अन्य स्तम्भहरूलाई पूर्णता प्रदान गर्दछ। अतः जसले यो अवसर प्राप्त भयो, उसले अल्लाहप्रति कृतज्ञता व्यक्त गरोस्; र जसले हज गर्ने अवसर पाएन, उसले महान् अल्लाहसँग प्रार्थना गरोस् कि उहाँले हृदयहरूको गन्तव्य - मक्का मुकर्रमा- र पवित्र स्थलहरूको यात्रा सहज गरी दिउन। हे अल्लाह! हाम्रो यो प्रार्थना स्वीकार गर्नुहोस्।

हे अल्लाहका भक्तहरू! सर्वज्ञानी अल्लाहको आदेशानुसार उपहारस्वरूप प्राप्त वरदान र कृपाका प्रतीक, सन्देशवाहकहरूका अगुवा मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) माथि दुरूद (आशीर्वाद) पठाउनुहोस्। अल्लाहले भन्नुभएको छ:

﴿ إِنَّ ٱللَّهَ وَمَلَٰٓئِكَتَهُۥ يُصَلُّونَ عَلَى ٱلنَّبِيِّۚ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ صَلُّواْ عَلَيۡهِ وَسَلِّمُواْ تَسۡلِيمًا ﴾

"अल्लाह एवं उनका फरिश्ताहरू नबीमाथि दरूद पठाउने गर्छन् । अतः हे आस्थावानहरू हो ! तिमीहरू पनि उनीमाथि 'दरूद' तथा सलाम पठाउने गर ।"

हे अल्लाह! सत्य र न्यायका साथ शासन गर्ने ती मार्गदर्शित खलिफाहरू तथा धर्मनिष्ठ शासकहरूसँग प्रसन्न हुनुहोस्। हे सम्पूर्ण संसारका पालनकर्ता! हे अत्यन्त कृपालु! कियामतको दिनसम्म निष्ठापूर्वक उनीहरूको अनुसरण गर्नेहरूसँग र हामी सबैसँग पनि आफ्नो क्षमा, कृपा र उदारताद्वारा प्रसन्न हुनुहोस्।

हे अल्लाह! इस्लाम र मुस्लिमहरूको सम्मान बढाउनुहोस्, अविश्वासी र अधर्मलाई अपमानित गर्नुहोस् र आफ्ना एकेश्वरवादी भक्तहरूको मद्दत गर्नुहोस्। हे विश्वका पालनकर्ता! सम्पूर्ण इस्लामिक राष्ट्रहरूमा सुख, शान्ति र समृद्धि कायम गर्नुहोस्। हे अल्लाह! मुस्लिम शासकहरूलाई तपाईँको शरिया र नबी मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को सुन्नत लागू गर्ने सामर्थ्य प्रदान गर्नुहोस्; उनीहरूको हृदयलाई जोड्नुहोस्, उनीहरूलाई आफ्ना प्रजाहरू प्रति दयालु बनाउनुहोस् र तपाईँलाई मन पर्ने सत्कर्महरू गर्ने सामर्थ्य दिनुहोस्।

हे अल्लाह! हाम्रो लागि उत्तम कुराको छनौट गर्नुहोस्र हामीलाई सही निर्णय लिने शक्ति दिनुहोस्; हामीलाई कहिल्यै पनि हाम्रै सहारामा एक्लो नछोड्नुहोस्। हामीलाई मार्गदर्शन गर्नुहोस्, सही मार्गको अनुसरण सरल गरिदिनुहोस् र तपाईँको जिक्र, कृतज्ञता एवं उत्तम उपासना गर्न सामर्थ्य प्रदान गर्नुहोस्। हे परम दयालु! हामीलाई धर्म र संसारको ज्ञान प्रदान गर्नुहोस्, समस्त मुस्लिमहरूको अवस्थामा सुधार ल्याउनुहोस् र मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को उम्मतको आवश्यकता पूरा गर्दै उनीहरूको अन्त्य सुखद बनाउनुहोस्।

हे अल्लाह! हाजीहरूको हज, उमराह गर्नेहरूको उमराह र उपासकहरूको उपासना स्वीकार गर्नुहोस्। हे अन्तर आत्मा को कुरा जान्ने प्रभु! यस हजलाई 'हज मबरुर', प्रशंसनीय प्रयत्न र कहिल्यै घाटा नहुने व्यापारका रूपमा स्वीकार गर्दै हाम्रा पापहरू क्षमा गरिदिनुहोस्।

हे अल्लाहका भक्तहरू! निश्चय नै अल्लाह न्याय, परोपकार र नातेदारहरूलाई सहयोग गर्ने आदेश दिनुहुन्छ र अश्लीलता, दुष्कर्म एवं अन्यायबाट रोक्नुहुन्छ। उहाँले तिमीहरूलाई सचेत गराउनुहुन्छ ताकि तिमीहरूले शिक्षा प्राप्त गर। अतः महान् र गौरवशाली अल्लाहको स्मरण गर, उहाँले तिमीहरूलाई स्मरण गर्नुहुनेछ; उहाँका वरदानहरूका प्रति कृतज्ञता व्यक्त गर, उहाँले तिमीहरूलाई अझ बढी प्रदान गर्नुहुनेछ। वास्तवमा अल्लाहको स्मरण नै सबैभन्दा ठूलो कार्य हो र तिमीहरूले गर्ने प्रत्येक कार्यको ज्ञान अल्लाहलाई छ।

# नबी (सल्लल्लाहु अलैहि वसल्लम) को हज गर्ने तरिका

## पहिलो प्रवचन

समस्त प्रशंसा अल्लाहकै लागि हो, जो सम्पूर्ण संसारका पालनकर्ता हुनुहुन्छ। उहाँले मानवलाई आफ्ना सृष्टिहरूमध्ये सबैभन्दा उत्कृष्ट बनाउनुभयो, मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) लाई आफ्ना नबीहरूमध्ये अन्तिम र रसूलहरूमध्ये सबैभन्दा श्रेष्ठ बनाउनुभयो, र इस्लामलाई सबैभन्दा पूर्ण धर्म तथा सबैभन्दा व्यापक र सहज जीवन-पद्धति बनाउनुभयो। जसले हामीलाई मार्गदर्शन गर्नुभयो, सत्यको मार्ग देखाउनुभयो, हाम्रा आवश्यकताहरू पूरा गर्नुभयो, आश्रय दिनुभयो र प्रत्येक खराब, दुःखद एवं कष्टकर परिस्थितिबाट रक्षा गर्नुभयो। सबै प्रशंसा अल्लाहकै लागि हो, जसले आफ्ना भक्तहरूलाई सम्मान र दुष्टहरूलाई अपमानित गर्नुहुन्छ। सबै प्रशंसा अल्लाहकै लागि हो, जो आफ्ना सृष्टिहरूको संरक्षण, निर्धारण, व्यवस्थापन गर्नुहुन्छ र सामर्थ्य रसहजता प्रदान गर्नुहुन्छ।

म गवाही दिन्छु कि अल्लाहबाहेक कुनै सत्य उपास्य छैन, उहाँ एक्लै हुनुहुन्छ, उहाँको कुनै साझेदार छैन। उहाँ सर्वशक्तिमान् स्वामी हुनुहुन्छ, निरपेक्ष रूपले सबैलाई प्रदान गर्नुहुन्छ, आफ्नो कृपाले क्षमा गर्नुहुन्छ र दयाले सहजता प्रदान गर्नुहुन्छ। उहाँ पवित्र हुनुहुन्छ। र म गवाही दिन्छु कि मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) उहाँका भक्त र रसूल हुनुहुन्छ, उहाँ अगुवा हुनुहुन्छ, चयनित महान् नबी हुनुहुन्छ, नमाज पढ्नेहरू र रोजा राख्नेहरूमध्ये सबैभन्दा उत्कृष्ट हुनुहुन्छ र उहाँले अल्लाहको आदेशअनुसार आफ्नो कर्तव्य पूर्णरूपले पूरा गर्नुभयो।

अल्लाहको दया र शान्ति उहाँमाथि, उहाँका परिवार, सहाबा र कियामतको दिनसम्म उहाँका अनुयायीहरूमाथि रहोस्।

अल्लाहको यस वचन अनुसार, म आफू र सम्पूर्ण दाजुभाइहरूलाई सधैं अल्लाहको तक्वा (ईश्वरभय र आज्ञापालन) अवलम्बन गर्न आग्रह गर्दछु:

﴿ وَٱتَّقُوا۟ ٱللَّهَ ۚ إِنَّ ٱللَّهَ خَبِيرٌۢ بِمَا تَعْمَلُونَ ﴿٨﴾ ﴾

"अल्लाहसँग डराऊ; निश्चय नै अल्लाह तिमीहरूले गर्ने सम्पूर्ण कार्यहरूका बारेमा पूर्ण जानकार हुनुहुन्छ।"

हे अल्लाहका भक्तहरू! हरेक वर्ष यिनै दिनहरूमा हाजीहरू हजको पहिलो दिन—यौमुत-तरवियह—मा मिनातर्फ जाने तयारी गर्छन्। पृथ्वीका विभिन्न भागहरूबाट आएका लाखौँ हाजीहरू हजका कर्महरू पूरा गर्ने उद्देश्यले एकत्रित हुन्छन्। त्यसैले हाम्रो लागि उचित कुरा यो हो कि हामी मानवजातिका अगुवा, हाम्रा नबी मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) ले कसरी हज गर्नुभयो भन्ने कुरा जानौँ, ताकि हामी उहाँको अनुसरण गर्न सकौँ, उहाँलाई आदर्श बनाऔँ, उहाँको मार्गमा हिँडौँ, उहाँको तरिका अपनाऔँ, र हजका विधिहरूलाई सही रूपमा सिकौँ।

हिजरी संवत् १० मा, अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) मदिनाबाट मक्काको 'बैतुल अतीक' (काबा) तर्फ हज्जको उद्देश्यले निस्कनुभयो। उहाँको हज्ज 'किरान' (हज्ज र उमराह सँगै) थियो। उहाँ आफ्नो ऊँटनी 'कसवा' मा सवार हुनुभयो। जब उहाँ 'बैदा' भन्ने स्थानमा पुग्नुभयो र त्यहाँ चारैतिर नजर पुग्ने सम्म मानिसहरूको भीडै भीड देखियो, त्यहाँ उहाँले तौहीद (एकेश्वरवाद) को तलबिया (हजको विशेष प्रार्थना) उच्चारण गर्नुभयो:

"लब्बैक अल्लाहूम्मा लब्बैक! लब्बैक ला शरीका लका लब्बैक। इन्नल हम्दा वन्निअमता लका वल्मुल्क, ला शरीका लक" (हे अल्लाह, म हाजिर छु! तपाईको कोही साझेदार छैन, म हाजिर छु। सबै प्रशंसा तपाईकै निम्ति हो, सम्पूर्ण वरदान तपाईले नै प्रदान गर्नु हुन्छ र पुर्ण अधिराज्य तपाईकै हो, तपाईँको कोही साझेदार छैन)।

जब उहाँ काबा पुग्नुभयो, 'हजरे अस्वत' लाई छुनुभयो, तीन पटक छिटो पाइला (रमल) चालेर र चार पटक सामान्य रूपमा हिँडेर तवाफ (काबाको परिक्रमा) पुरा गर्नुभयो। त्यसपछि 'मकामे इब्राहिम' निर उभेर यो आयत पढ्नुभयो:

﴿ وَٱتَّخِذُواْ مِن مَّقَامِ إِبۡرَٰهِـۧمَ مُصَلّٗىۖ ﴾

"मकामे इब्राहिमलाई नमाज पढ्ने ठाउँ बनाऊ।"

उहाँले मकाममलाई आफ्नो र काबाको बीचमा राखेर दुई रकअत नमाज पढ्नुभयो, जसमा 'कुल हुवल्लाहु अहद' र 'कुल या अय्युहल काफिरुन' पढ्नुभयो।

त्यसपछि पुनः हजरे अस्वदतर्फ फर्केर उहाँले त्यसलाई इस्तिलाम गर्नुभयो। तत्पश्चात् सफातर्फ प्रस्थान गर्नुभयो। सफा पहाडको नजिक पुगेपछि उहाँले यो आयत पाठ गर्नुभयो:

﴿ ۞ إِنَّ ٱلصَّفَا وَٱلۡمَرۡوَةَ مِن شَعَآئِرِ ٱللَّهِۖ ﴾

र भन्नुभयो: "अब्दउ बिमा बदअल्लाहु बिहि" (अर्थात्: "अल्लाहले जहाँबाट सुरु गर्नुभएको छ, म पनि त्यहीँबाट सुरु गर्दछु")। त्यसपछि उहाँ सफामा चढ्नु

भयो। त्यहाँबाट काबा देखेपछि किब्लातर्फ फर्केर अल्लाहको तौहिद र महानताको घोषणा गर्दै यो शब्दहरू भन्नुभयो:

“ला इलाहा इल्लल्लाहु वह्दहु ला शरीक लह, लहुल-मुल्कु वलहुल-हम्दु वहुवा अला कुल्लि शैइन् कदीर। ला इलाहा इल्लल्लाहु वह्दह, अन्जजा वअ्दह, वनसरा अब्दह, वहजमल-अहजाब वह्दह।”

(अर्थात्: "अल्लाहबाहेक कोही पनि सच्चा उपास्य छैन, उहाँ अद्वितीय हुनुहुन्छ र उहाँको कोही साझेदार छैन। समस्त ब्रह्माण्डको स्वामित्व उहाँकै हो र सम्पूर्ण प्रशंसा उहाँकै लागि हो, अनि उहाँ हर कुरामाथि सर्वशक्तिमान हुनुहुन्छ। अल्लाहबाहेक कोही सच्चा उपास्य छैन, उहाँ एक्लो हुनुहुन्छ; उहाँले आफ्नो बाचा पूरा गर्नुभयो, आफ्नो भक्तलाई सहायता प्रदान गर्नुभयो, र एक्लैले सम्पूर्ण विरोधी शक्तिहरूलाई पराजित गर्नुभयो।")

त्यसपछि उहाँले प्रार्थना (दुआ) गर्नुभयो र यिनै शब्दहरूलाई तीन पटक दोहोऱ्याउनुभयो। तत्पश्चात् मरवातर्फ ओर्लनुभयो। जब उहाँ सफामर्वको बीच स्थानमा पुग्नुभयो, उहाँ छिटो हिँड्नुभयो (सई गर्नुभयो) र जब चड्न थाल्नुभयो सामान्य गतिमा हिँड्नुभयो। मरवा पुगेपछि उहाँले सफामा गरे बमोजिम नै कार्यहरू गर्नुभयो।

जब मरवामा अन्तिम चक्कर समाप्त भयो, उहाँले भन्नुभयो: “यदि मलाई यो कुरा पहिले नै बोध भएको भए, म साथमा हदी (वध गरिने जनावर) ल्याउने थिइनँ र यसलाई उमरामा परिणत गर्ने थिएँ। अतः तिमीहरूमध्ये जससँग हदी छैन, उसले इहराम खोली यसलाई उमरा बनाओस्।” सुराका बिन मालिकले सोधे: "हे अल्लाहका रसूल! के  यो यस वर्षको लागि मात्र हो कि सधैंको लागि?" उहाँले आफ्ना औंलाहरू एकअर्कामा उनेर भन्नुभयो: "उमराह हज्जमा प्रवेश गर्यो (दुई पटक), होइन, यो सधैंको लागि हो।"

जब यौमुत-तरवियह (८ जुल-हिज्जा) आयो, मानिसहरू मिनातर्फ लागे र हजको इहराम बाँधे। रसूल (सल्लल्लाहु अलैहि वसल्लम) पनि सवार हुनुभयो र मिनामा जुहर, असर, मगरिब, इशा र फज्र—हरेक नमाज आफ्नै समयमा 'कसर' (छोट्याएर) गर्दै पढ्नुभयो। हजगर्ने मक्कावासीहरू पनि अरू मानिससरह नै गरिरहेका थिए। त्यसपछि रसूल (सल्लल्लाहु अलैहि वसल्लम) केहीबेर सूर्य नउदाएसम्म पर्खनुभयो ।

उहाँका लागि नमिरहमा पाल टाँग्न आदेश दिइयो। त्यसपछि उहाँ अरफाततर्फ प्रस्थान गर्नुभयो। नमिरहमा पाल तयार भइसकेको पाएपछि उहाँ त्यहीँ बस्नुभयो। सूर्य ढल्केपछि (जवाल भएपछि) उहाँले 'कस्वा' (ऊँटनी) तयार पार्न आदेश दिनुभयो र 'बत्नु-ल-वाडी' (उरना) पुगेर मानिसहरूलाई खुत्बा गर्दै भन्नुभयो:

तिमीहरूका लागि एक-अर्काको रगत (ज्यान) र सम्पत्ति त्यसरी नै सधैँका लागि हराम (निषेधित र सम्मानित) छन् जसरी आजको यो दिन, यो पवित्र महिना र यो सहर (मक्का) महनीय र सम्मानित छ । सुन! अज्ञानताको काल (जाहिलियत) का सम्पूर्ण कुप्रथाहरू आजदेखि मेरा खुट्टामुनि कुल्चिएर समाप्त गरिएका छन्। जाहिलियत कालका सम्पूर्ण प्रतिशोध र रक्तपातका सिलसिलाहरू पनि अन्त्य गरिएका छन्; र मैले अन्त्य गर्ने पहिलो रगत रबीअह बिन हारिसका छोराको हो—जसलाई बनू सअदमा स्तनपान गराइँदै गर्दा हुजैलले हत्या गरेको थियो। त्यसै गरी, जाहिलियत कालका सम्पूर्ण ब्याज (सूद) हरू पनि खारेज गरिएका छन्; र म सर्वप्रथम आफ्ना काका अब्बास बिन अब्दुल मुत्तलिबको ब्याज खारेज गर्दछु—आजदेखि सबै ब्याज पूर्ण रूपमा समाप्त भएका छन्।

महिलाहरूको अधिकारका बारेमा अल्लाहसँग डराउ। तिमीहरूले उनीहरूलाई अल्लाहको अमानत (धरोहर)को रूपमा स्वीकार गरेका हौ र अल्लाहकै वचनद्वारा उनीहरूलाई आफ्नो जीवनसाथी (वैध) बनाएका हौ।

उनीहरूमाथि तिमीहरूको यो अधिकार छ कि उनीहरूले तिमीहरूलाई मन नपर्ने कुनै पनि व्यक्तिलाई तिमीहरूको ओछ्यान वा घरमा प्रवेश गर्न नदिऊन्। यदि उनीहरूबाट यस्तो गल्ती भएमा, तिनीहरूलाई पीडा नहुने गरी सामान्य सजाय दिन सक्छौ। बदलामा, उनीहरूलाई उचित रूपमा खानपान र वस्त्रको व्यवस्था गर्नु तिमीहरूको अनिवार्य दायित्व हो।

मैले तिमीहरूका बीचमा यस्तो कुरा छोडेर जाँदै छु, जसलाई तिमीहरूले दृढतापूर्वक अनुसरण गर्यौ भने कहिल्यै पनि मार्गविचलित हुनेछैनौ—त्यो हो 'अल्लाहको किताब' (कुरआन)। अनि (कयामतको दिन) तिमीहरूलाई मेरा बारेमा सोधिने छ, तब तिमीहरूले के जवाफ दिनेछौ?”

उपस्थित मानिसहरूले भने, "हामी गवाही दिन्छौँ कि तपाईंले सन्देश पुऱ्याउनुभयो, आफ्नो जिम्मेवारी पूरा गर्नुभयो र भलाइ र कल्याण गर्नुभयो।" त्यसपछि उहाँले आफ्नो चोर औँला आकाशतर्फ उठाउँदै र मानिसहरूतर्फ देखाउँदै तीन पटक भन्नुभयो, "हे अल्लाह! गवाह रहनुहोस्; हे अल्लाह! गवाह रहनुहोस्।"

तत्पश्चात् अजान र इकामतपछि जोहरको नमाज पढाउनु भयो। पुनः इकामत गरी असरको नमाज पनि पढाउनु भयो र यी दुबै नमाजको बीचमा कुनै पनि अर्को नमाज पढ्नुभएन। त्यसपछि उहाँ अराफातको मैदानमा आफ्नो उभिने स्थानमा जानुभयो। उहाँले आफ्नो ऊँटनीको पेटलाई चट्टानतर्फ र पैदल यात्रीहरूको समूहलाई अगाडि पारी किब्लातर्फ फर्केर सूर्य अस्ताउन्जेल (प्रार्थना गर्दै) उभिइरहनुभयो। पहेंलोपन केही हटेपछि र सूर्य पूर्ण रूपमा अस्ताएपछि, उहाँले उसामा बिन जैदलाई आफ्नो पछाडि बसाल्नुभयो र मुजदलिफातर्फ लाग्नुभयो।

प्रस्थानका क्रममा उहाँले 'कस्वा' (ऊँटनी) को लगाम यति बलियो गरी तान्नुभएको थियो कि ऊँटनीको टाउको काठीमा छोइरहेको थियो। उहाँ आफ्नो

दाहिने हातले संकेत गर्दै भन्नुहुन्थ्यो, "हे मानिसहरू! शान्त रहनुहोस्, धैर्य धारण गर्नुहोस्।" बाटोमा उकालो आउँदा ऊँटलाई सहज होस् भनी उहाँ लगाम केही खुकुलो पार्नुहुन्थ्यो।

मुजदलिफा पुगेपछि उहाँले एक अजान र दुई इकामतका साथ मग़रिब र इशाको नमाज सँगै पढ्नुभयो र त्यसको बीचमा कुनै अर्को नमाज पढ्नुभएन। त्यसपछि उहाँ आराम गर्न सुत्नुभयो। जब बिहान भयो, उहाँले अजान र इकामतसहित फज्र पढ्नुभयो। त्यसपछि 'कस्वा' (ऊँटनी) मा सवार भई मशअरुल-हराम पुगेर किब्लातर्फ फर्किएर दुआ, तक्बीर, तहलील र तौहीदका शब्दहरू पढ्दै  बस्नुभयो । उज्यालो नहुन्जेल उहाँ त्यहीँ रहनुभयो।

सूर्योदय हुनुभन्दा पूर्व नै उहाँ त्यहाँबाट प्रस्थान गर्नुभयो र फज़्ल बिन अब्बासलाई आफ्नो पछाडि सवार गराउनुभयो। मुहस्सिर उपत्यकामा पुगेपछि केही छिटो हिँड्नुभयो र बीचको मार्ग हुँदै जमरातुल-अकबातर्फ लाग्नुभयो। त्यहाँ पुगेर उहाँले सातवटा साना कंकडहरू प्रहार गर्नुभयो र प्रत्येक पटक ढुंगा प्रहार गर्दा "अल्लाहु अकबर" भन्नुभयो।

त्यसपछि उहाँ कुर्बानी स्थलतर्फ लाग्नुभयो र आफ्नै हातले त्रिसट्ठीवटा ऊँट कुर्बानी गर्नुभयो। बाँकी रहेका ऊँटहरू अली (रजि.) लाई सुम्पिनुभयो र उहाँलाई आफ्नो 'हदी' (हजमा वध गरिने पशु ) मा सहभागी बनाउनुभयो। त्यसपछि प्रत्येक ऊँटको मासुबाट केही मासु निकाल्न आदेश दिनुभयो; ती सबैलाई एउटै भाँडोमा पकाइयो र उहाँहरू दुबै जानाले मासु खानुका साथै त्यसको झोल पिउनुभयो।

तत्पश्चात् रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले मक्का प्रस्थान गरी 'तवाफे इफादा' सम्पन्न गर्नुभयो। उहाँले मक्कामा जोहरको नमाज पढ्नुभयो र जमजमको पानी पिलाइरहेका बनू अब्दुल मुत्तलिबका सन्तानहरूकहाँ पुगेर भन्नुभयो: "हे बनू अब्दुल मुत्तलिब! पानी निकाल्ने कार्य जारी राख। यदि मलाई

मानिसहरूले तिमीहरूको यस सेवाको अधिकार खोस्ने डर नभएको भए, म आफैँ पनि तिमीहरूसँगै उभिएर पानी निकाल्ने थिएँ।" त्यसपछि उनीहरूले उहाँलाई भडामा पानी दिए र उहाँले त्यसबाट पिउनु भयो। त्यसपछि उहाँ पुनः मिनातर्फ फर्कनुभयो र त्यहाँ तीन दिन बस्नुभयो। उहाँले हरेक दिन सूर्य ढल्केपछि (जवालपछि) जमरातमा कंकड प्रहार गर्नुभयो।"

हे अल्लाहका भक्तहरू!

हाम्रा महान् रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले यसरी नै हज सम्पन्न गर्नुभएको थियो। उहाँको भनाइ छ: "तिमीहरूले आफ्ना हजका विधिहरू मबाट सिक।"

पवित्र स्थलहरूका विशाल मैदानहरूमा हज यात्रीहरूले आफ्नो समय अल्लाहको जिक्र (स्मरण), तस्बीह (सुब्हानल्लाह), तहमीद (अल्हम्दुलिल्लाह), तहलील ("ला इलाहा इल्लल्लाह" को जप), इस्तिगफार (क्षमायाचना), कुरआनको तिलावत तथा अल्लाहसमक्ष दुआ (प्रार्थना) गर्नमा सदुपयोग गर्नु पर्दछ। यी त केवल केही सीमित र गन्ती गरिएका दिनहरू मात्र हुन्, जसबारे महान् अल्लाह ले भन्नभएको छः

﴿ وَٱذۡكُرُواْ ٱللَّهَ فِيٓ أَيَّامٖ مَّعۡدُودَٰتٖۚ ﴾

"र गन्ती गरिएका दिनहरूमा अल्लाहलाई स्मरण गर।"

त्यसैले, हे हज यात्री दाजुभाइहरू! तपाईंहरू जुन महान् उद्देश्यका लागि यहाँ आउनुभएको छ, र जसको सामु उपस्थित हुनभएको छ—अर्थात् अत्यन्त उच्च र महान् अल्लाह—उहाँ बाहेक अन्य व्यर्थका कुराहरूमा आफूलाई नअल्झाउनुहोस्। आफ्नो समयलाई इबादत, जिक्र र दुआमा खर्च गर्नुहोस्; किनकि यही नै हजको वास्तविक उद्देश्य र महान् सार हो।

अल्लाहका भक्तहरू! अल्लाहले मलाई र तपाईंहरूलाई आफ्नो कृपाद्वारा कुरआन र सुन्नतको मार्गदर्शनबाट लाभान्वित गरून्। म आफ्नो तथा तपाईंहरू सबैका लागि अल्लाहसँग क्षमायाचना गर्दछु। तपाईंहरू पनि उहाँसँग क्षमा माग्नुहोस्; निश्चय नै उहाँ अत्यन्त क्षमाशील र परम दयालु हुनुहुन्छ।

# दोस्रो प्रवचन

सबै प्रशंसा अल्लाहका लागि हुन्, जो सबै ब्रह्माण्डका पालनकर्ता हुनुहुन्छ, सधैं प्रशंसाका योग्य र सदैव कृतज्ञताका हकदार उहाँनै हुनुहुन्छ। यसपश्चात्:

हे मेरा मुस्लिम भाइहरू, यो जान्नुहोस् कि ईद (उल-अजहा) को दिनका कार्यहरू चारवटा छन्: (कन्कर प्रहार गर्नु, कूरबानी गर्नु, कपाल खौरिनु र तवाफ गर्नु)। कूरबानी दुई प्रकारका हुन्छन्: एउटा हजको 'नुसुक' (हद्य) र अर्को हाजी तथा अन्य व्यक्तिहरूले गर्ने 'उधिया' (बलि)। यस कूरबानीका केही सर्त र सुन्नतहरू छन्, जसमध्ये सर्तहरू निम्नानुसार छन्:

१- यो घरपालुवा चौपायाहरू जस्तै: ऊँट, गाई वा भेडा/बाख्रा मध्येको हुनुपर्दछ।

२- यसले शरियतद्वारा निर्धारित उमेर पूरा गरेको हुनुपर्दछ, जुन यस प्रकार छ: ऊँट ५ वर्ष पूरा भएको, गाई २ वर्ष पूरा भएको, बाख्रा १ वर्ष पूरा भएको र भेँडा ६ महिना पूरा भएको।

३- यो ती दोषहरूबाट मुक्त हुनुपर्दछ जसले कुर्बानीलाई अमान्य तुल्याउँछ, जस्तै: लङ्गडो, काणो, अन्धो, बिरामी, धेरै दुब्लो र कमजोर, वा कान काटिएको वा प्वाल परेको।

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ: "त्यस्तो लङ्गडो जनावरको कूरबानी नगर्नु जसको लङ्गडोपन स्पष्ट छ, न त स्पष्ट कानो भएको, न त स्पष्ट बिरामी भएको र न त यस्तो दुब्लो जसमा मासु र स्वस्थनै छैन।" अर्को वर्णनमा "हड्डी भाँचिएको र मासु नभएको" भनिएको छ। अर्को एउटा वर्णनमा छ: "अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले यस्ता जनावरहरूको कूरबानी गर्न निषेध गर्नुभएको छ: जसको कान फेदबाटै काटिएको छ, जसको सिङ

फेदबाटै उखेलिएको छ, जसको आँखा फुटीएको (अन्धो) छ, जुन दुब्लो वा कमजोरीले गर्दा बथानको पछि लाग्न सक्दैन र जसको हड्डी भाँचिएको छ वा हड्डीमा मज्जा छैन।"

अली (रजि.) बाट वर्णित छ, उहाँले भन्नुभयो: "अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले हामीलाई आँखा र कान राम्ररी जाँच्न (अर्थात् ती पूर्ण रूपमा स्वस्थ भएको सुनिश्चित गर्न) आदेश दिनुभयो र हामीलाई कानी (एउटा आँखा नदेख्ने), 'मुकाबला', 'मुदाबरा', 'खर्का' र 'शर्का' पशुको कुर्बानी नगर्न निर्देशन दिनुभयो।" [सुनन]। 'मुकाबला' भन्नाले जसको कानको अघिल्लो भाग काटिएको छ, 'मुदाबरा' जसको कानको पछिल्लो भाग काटिएको छ, 'खर्का' जसको कानमा प्वाल पारिएको छ र 'शर्का' भन्नाले जसको कान चिरिएको छ भन्ने बुझिन्छ। हे कुर्बानी गर्ने दाजुभाइहरू, यी सबै दोष भएका पशुहरू कुर्बानीका लागि मान्य हुँदैनन्, त्यसैले यस्ता पशुहरूलाई कुर्बानीको लागि न रोज्नुहोस् ।

४- कुर्बानी निर्धारित समयमै गरिनुपर्छ, जुन नह्रको दिन (इदको दिन) को नमाजपछि सुरु भएर १३ औँ जिल्हिज्जा (तशरीकको तेस्रो दिन) को सूर्यास्तसम्म रहन्छ। कुर्बानीका सुन्नतहरूमध्ये: कुर्बानी गर्ने व्यक्तिले सम्भव भएसम्म आफैँले पशु वध गर्नु, कुर्बानीको मासुको एक तिहाइ भाग आफैँले खानु, एक तिहाइ उपहार दिनु र बाँकी एक तिहाइ दान (सदका) गर्नु पर्दछ। साथै, यसलाई तीन दिनभित्र खाइनुपर्छ र तीन दिनभन्दा बढी सञ्चय गरेर राख्नु हुँदैन।

कुर्बानी दिउँसो वा राती जुनसुकै समयमा गर्न सकिन्छ, तर दिउँसो गर्नु उत्तम हुन्छ र जति चाँडो गर्यो त्यति नै राम्रो मानिन्छ। मेरा दाजुभाइहरू, यो जानि राख्नुहोस् कि कुर्बानी सन्देशवाहक मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को सुन्नत हो। इब्न उमर (रजि.) भन्नुहुन्छ: "अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले मदिनामा १० वर्षसम्म बसोबास गर्दा प्रत्येक वर्ष कुर्बानी गर्नुभयो।" उहाँले यो पनि भन्नुभयो: "आदमको सन्तानले इदको दिन गर्ने कार्यहरूमध्ये रगत

कुर्बानी गर्नु भन्दा प्रिय कार्य अल्लाहको नजरमा अरू कुनै छैन। प्रलयको दिन त्यो पशु आफ्नो सिङ, खुर र रौँका साथ उपस्थित हुनेछ। रगत भुइँमा खस्नुभन्दा पहिले नै अल्लाहको दरबारमा स्वीकृत भइसकेको हुन्छ, त्यसैले प्रसन्न मनले कुर्बानी गर्नुहोस्।"

त्यसैले मेरा दाजुभाइहरू, यस कार्यलाई नछोड्नुहोस्, किनकि कुर्बानी गर्ने व्यक्तिलाई पशुको प्रत्येक रौं र रगतको प्रत्येक थोपा बराबर एउटा पुण्य प्राप्त हुन्छ।

हे अल्लाहका भक्तहरू! सर्वज्ञानी अल्लाहको आदेशानुसार उपहारस्वरूप प्राप्त वरदान र कृपाका प्रतीक, सन्देशवाहकहरूका अगुवा मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) माथि दुरूद (आशीर्वाद) पठाउनुहोस्। अल्लाहले भन्नुभएको छ:

﴿ إِنَّ ٱللَّهَ وَمَلَٰٓئِكَتَهُۥ يُصَلُّونَ عَلَى ٱلنَّبِيِّۚ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ صَلُّواْ عَلَيۡهِ وَسَلِّمُواْ تَسۡلِيمًا ﴾

"अल्लाह एवं उनका फरिश्ताहरू नबीमाथि दरूद पठाउने गर्छन् । अतः हे आस्थावानहरू हो ! तिमीहरू पनि उनीमाथि 'दरूद' तथा सलाम पठाउने गर ।"

"हे अल्लाह! सत्य र न्यायका साथ शासन गर्ने ती मार्गदर्शित खलिफाहरू तथा धर्मनिष्ठ शासकहरूसँग प्रसन्न हुनुहोस्। हे सम्पूर्ण संसारका पालनकर्ता! हे अत्यन्त कृपालु! कियामतको दिनसम्म निष्ठापूर्वक उनीहरूको अनुसरण गर्नेहरूसँग र हामी सबैसँग पनि आफ्नो क्षमा, कृपा र उदारताद्वारा प्रसन्न हुनुहोस्।

हे अल्लाह! इस्लाम र मुस्लिमहरूको सम्मान बढाउनुहोस्, अविश्वासी र अधर्मलाई अपमानित गर्नुहोस् र आफ्ना एकेश्वरवादी भक्तहरूको मद्दत गर्नुहोस्। हे विश्वका पालनकर्ता! सम्पूर्ण इस्लामिक राष्ट्रहरूमा सुख, शान्ति र समृद्धि कायम गर्नुहोस्। हे अल्लाह! मुस्लिम शासकहरूलाई तपाईंको शरिया र नबी मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को सुन्नत लागू गर्ने सामर्थ्य प्रदान गर्नुहोस्;

उनीहरूको हृदयलाई जोड्नुहोस्, उनीहरूलाई आफ्ना प्रजाहरू प्रति दयालु बनाउनुहोस् र तपाईँलाई मन पर्ने सत्कर्महरू गर्ने सामर्थ्य दिनुहोस्।

हे अल्लाह! हाम्रो लागि उत्तम कुराको छनौट गर्नुहोस्र हामीलाई सही निर्णय लिने शक्ति दिनुहोस्; हामीलाई कहिल्यै पनि हाम्रै सहारामा एक्लो नछोड्नुहोस्। हामीलाई मार्गदर्शन गर्नुहोस्, सही मार्गको अनुसरण सरल गरिदिनुहोस् र तपाईँको जिक्र, कृतज्ञता एवं उत्तम उपासना गर्न सामर्थ्य प्रदान गर्नुहोस्। हे परम दयालु! हामीलाई धर्म र संसारको ज्ञान प्रदान गर्नुहोस्, समस्त मुस्लिमहरूको अवस्थामा सुधार ल्याउनुहोस् र मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को उम्मतको आवश्यकता पूरा गर्दै उनीहरूको अन्त्य सुखद बनाउनुहोस्।

हे अल्लाह! हाजीहरूको हज, उमराह गर्नेहरूको उमराह र उपासकहरूको उपासना स्वीकार गर्नुहोस्। हे अन्तर आत्मा को कुरा जान्ने प्रभु! यस हजलाई 'हज मबरुर', प्रशंसनीय प्रयत्न र कहिल्यै घाटा नहुने व्यापारका रूपमा स्वीकार गर्दै हाम्रा पापहरू क्षमा गरिदिनुहोस्।

हे अल्लाहका भक्तहरू! निश्चय नै अल्लाह न्याय, परोपकार र नातेदारहरूलाई सहयोग गर्ने आदेश दिनुहुन्छ र अश्लीलता, दुष्कर्म एवं अन्यायबाट रोक्नुहुन्छ। उहाँले तिमीहरूलाई सचेत गराउनुहुन्छ ताकि तिमीहरूले ज्ञान प्राप्त गर। अतः महान् र गौरवशाली अल्लाहको स्मरण गर्नुहोस्, उहाँले तिमीहरूलाई सम्झनु हुनेछ; उहाँका वरदानहरूका लागि कृतज्ञता व्यक्त गर्नुहोस्, उहाँले अझ बढी प्रदान गर्नुहुनेछ। वास्तवमा अल्लाहको स्मरण नै सबैभन्दा ठूलो कुरा हो र तपाईँले गर्ने प्रत्येक कार्यको ज्ञान अल्लाहलाई छ।

# अरफाको दिनको महिमा

## पहिलो प्रवचन

सम्पूर्ण प्रशंसा अल्लाहका लागि हुन्, जसले प्रत्येक वस्तुको सृष्टि गरी त्यसलाई उचित मापदण्डमा निर्धारण गर्नुभयो। सम्पूर्ण प्रशंसा अल्लाहका लागि हुन्, जसले इस्लामलाई मानवजातिका लागि सर्वोत्तम विधान र उत्कृष्ट जीवनपद्धति बनाउनुभयो। सम्पूर्ण प्रशंसा अल्लाहका लागि हुन्, जसले इस्लामलाई अन्तिम धर्म र सांसारिक जीवनका लागि सहज मार्ग बनाउनुभयो।

म गवाही दिन्छु कि अल्लाहबाहेक कोही सत्य उपास्य छैन; उहाँ अद्वितीय हुनुहुन्छ र उहाँको कोही साझेदार छैन। उहाँ एकल र निरपेक्ष हुनुहुन्छ, न उहाँले कसैलाई जन्म दिनुभयो, न त उहाँ कसैबाट जन्मिनुभयो, र उहाँको समकक्ष कोही छैन। म यो पनि गवाही दिन्छु कि मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहका भक्त, सन्देशवाहक (रसूल), विशेष मित्र र सृष्टिकै उत्तम छनोट हुनुहुन्छ। उहाँमाथि र प्रलयको दिनसम्म उहाँका अनुयायीहरूमाथि अल्लाहको कृपा र शान्ति रहोस्।

अल्लाहका भक्तहरू! म आफू लगायत तपाईँहरू सबैलाई सदैव अल्लाहको डर राख्न र संयमित हुन उपदेश दिन्छु। अतः, गोप्य र प्रकट दुवै अवस्थामा अल्लाहसँग डराउनुहोस् र आफ्ना हरेक कार्यमा उहाँको निगरानीलाई महसुस गर्नुहोस्, ताकि तपाईँहरूलाई सफलता प्राप्त होस्। अल्लाहले भन्नुभएको छ:

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ ٱتَّقُواْ ٱللَّهَ وَقُولُواْ قَوۡلٗا سَدِيدٗا ﴾

"हे आस्थावानहरू! अल्लाहसँग डराऊ र सधैं सत्य कुरा गर"...

अल्लाहका भक्तहरू! जिलहिज्जाका यी १० दिनहरू यस्ता हुन् जसमा निर्धारित समयभित्र समस्त पुण्य कार्य र उपासनाहरू पूर्ण हुन्छन्। यसैमा इस्लामको पाँचौँ स्तम्भ 'हज' पनि पर्छ, जसको बारेमा रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ: "जसले हज गर्यो र त्यस क्रममा कुनै अश्लील कार्य वा पाप गरेन भने, ऊ (पापबाट यसरी पवित्र भएर) फर्कन्छ मानौँ आजै आमाको कोखबाट जन्मिएको होस्।" तसर्थ, जसलाई हजको अवसर प्राप्त भएको छ र यसअघि हज गरेको छैन भने, उसका लागि यो महान् उपासनाको घडी पवित्र स्थलहरूमा उपस्थित भई आफ्ना पालनकर्ताको सामीप्य प्राप्त गर्ने एक स्वर्णिम अवसर हो, र जसले हज गरिसकेको छ, उसले अल्लाहको प्रशंसा गरोस्; किनकि हज कार्य जीवनमा एक पटक मात्र अनिवार्य छ र आदरणीय रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले पनि आफ्नो जीवनकालमा एक पटक मात्र हज गर्नुभएको थियो।

हजको महिनाको दोस्रो सातादेखि नै भक्तको आफ्नो सृष्टिकर्ता तिर अलौकिक यात्रा आरम्भ हुन्छ। ऊ पवित्र स्थलहरूमा आफ्ना प्रभुको सामीप्य प्राप्त गर्न निस्कन्छ र 'बैतुल-अतीक' (काबा) को 'हतीम' एवं त्यसका आँगनहरूदेखि मिना, मुजदलिफा र अरफाका विशाल मैदानहरूसम्म एक स्थानबाट अर्को स्थानतर्फ भक्तिभावका साथ अघि बढ्छ। यो एउटा यस्तो आस्थापूर्ण यात्रा हो, जहाँ ऊ ती निर्धारित दिनहरूमा ईश्वरीय क्षमा, करुणा, सफलता, सद्बुद्धि र स्थिरताको चाहना राख्दछ। उसको मुखमा निरन्तर केवल यी शब्दहरू हुन्छन्:

“लब्बैक अल्लाहुम्म लब्बैक, लब्बैक ला शरीक लका लब्बैक, इन्नल-हम्द वन-निअ्मता लका वल-मुल्क, ला शरीक लक।”

(हे अल्लाह! म उपस्थित छु, म उपस्थित छु। तपाईंको कोही साझेदार छैन, म उपस्थित छु। निश्चय नै सम्पूर्ण प्रशंसा तपाईंकै निम्ति हो, सम्पूर्ण वरदान

तपाईँलेनै प्रदान गर्नुहुन्छ र सम्पूर्ण साम्राज्य तपाईँकै हो, तपाईँको कोही साझेदार छैन)।

हज शिक्षा र उपदेशको एक अनुपम अवसर हो। यी दृश्यहरू प्रत्येक मुस्लिमको मानमा गहिरो गरी अमिट रहन्छन्। हज गर्न नपाएकाहरूले समेत जब लाखौँको जनसागरलाई एउटै पहिरन र एउटै पुकारका साथ प्रेम, भय र आशा भावका साथ सर्वशक्तिमान अल्लाहको शरणमा परेको देख्छन्, तब उनीहरूको हृदय श्रद्धाले भरिन्छ।

यो आस्थापुर्ण यात्राले मानिसलाई परलोक (आखिरत) को स्मरण गराउँछ। स्वदेश र परिवारसँगको बिछोडदेखि लिएर, पवित्र स्थलहरूको त्यो भीडभाडमा 'कियामत' (महाप्रलय) को मैदानको झल्को देखिँदासम्म यसले मृत्युपछिको जीवनको आभास दिन्छ। सांसारिक वस्त्र त्यागेर सामान्य 'इहराम' धारण गर्नु, एक ठाउँबाट अर्को ठाउँमा भौँतारिनु र भोक, तिर्खा एवं थकानलाई हाँस्तै सहनु— यी सबै केवल पालनकर्तालाई प्रसन्न पार्नका लागि हुन्छ।

त्यसैले, धन्य हुन् ती व्यक्तिहरू, जसको हज अल्लाहको दरबारमा स्वीकृत हुन्छ र जसले मानवजातिका श्रेष्ठ पथप्रदर्शक रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को तरिका अनुरूप हज सम्पन्न गर्छन्। रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ: “तिमीहरूले आफ्ना हजका विधिहरू मबाट सिक।”

हे मुस्लिम दाजुभाइहरू! यी पवित्र दिनहरूमा गरिने उपासनाहरूमध्ये एक हजमा नगएका व्यक्तिहरूका लागि अराफातको दिनको रोजा बस्नु हो, जसको बारेमा अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ: "अराफातको दिनको व्रतले अघिल्लो एक वर्ष र पछिल्लो एक वर्षको पापहरू मेटाउनेछ भन्ने मैले अल्लाहसँग आशा राखेको छु।" यो एक महान् दिन हो जसमा अल्लाहले आफ्ना सम्मानित स्वर्गदूतहरू (मलाइका) का सामु आफ्ना सृष्टिहरूको

प्रशंसा र तिनीहरूप्रति गर्व गर्नुहुन्छ। रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ: "अराफातको दिनभन्दा बढी अल्लाहले मानिसहरूलाई नर्कको आगोबाट मुक्ति दिने अरू कुनै दिन छैन। उहाँ नजिक आउनुहुन्छ र स्वर्गदूतहरूसँग गर्व गर्दै सोध्नुहुन्छ: यी मानिसहरू के चाहन्छन्"?

अर्को हदीसमा भनिएको छ: "अराफातको दिनमा शैतान जति अपमानित, तिरस्कृत, तुच्छ र क्रोधित हुन्छ अरू कुनै दिन हुँदैन। यो केवल यसकारण हो कि उसले त्यस दिन अल्लाहको कृपा अवतरण भएको र ठूला-ठूला पापहरू क्षमा भएको देख्छ; बद्रको युद्धको दिन बाहेक। सोधियो: बद्रको दिन उसले के देख्यो? उहाँले भन्नुभयो: उसले जिब्रील (अ.) लाई स्वर्गदूतहरूको पंक्ति मिलाउँदै गरेको देखेको थियो।"

त्यसैले, अराफातको दिनधेरै भन्दा धेरै अल्लाहको स्मरण (जिक्र), कुरआनको तिलावत, क्षमायाचना (इस्तिगफार) र नमाज पढ्नुहोस् ताकि हामीलाई पालनकर्ताको प्रसन्नता प्राप्त होस् ।अल्लाह तर्फ, प्रार्थना र विनम्रताका साथ अग्रसर होऊ, सफलता र विजय प्राप्त गर्नुहुनेछ। हदीसमा रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ: "सबैभन्दा उत्तम दुआ अराफातको दिनको दुआ हो, र मैले तथा मभन्दा अघिका रसुलहरूले भनेको सबैभन्दा उत्तम वचन यो हो: 'ला इलाहा इल्लल्लाहु वहदहु ला शरीका लहू, लहुल मुल्कु वलहुल हम्दु वहुवा अला कुल्ली शैइन कदीर' (अर्थात्: अल्लाह बाहेक कोही पूजनीय छैन, उहाँ एक्लो हुनुहुन्छ, उहाँको कोही साझेदार छैन, सम्पूर्ण अधिराज्य उहाँकै हो र सम्पूर्ण प्रशंसा उहाँकै लागि हो, र उहाँ हरेक कुरामा सामर्थ्यवान् हुनुहुन्छ)।

हे अल्लाहका भक्तहरू! यी दस दिनका उपासनाहरूमध्ये ईदुल-अजहाको नमाज पढ्नु र यसको खुत्बा सुन्नु पनि पर्दछ। यो खुत्बा विषयवस्तु र सन्देशले भरिपूर्ण हुन्छ। यो महान् दिन हो, बरु सबै दिनहरूमध्ये सबैभन्दा महान्—यौमुन्-

नहर (कुर्बानीको दिन) हो। यस दिनबारे रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ:

"के तिमीहरूलाई थाहा छ, यो कुन दिन हो?" सहाबाहरूले भने: "अल्लाह र उहाँका रसूललाई बढी थाहा छ।" उहाँले भन्नुभयो: "यो सम्मानित (हराम) र पवित्र दिन हो। के तिमीहरूलाई थाहा छ, यो कुन शहर हो?" उनीहरूले भने: "अल्लाह र उहाँका रसूललाई बढी थाहा छ।" उहाँले भन्नुभयो: "यो सम्मानित शहर हो। के तिमीहरूलाई थाहा छ, यो कुन महिना हो?" उनीहरूले भने: "अल्लाह र उहाँका रसूललाई बढी थाहा छ।" उहाँले भन्नुभयो: "यो सम्मानित महिना हो। निश्चय नै अल्लाहले तिमीहरूको रगत, तिमीहरूको सम्पत्ति र तिमीहरूको मान-मर्यादालाई त्यसरी नै पवित्र एवं सम्मानित (निषेधित) ठहऱ्याउनुभएको छ, जसरी यो दिन, यो महिना र यो सहर पवित्र र सम्मानित छ।" अर्को हदीसमा छ: "यो हज्जुल-अकबर (महान् हज) को दिन हो। हे अल्लाह! साक्षी रहनुहोस्।" त्यसपछि उहाँले उपस्थित जनसमुदायबाट बिदा लिनुभयो, जसका कारण मानिसहरूले यसलाई 'विदाईको हज' (हज्जतुल विदा) भनेर याद राखे।"

यस दिनलाई 'हज-ए-अकबर' को दिन भनिनुको मुख्य कारण यसै दिन सबैभन्दा बढी उपासनाहरू सम्पन्न गरिनु हो। यस दिनमा 'तवाफ-ए-इफादा', 'सई', 'जमरात-अल-अकाबा' मा कङ्कर प्रहार गर्ने कार्य, इदको नमाज, शिर मुण्डन, अल्लाहको स्मरण (जिक्र) र पशु वध (कुर्बानी) जस्ता पुण्य कार्यहरू गरिन्छन्। कुर्बानीबारे जब रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई सोधियो: "हे अल्लाहका रसूल! हज के हो?" उहाँले भन्नुभयो: "अल-अज्जु वस्सज्ज।" इमाम वकीअका अनुसार: 'अज्ज' भन्नाले उच्च स्वरमा तलबिया पुकार्नु हो, र 'सज्ज' भन्नाले कुर्बानीका जनावरहरू वध गर्नु हो।

हे मेरा मुस्लिम दाजुभाइहरू! जिल्लहिज्जाका यी प्रारम्भिक दस दिनका महान् इबादतहरूमध्ये 'कुर्बानी' (पशु वध) पनि एक महत्त्वपूर्ण इबादत हो। यसको श्रेष्ठता बारे उल्लेख गरिएको छः

"कुर्बानी'को दिन (यौमुन–नह्र) आदमका सन्तानले गर्ने कुनै पनि कर्म अल्लाहको नजरमा रगत बगाउनु (कुर्बानी गर्नु) भन्दा बढी प्रिय हुँदैन। कियामतको दिन त्यो जनावर आफ्ना सिङ, खुर र रौँसहित उपस्थित हुनेछ। त्यसको रगत जमिनमा खस्नुभन्दा पहिले नै अल्लाहको दरबारमा स्वीकार भइसकेको हुन्छ। त्यसैले तिमीहरू प्रसन्न हृदयले कुर्बानी गर।"

यी निश्चित र गनिएका दिनहरूमा गरिने कार्यहरूमध्ये यिनै सबैभन्दा उत्कृष्ट, असल र पुण्यपूर्ण कर्महरू हुन्। धन्य छन् ती व्यक्तिहरू, जसले यस अवसरलाई सदुपयोग गर्दै सत्कर्म गर्ने र आफ्नो महान् पालनकर्ताको प्रसन्नता प्राप्त गर्ने सौभाग्य हासिल गरे। र घाटामा परे ती मानिसहरू, जसले यस्ता बहुमूल्य अवसरहरूलाई बेवास्ता गरे।

हे अल्लाहका भक्तहरू! अल्लाहले हामी सबैलाई आफ्नो कृपाद्वारा कुरआन र सुन्नतको मार्गदर्शनबाट लाभ पुऱ्याउन। म आफ्नो र तपाईंहरू सबैको तर्फबाट अल्लाहसँग क्षमायाचना गर्दछु। तसर्थ, तपाईंहरू पनि उहाँसँग क्षमा प्रार्थना गर्नुहोस्; निश्चय नै उहाँ अत्यन्त क्षमाशील र परम दयालु हुनुहुन्छ।

# दोस्रो प्रवचन

सबै प्रशंसा अल्लाहका लागि हुन्, जो सारा ब्रह्माण्डका पालनकर्ता हुनुहुन्छ। शुभ परिणाम धर्मपरायणहरूका लागि नै निश्चित छ र अन्याय गर्नेहरू बाहेक अरू कसैप्रति शत्रुता राखिँदैन। म साक्षी दिन्छु कि अल्लाह बाहेक कोही सत्य उपास्य छैन, उहाँ नै संयमीहरूको संरक्षक हुनुहुन्छ। म यो पनि गवाही दिन्छु कि मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहका भक्त एवं अन्तिम सन्देशवाहक हुनुहुन्छ। उहाँमाथि, उहाँको परिवार र प्रलयको दिनसम्म उहाँको मार्ग अवलम्बन गर्नेहरूमाथि अल्लाहको कृपा र शान्ति वर्षिरहोस्। तत्पश्चात्:

हे अल्लाहका भक्तहरू! यी दिनहरू महान् अल्लाहको धेरै स्मरण (ज़िक्र) गर्ने र उहाँका ती महान् अनुग्रहहरू प्रति कृतज्ञता व्यक्त गर्ने दिनहरू हुन्, जुन न त गन्न सकिन्छन् न त समाप्त नै हुन्छन्। हदीसमा आएको छ:

“काबाको तवाफ, सफा र मरवाबीचको सई, र जमरातमा ढुंगा हान्ने कार्य केवल महान् अल्लाहको स्मरण (ज़िक्र) गर्नेका लागि निर्धारित गरिएको हो।”

इमाम अहमदको मुसनदमा उल्लेख छ कि एक व्यक्तिले सोधे: "हे अल्लाहका रसूल, कुन जिहादको प्रतिफल सबैभन्दा बढी हुन्छ?" उहाँले भन्नुभयो: "जसमा अल्लाहको स्मरण सबैभन्दा बढी गरिन्छ।" उनले सोधे: "कुन रोजा राख्ने व्यक्तिको प्रतिफल सबैभन्दा बढी हुन्छ?" उहाँले भन्नुभयो: "जसले अल्लाहको स्मरण सबैभन्दा बढी गर्छ।" त्यसपछि उनले नमाज, जकात, हज र सदकाको विषयमा सोधे, र प्रत्येक पटक रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले यही उत्तर दिनुभयो: "जसले अल्लाहको जिक्र सबैभन्दा बढी गर्छ।" तब अबू बकर (रजियल्लाहु अन्हु) ले भन्नुभयो: "हे अबू हफ्स (उमर रजियल्लाहु अन्हु)! जिक्र गर्नेहरूले त सबै पुण्य लिएर गए!" रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: "हो, निश्चय नै।"

हे अल्लाहका भक्तहरू! सर्वज्ञानी अल्लाहको आदेशानुसार उपहारस्वरूप प्राप्त वरदान र कृपाका प्रतीक, सन्देशवाहककहरूका अगुवा मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) माथि दुरूद (आशीर्वाद) पठाउनुहोस्। अल्लाहले भन्नुभएको छ:

﴿ إِنَّ ٱللَّهَ وَمَلَٰٓئِكَتَهُۥ يُصَلُّونَ عَلَى ٱلنَّبِيِّۚ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ صَلُّواْ عَلَيۡهِ وَسَلِّمُواْ تَسۡلِيمًا ﴾

"अल्लाह एवं उनका फरिश्ताहरू नबीमाथि दरूद पठाउने गर्छन् । अतः हे आस्थावानहरू हो ! तिमीहरू पनि उनीमाथि 'दरूद' तथा सलाम पठाउने गर ।"

"हे अल्लाह! सत्य र न्यायका साथ शासन गर्ने ती मार्गदर्शित खलिफाहरू तथा धर्मनिष्ठ शासकहरूसँग प्रसन्न हुनुहोस्। हे सम्पूर्ण संसारका पालनकर्ता! हे अत्यन्त कृपालु! कियामतको दिनसम्म निष्ठापूर्वक उनीहरूको अनुसरण गर्नेहरूसँग र हामी सबैसँग पनि आफ्नो क्षमा, कृपा र उदारताद्वारा प्रसन्न हुनुहोस्।

हे अल्लाह! इस्लाम र मुस्लिमहरूको सम्मान बढाउनुहोस्, अविश्वासी र अधर्मलाई अपमानित गर्नुहोस् र आफ्ना एकेश्वरवादी भक्तहरूको मद्दत गर्नुहोस्। हे विश्वका पालनकर्ता! सम्पूर्ण इस्लामिक राष्ट्रहरूमा सुख, शान्ति र समृद्धि कायम गर्नुहोस्। हे अल्लाह! मुस्लिम शासकहरूलाई तपाईंको शरिया र नबी मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को सुन्नत लागू गर्ने सामर्थ्य प्रदान गर्नुहोस्; उनीहरूको हृदयलाई जोड्नुहोस्, उनीहरूलाई आफ्ना प्रजाहरू प्रति दयालु बनाउनुहोस् र तपाईंलाई मन पर्ने सत्कर्महरू गर्ने सामर्थ्य दिनुहोस्।

हे अल्लाह! हाम्रो लागि उत्तम कुराको छनौट गर्नुहोस्र हामीलाई सही निर्णय लिने शक्ति दिनुहोस्; हामीलाई कहिल्यै पनि हाम्रै सहारामा एक्लो नछोड्नुहोस्। हामीलाई मार्गदर्शन गर्नुहोस्, सही मार्गको अनुसरण सरल गरिदिनुहोस् र तपाईंको जिक्र, कृतज्ञता एवं उत्तम उपासना गर्न सामर्थ्य प्रदान गर्नुहोस्। हे परम दयालु! हामीलाई धर्म र संसारको ज्ञान प्रदान गर्नुहोस्, समस्त मुस्लिमहरूको

अवस्थामा सुधार ल्याउनुहोस् र मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को उम्मतको आवश्यकता पूरा गर्दै उनीहरूको अन्त्य सुखद बनाउनुहोस्।

हे अल्लाह! हाजीहरूको हज, उमराह गर्नेहरूको उमराह र उपासकहरूको उपासना स्वीकार गर्नुहोस्। हे अन्तर आत्मा को कुरा जान्ने प्रभु! यस हजलाई 'हज मबरुर', प्रशंसनीय प्रयत्न र कहिल्यै घाटा नहुने व्यापारका रूपमा स्वीकार गर्दै हाम्रा पापहरू क्षमा गरिदिनुहोस्।

हे अल्लाहका भक्तहरू! निश्चय नै अल्लाह न्याय, परोपकार र नातेदारहरूलाई सहयोग गर्ने आदेश दिनुहुन्छ र अश्लीलता, दुष्कर्म एवं अन्यायबाट रोक्नुहुन्छ। उहाँले तिमीहरूलाई सचेत गराउनुहुन्छ ताकि तिमीहरूले ज्ञान प्राप्त गर। अतः महान् र गौरवशाली अल्लाहको स्मरण गर्नुहोस्, उहाँले तिमीहरूलाई सम्झनु हुनेछ; उहाँका वरदानहरूप्रति कृतज्ञता व्यक्त गर्नुहोस्, उहाँले अझ बढी प्रदान गर्नुहुनेछ। वास्तवमा अल्लाहको स्मरण नै सबैभन्दा ठूलो कुरा हो र तपाईंले गर्ने प्रत्येक कार्यको ज्ञान अल्लाहलाई छ।

# हज्जतुल-विदाको प्रवचनमा निहित उपदेशहरू

## पहिलो प्रवचन

सम्पूर्ण प्रशंसा अल्लाहका लागि हुन्, जो अत्यन्त महान् र सर्वोच्च हुनुहुन्छ। सबै प्रशंसा अल्लाहकै लागि हुन्, जो प्रतिष्ठित, शक्तिशाली र कठोर पकड राख्ने हुनुहुन्छ। सबै प्रशंसा अल्लाहका लागि हुन्, जसले हरेक समय र परिस्थितिमा सत्कर्म गर्ने सामर्थ्य प्रदान हुनुहुन्छ।

म गवाही दिन्छु कि अल्लाहबाहेक कुनै सत्य उपास्य छैन। उहाँले भलाइको आदेश दिनुभयो, भलाइ प्रदान गर्नुभयो र हाम्रा समस्त कार्यहरूको अन्तिम परिणाम भलाइतर्फ नै सुनिश्चित गर्नुभयो। जसले जान्यो उसले जान्यो; र जो अज्ञानी रह्यो, ऊ अज्ञानतामै रह्यो। म यो पनि गवाही दिन्छु कि मुहम्मद रसूल (सल्लल्लाहु अलैहि वसल्लम) उहाँका अन्तिम सन्देशवाहक र मार्गदर्शक नबी हुनुहुन्छ। र म गवाही दिन्छु कि मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहका अन्तिम सन्देशवाहक र प्रमुख अगमवक्ता हुनुहुन्छ, जसलाई रसूलहरूको आगमन रोकिएको समयमा संसारका लागि उपहारस्वरूप दया र अनुग्रह बनाएर पठाइएको थियो, विशेष गरी त्यस व्यक्तिका लागि जसको हृदय जीवित छ वा जसले एकाग्र भएर ध्यानपूर्वक सुन्दछ।

हे अल्लाहका भक्तहरू! अल्लाहको तक्वा (भय र आज्ञापालन) नै सबैभन्दा व्यापक उपदेश र सुरक्षाको आधार हो, जसद्वारा आकाश र पृथ्वी जत्तिकै विशाल स्वर्ग (जन्नत) प्राप्त हुन्छ। यो यस्तो उपदेश हो जसको अघि, पछि वा मध्यमा अरू

कुनै श्रेष्ठ उपदेश छैन। अतः अल्लाहको आज्ञाकारी बन्नुहोस् ताकि तपाईँलाई सफलता प्राप्त होस। यसपछि...

“अल्लाहु अक्बर अल्लाहु अक्बर अल्लाहु अक्बर । अल्लाहु अक्बर अल्लाहु अक्बर अल्लाहु अक्बर । अल्लाहु अक्बर । अल्लाहु अक्बर ला इलाहा इल्ला अल्लाह। अल्लाहु अक्बर अल्लाहु अक्बर व लिल्लाहिल हम्द। अल्लाहु अक्बर कबीरा वल हम्दु लिल्लाहि कथीरा व सुब्हानल्लाहि बुक्रतौं वअसीला।”

अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, अल्लाह सबैभन्दा महान् हुनुहुन्छ। अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, अल्लाह सबैभन्दा महान् हुनुहुन्छ। अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, अल्लाह सबैभन्दा महान् हुनुहुन्छ। अल्लाह बाहेक कुनै सत्य उपास्य छैन। अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, अल्लाह सबैभन्दा महान् हुनुहुन्छ र सम्पूर्ण प्रशंसा अल्लाहकै लागि हुन्। अल्लाह अत्यन्त महान् हुनुहुन्छ र उहाँकै लागि धेरै प्रशंसा छ र बिहान-बेलुका अल्लाहकै पवित्रताको गुणगान छ।

महान् नबी मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) ले केवल एक पटक हज गर्नुभयो, जसलाई "हज्जतुल-वदा" (विदाइ हज) भनिन्छ; किनकि उहाँले त्यस हजमा आफ्नो उम्मतसँग विदाइ लिनुभयो, र त्यसपछि संसारको जीवनबाट केवल करिब नब्बे दिनपछि उच्चतम अल्लाह तर्फ जानुभयो। उहाँले आफ्नो उम्मतलाई अल्लाहको संरक्षणमा सुम्पनुभयो, तिनीहरूलाई आदेशित र निषेधित कुराहरू बारे ज्ञान दिनुभयो, मार्गदर्शन गर्नुभयो, र एक महान् तथा व्यापक खुत्बा दिँदै त्यसमा उहाँ (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो:

"हे मानिसहरू! यो कुन दिन हो?" उनीहरूले भने: " यो सम्मानित दिन हो।" उहाँले भन्नुभयो: "यो कुन शहर हो?" उनीहरूले भने: "यो सम्मानित शहर हो।" उहाँले भन्नुभयो: "यो कुन महिना हो?" उनीहरूले भने: "यो सम्मानित महिना हो।"

तब उहाँले भन्नुभयो: "निश्चय नै तिमीहरूको सम्पत्ति, तिमीहरूको रगत र तिमीहरूको सम्मान यी सबै तिमीहरूमाथि त्यसरी नै हराम छन्, जसरी यो दिन, यो शहर र यो महिना सम्मानित छन्।" त्यसपछि उहाँले यो कुरा धेरै पटक दोहोऱ्याउनुभयो। अनि आफ्नो औँला आकाशतर्फ उठाउँदै भन्नुभयो: "हे अल्लाह! के मैले सन्देश पुऱ्याएँ?" यसलाई पनि धेरै पटक दोहोऱ्याउनुभयो।

अर्को हदीसमा छ कि उहाँ (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो:

"यो कुन दिन हो?" हामीले भन्यौँ: "अल्लाह र उहाँका रसूललाई बढी थाहा छ।" उहाँ केहीबेर मौन रहनुभयो, यहाँसम्म कि हामीले सोच्यौँ उहाँले यसलाई अर्को नाम दिनुहुनेछ। त्यसपछि उहाँले भन्नुभयो: "के यो यौमुन्-नहर होइन?" हामीले भन्यौँ: "हो।" त्यसपछि उहाँले भन्नुभयो: "यो कुन महिना हो?" हामीले भन्यौँ: "अल्लाह र उहाँका रसूललाई बढी थाहा छ।" उहाँ फेरि मौन रहनुभयो, यहाँसम्म कि हामीले सोच्यौँ उहाँले यसलाई अर्को नाम दिनुहुनेछ। त्यसपछि उहाँले भन्नुभयो: "के यो जुल-हिज्जा होइन?" हामीले भन्यौँ: "हो।" त्यसपछि उहाँले भन्नुभयो: "यो कुन शहर हो?" हामीले भन्यौँ: "अल्लाह र उहाँका रसूललाई बढी थाहा छ।" उहाँ फेरि मौन रहनुभयो, यहाँसम्म कि हामीले सोच्यौँ उहाँले यसलाई अर्को नाम दिनुहुनेछ। त्यसपछि उहाँले भन्नुभयो: "के यो सम्मानित शहर होइन?" हामीले भन्यौँ: "हो।" तब उहाँले भन्नुभयो: "निश्चय नै तिमीहरूको रगत, तिमीहरूको सम्पत्ति" — र सम्भवतः उहाँले भन्नुभयो — "तिमीहरूको मान-मर्यादा पनि त्यसरी नै सुरक्षित र सम्मानित छ, जसरी यो दिन, यो महिना र यो शहर सम्मानित छन्। र चाँडै तिमीहरू आफ्ना पालनकर्तासँग भेट्नेछौ, अनि उहाँले तिमीहरूका कर्मबारे सोध्नुहुनेछ। सुन! मपछि फेरि पथभ्रष्ट नबन्नु, कि तिमीहरू एकअर्काको घाँटी काट्न थाल। सुन! के मैले सन्देश पुऱ्याएँ? उपस्थित व्यक्तिले अनुपस्थितलाई यो सन्देश पुऱ्याओस्; किनकि कहिलेकाहीँ जसलाई यो सन्देश पुऱ्याइन्छ, ऊ सुन्नेहरूमध्ये कतिपयभन्दा बढी बुझ्ने हुन सक्छ।"

यस महान् हदीसबाट धेरै महत्त्वपूर्ण शिक्षाहरू प्राप्त गर्न सकिन्छ, जुन मुस्लिम समुदायका लागि मार्गदर्शक सिद्धान्त हुन्। तीमध्ये प्रमुख बुँदाहरू निम्नानुसार छन्:

१. ज्यान, सम्पत्ति र इज्जतको सुरक्षा र गरिमा: प्रत्येक व्यक्तिले आफ्नो रक्षा र संरक्षण गर्नु अनिवार्य छ भने अर्काको ज्यान, धन र सम्मानमा आँच पुऱ्याउनु वा ति सम्बन्धमा अल्लाहको सीमा उल्लंघन गर्नु वर्जित छ।

२. मक्का शहरको मर्यादा: मक्का एक पवित्र सहर हो, जसको सम्मान र आदर सधैँ अनिवार्य छ।

३. हज र कुर्बानीको दिन (यौम अल-नह्र) को महत्त्व: हजको महिना र कुर्बानीको दिन विशेष धार्मिक महत्त्व र पवित्रता बोकेका समय हुन्, जसमा विशेष उपासना र कार्यहरू सम्पन्न गरिन्छन्।

४. अल्लाहसँगको भेट र कर्मको हिसाबकिताब: प्रत्येक मुसलमानले आफ्नो कर्मको हिसाब दिन अल्लाहको सामु उपस्थित हुनुपर्नेछ। त्यसैले, आफ्ना असल वा खराब कार्यहरूको परिणाम भोग्न र सोधपुछका लागि पूर्वतयारी गर्नु आवश्यक छ।

५. एकताको सन्देश: आफ्नो समुदायलाई मार्गदर्शन गर्दै उहाँले एक-अर्काको हत्या गर्ने वा कुफर (अधर्म) को मार्गमा नफर्कन सचेत गराउनुभएको छ, जुन यस विषयको सबैभन्दा महत्त्वपूर्ण पक्ष हो।

आज मुस्लिमहरूको अवस्था अत्यन्तै अराजकता र अशान्तिले भरिएको छ, यस्तो स्थिति आएको छ कि एक मुस्लिमले आफ्नै मुस्लिम भाइको हत्या गरिरहेको छ, उसको मर्यादा, सीमा र सम्मानमाथि अतिक्रमण गरिरहेको छ, र उसको रगतलाई व्यर्थ ठान्दै मान-मर्यादामा ठेस पुऱ्याइरहेको छ। र अल्लाहको खातिर उसप्रति कुनै सम्मान बाँकी राखी रहेको छैन। अझ अचम्मको कुरा त यो हो कि

यी सबै कार्य धर्मको नाममा भइरहेका छन्। हत्या, हिंसा, त्रास, रगतको खोलो बगाउनु, सम्पत्तिको विनाश, र महिला तथा बालबालिकाहरूलाई विस्थापन—यी यी सबै कुरा धर्मकै नाममा गरिएको छ ।

यो कस्तो मत, कस्तो विचार र कस्तो सिद्धान्त हो, जसले एक मुस्लिमलाई आफ्नो भाइको अलिकति पनि सम्मान गर्न समेत रोक्छ? जुन सम्मानलाई आफ्नै लागि नभई, अल्लाहको निम्ति सुरक्षित राखिनुपर्ने थियो। यो त यस्तो मार्ग हो जसले धर्मका वास्तविक सिद्धान्त र नियमहरूलाई नै ध्वस्त पार्छ र सत्यको मार्गलाई मेटाउँछ। आश्चर्य त ती मानिसहरूमाथि हुन्छ, जसले यस्ता विचारहरूलाई ईश्वरप्रतिको भक्ति ठान्दछन्। अझ अचम्मलाग्दो कुरा त के छ भने, यस्ता व्यक्तिहरूले अरूलाई पनि भ्रममा पार्छन् र मानिसहरूले उनीहरूको कुरा पत्याउँछन् र आफ्नो विवेक गुमाएर उनीहरूको पछि लाग्छन्। उनीहरूले त्यो साँचो धर्म, उज्ज्वल शरीअत, र सत्य मार्गलाई बिर्सन्छन् जसको बारेमा नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको थियो:

"मैले तिमीहरूलाई यस्तो स्पष्ट मार्गमा छोडेको छु, जसको रात पनि दिन जत्तिकै उज्यालो छ। यसबाट विचलित हुने व्यक्ति विनाश हुनेछ। तिमीहरूमध्ये जो जीवित रहनेछन्, उनीहरूले धेरै मतभेदहरू देख्नेछन्। त्यसैले, तिमीहरूले मेरो र मेरा सही मार्गनिर्देशित उत्तराधिकारीहरू (खुलफा-ए-राशिदीन) को सुन्नतलाई दृढतापूर्वक अंगाल्नु। अप्रमाणित नयाँ र गलत कुराहरूबाट जोगिनु, किनकि प्रत्येक धर्मविरोधी नवाचार ‘बिदअत’ हो। र सधैं आज्ञाकारी रहनु, चाहे तिम्रो शासक कोही दास नै किन नहोस्, प वास्तवमा, एक मोमिन विश्वासी व्यक्ति नाक नथिएको ऊँट समान हुन्छ, जसलाई जहाँ डोऱ्याइन्छ, उहीँ अधीनमा रहन्छ।"

हे अल्लाहका भक्तहरू! निश्चय नै जो व्यक्ति सत्य मार्गबाट बाहिरिन्छ, उसले आफ्नो धर्म र संसार दुवै गुमाउँछ। त्यसैले झूटा नारा, घृणित सम्प्रदायवाद र विभाजनकारी गुटहरूको पछि लाग्नबाट सतर्क रहनुहोस्, जसले धर्मलाई

टुक्र्याउँछन् र विभिन्न समूह र सम्प्रदायमा विभाजित गर्दछन्। महान् अल्लाहको सत्य वाणी छ:

﴿ مِنَ ٱلَّذِينَ فَرَّقُواْ دِينَهُمۡ وَكَانُواْ شِيَعٗاۖ كُلُّ حِزۡبِۭ بِمَا لَدَيۡهِمۡ فَرِحُونَ ﴾

"(ती मानिसहरू जस्तो नबन), जसले आफ्नो धर्मलाई टुक्र्याए र विभिन्न समूहमा विभाजित भए; प्रत्येक समूह आफूसँग भएको कुरामै मग्न छन्।"

अल्लाहको धर्म एउटै हो र सत्य मार्ग पनि एउटै हो, जसको प्रमाण अल्लाहको यो वचन हो:

﴿ وَأَنَّ هَٰذَا صِرَٰطِي مُسۡتَقِيمٗا فَٱتَّبِعُوهُۖ وَلَا تَتَّبِعُواْ ٱلسُّبُلَ فَتَفَرَّقَ بِكُمۡ عَن سَبِيلِهِۦۚ ذَٰلِكُمۡ وَصَّىٰكُم بِهِۦ لَعَلَّكُمۡ تَتَّقُونَ ﴾

"निश्चय नै यही मेरो सीधा मार्ग हो, त्यसैले यसैको अनुसरण गर र अन्य मार्गहरूको पछि नलाग; अन्यथा ती मार्गहरूले तिमीलाई उहाँको मार्गबाट अलग गराइदिनेछन्। उहाँले तिमीहरूलाई यही आदेश दिनुभएको छ, ताकि तिमीहरू संयमी बन्न सक।"

अहलुस्सुन्नह वल-जमाअहको मार्ग एउटै हो। यस सम्बन्धमा रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ: "यहुदीहरू ७१ समूहमा र इसाईहरू ७२ समूहमा विभाजित भए। मेरा अनुयायीहरू ७३ समूहमा विभाजित हुनेछन्, जसमध्ये एउटा समूह मात्र स्वर्गको अधिकारी हुनेछ र बाँकी ७२ समूह नर्क जानेछन्।" सोधियो, "हे अल्लाहका रसूल! त्यो सफल समूह कुन हो?" उहाँले भन्नुभयो, "जुन मार्गमा म र मेरा अनुयायीहरू (सहाबाहरू) छौँ (त्यको अनुसरण गर्ने समुह)।"

त्यसैले हे अल्लाहका भक्तहरू! ती सफल एवं सत्कर्म गर्नेहरूमध्ये बन्नुहोस् र पथभ्रष्ट समूहहरूबाट टाढा रहनुहोस्।

हे अल्लाहका भक्तहरू! अल्लाहले हामी सबैलाई आफ्नो कृपाद्वारा कुरआन र सुन्नतको मार्गदर्शनबाट लाभ पुर्‍याउन। म आफ्नो र तपाईंहरू सबैको तर्फबाट अल्लाहसँग क्षमायाचना गर्दछु। तसर्थ, तपाईंहरू पनि उहाँसँग क्षमा प्रार्थना गर्नुहोस्; निश्चय नै उहाँ अत्यन्त क्षमाशील र परम दयालु हुनुहुन्छ।

# दोस्रो प्रवचन

सबै प्रशंसा अल्लाहका लागि हुन्, जो सारा ब्रह्माण्डका पालनकर्ता हुनुहुन्छ। शुभ परिणाम धर्मपरायणहरूका लागि नै निश्चित छ र अन्याय गर्नेहरू बाहेक अरू कसैप्रति शत्रुता राखिँदैन। म साक्षी दिन्छु कि अल्लाह बाहेक कोही सत्य उपास्य छैन, उहाँ नै संयमीहरूको संरक्षक हुनुहुन्छ। म यो पनि गवाही दिन्छु कि मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहका भक्त एवं अन्तिम सन्देशवाहक हुनुहुन्छ। उहाँमाथि, उहाँको परिवार र प्रलयको दिनसम्म उहाँको मार्ग अवलम्बन गर्नेहरूमाथि अल्लाहको कृपा र शान्ति वर्षिरहोस्। तत्पश्चात्:

"अल्लाहु अक्बर अल्लाहु अक्बर अल्लाहु अक्बर । अल्लाहु अक्बर अल्लाहु अक्बर ला इलाहा इल्ला अल्लाह। अल्लाहु अक्बर अल्लाहु अक्बर व लिल्लाहिल हम्द।"

अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, अल्लाह सबैभन्दा महान् हुनुहुन्छ। अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, अल्लाह बाहेक कुनै सत्य उपास्य छैन। अल्लाहू अक्बर , अल्लाहू अक्बर , र सबै प्रशंसा अल्लाहकै लागि हुन् ।

हे अल्लाहका भक्तहरू! अल्लाहको भय मनमा राख् ताकि तिमीहरू सफल हुन सक। त्यसपछि:

मेरा भाइहरू हो! सधैं नबी (सल्लल्लाहु अलैहि वसल्लम) को यो वाणी सम्झनुहोस्: (तिमीहरूमध्ये प्रत्येक व्यक्ति संरक्षक हौ र प्रत्येकलाई आफ्नो जिम्मेवारीको बारेमा सोधपुछ गरिनेछ; शासकलाई उसको प्रजाहरूको बारेमा सोधिनेछ, पुरुषलाई उसको परिवारको बारेमा सोधिनेछ, महिलालाई उसको

पतिको घरको बारेमा सोधिनेछ र दासलाई उसको मालिकको सम्पत्तिको बारेमा सोधिनेछ) ।

आफ्नो घरको रक्षा गर्नुहोस्, आफ्नो धर्मलाई बचाउनुहोस् र आफ्ना सन्तानलाई असल संस्कार दिनुहोस्; अनि उनीहरूका पाइलाहरू कतै भ्रमको बाटो र असत्यको मार्गमा चिप्लिने त होइनन् भन्ने कुरामा सचेत रहनुहोस् ।

"अल्लाहु अक्बर कबीरा वल हम्दु लिल्लाहि कथीरा व सुब्हानल्लाहि बुक्रतौं वअसीला।"( अल्लाह सबैभन्दा महान हुनुहुन्छ, अल्लाहकै धेरै प्रशंसा छ र बिहान-साँझ अल्लाहकै पवित्रताको महिमा छ)।

हे अल्लाहका भक्तहरू! सर्वज्ञानी अल्लाहको आदेशानुसार उपहारस्वरूप प्राप्त वरदान र कृपाका प्रतीक, सन्देशवाहकहरूका अगुवा मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) माथि दुरूद (आशीर्वाद) पठाउनुहोस्। अल्लाहले भन्नुभएको छ:

﴿ إِنَّ ٱللَّهَ وَمَلَٰٓئِكَتَهُۥ يُصَلُّونَ عَلَى ٱلنَّبِيِّۚ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ صَلُّواْ عَلَيۡهِ وَسَلِّمُواْ تَسۡلِيمًا ﴾

"अल्लाह एवं उनका फरिश्ताहरू नबीमाथि दरूद पठाउने गर्छन् । अतः हे आस्थावानहरू हो ! तिमीहरू पनि उनीमाथि 'दरूद' तथा सलाम पठाउने गर ।"

"हे अल्लाह! सत्य र न्यायका साथ शासन गर्ने ती मार्गदर्शित खलिफाहरू तथा धर्मनिष्ठ शासकहरूसँग प्रसन्न हुनुहोस्। हे सम्पूर्ण संसारका पालनकर्ता! हे अत्यन्त कृपालु! कियामतको दिनसम्म निष्ठापूर्वक उनीहरूको अनुसरण गर्नेहरूसँग र हामी सबैसँग पनि आफ्नो क्षमा, कृपा र उदारताद्वारा प्रसन्न हुनुहोस्।

हे अल्लाह! इस्लाम र मुस्लिमहरूको सम्मान बढाउनुहोस्, अविश्वासी र अधर्मलाई अपमानित गर्नुहोस् र आफ्ना एकेश्वरवादी भक्तहरूको मद्दत गर्नुहोस्। हे विश्वका पालनकर्ता! सम्पूर्ण इस्लामिक राष्ट्रहरूमा सुख, शान्ति र समृद्धि कायम गर्नुहोस्। हे अल्लाह! मुस्लिम शासकहरूलाई तपाईंको शरिया र नबी मुहम्मद

(सल्लल्लाहु अलैहि वसल्लम) को सुन्नत लागू गर्ने सामर्थ्य प्रदान गर्नुहोस्; उनीहरूको हृदयलाई जोड्नुहोस्, उनीहरूलाई आफ्ना प्रजाहरू प्रति दयालु बनाउनुहोस् र तपाईँलाई मन पर्ने सत्कर्महरू गर्ने सामर्थ्य दिनुहोस्।

हे अल्लाह! हाम्रो लागि उत्तम कुराको छनौट गर्नुहोस्र हामीलाई सही निर्णय लिने शक्ति दिनुहोस्; हामीलाई कहिल्यै पनि हाम्रै सहारामा एक्लो नछोड्नुहोस्। हामीलाई मार्गदर्शन गर्नुहोस्, सही मार्गको अनुसरण सरल गरिदिनुहोस् र तपाईँको जिक्र, कृतज्ञता एवं उत्तम उपासना गर्न सामर्थ्य प्रदान गर्नुहोस्। हे परम दयालु! हामीलाई धर्म र संसारको ज्ञान प्रदान गर्नुहोस्, समस्त मुस्लिमहरूको अवस्थामा सुधार ल्याउनुहोस् र मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को उम्मतको आवश्यकता पूरा गर्दै उनीहरूको अन्त्य सुखद बनाउनुहोस्।

हे अल्लाह! हाजीहरूको हज, उमराह गर्नेहरूको उमराह र उपासकहरूको उपासना स्वीकार गर्नुहोस्। हे अन्तर आत्मा को कुरा जान्ने प्रभु! यस हजलाई 'हज मबरुर', प्रशंसनीय प्रयत्न र कहिल्यै घाटा नहुने व्यापारका रूपमा स्वीकार गर्दै हाम्रा पापहरू क्षमा गरिदिनुहोस्।

हे अल्लाहका भक्तहरू! निश्चय नै अल्लाह न्याय, परोपकार र नातेदारहरूलाई सहयोग गर्ने आदेश दिनुहुन्छ र अश्लीलता, दुष्कर्म एवं अन्यायबाट रोक्नुहुन्छ। उहाँले तिमीहरूलाई सचेत गराउनुहुन्छ ताकि तिमीहरूले ज्ञान प्राप्त गर। अतः महान् र गौरवशाली अल्लाहको स्मरण गर्नुहोस्, उहाँले तिमीहरूलाई सम्झनु हुनेछ; उहाँका वरदानहरूका लागि कृतज्ञता व्यक्त गर्नुहोस्, उहाँले अझ बढी प्रदान गर्नुहुनेछ। वास्तवमा अल्लाहको स्मरण नै सबैभन्दा ठूलो कुरा हो र तपाईँले गर्ने प्रत्येक कार्यको ज्ञान अल्लाहलाई छ।

# हज सम्पन्न गरेपश्चात् के गर्ने?

## पहिलो प्रवचन

सम्पूर्ण प्रशंसा केवल उनी अल्लाहकै लागि हो, जसको अनुग्रहले समस्त सत्कर्महरू पूर्ण हुन्छन्; जसको करुणाले निरन्तर कल्याण, पवित्र उपहारहरू एवं चाहनाहरू प्राप्त भइरहन्छन्; जसको मार्गदर्शनले मानव जाति ईश्वरीय कृपा र अशिषको स्थलसम्म पुग्दछ; र जसको असीम उदारताले हामी सुखमय स्वर्ग एवं सम्मानित चिर-निवाससम्म पुग्न सफल हुन्छौँ।

सम्पूर्ण प्रशंसा केवल अल्लाहकै निम्ति हो, जसले हामीलाई शून्यताबाट अस्तित्वमा ल्याउनुभयो (सृष्टि गर्नुभयो), आफ्नो परम करुणाले हामीलाई भलाइ एवं वरदानहरूद्वारा विभूषित गर्नुभयो, तथा हामीलाई अनेकौँ विकृति (फित्ना) एवं विपत्तिहरूबाट सुरक्षित राख्नुभयो। म गवाही दिन्छु कि अल्लाहबाहेक कोही पनि सत्य पूज्य छैन; उहाँ एक र अद्वितीय हुनुहुन्छ र उहाँको कोही साझेदार छैन। हामी उहाँको स्तुति गर्दछौँ, उहाँप्रति कृतज्ञता व्यक्त गर्दछौँ, उहाँको महिमागान गर्दछौँ र उहाँको कहिल्यै कृतघ्नता गर्दैनौँ। अनि म गवाही दिन्छु कि मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहका अन्तिम सन्देशवाहक हुनुहुन्छ, जो सम्पूर्ण सृष्टिमा सर्वोत्कृष्ट र सबैभन्दा प्रशंसित एवं सम्मानित हुनुहुन्छ। उहाँमाथि, उहाँका सन्तान र निष्ठावान् सहाबाहरू माथि, तथा प्रलयको दिन एवं भयानक सङ्कटको घडीसम्म उहाँको सत्मार्गको अनुशरण गर्नेहरूमाथि अल्लाहको निरन्तर कृपा र शान्ति वर्षिरहोस्।

अल्लाहु अक्बर  अल्लाहु अक्बर  अल्लाहु अक्बर । अल्लाहु अक्बर  अल्लाहु अक्बर  अल्लाहु अक्बर । अल्लाहु अक्बर  अल्लाहु अक्बर  अल्लाहु अक्बर । अल्लाहु अक्बर  अल्लाहु अक्बर  ला इलाहा इल्लल्लाह।

हे मेरा मुस्लिम दाजुभाइ तथा दिदीबहिनीहरू हो! केही दिन पहिले मात्र हामी अल्लाहले हामीमाथि अनिवार्य गर्नुभएको दायित्व (हज) पूरा गर्न र इस्लामको पाँचौँ आधारलाई कायम गर्नका लागि हजको आगमनको तयारी गरिरहेका थियौँ; र आज हेर्नुहोस्, हामी यसको अन्तिम दिनहरूलाई बिदाइ गरिरहेका छौँ। अब केही घण्टाहरू मात्र बाँकी छन्, जसका साथै हजको अन्तिम धार्मिक विधि (नुसुक) सम्पन्न हुनेछ र यसको अन्तिम समय पनि समाप्त हुनेछ। तसर्थ, हे मेरा मुस्लिम भाइ! विचार गर्नुपर्ने कुरा हो कि हजपछि अब के गर्ने?

अल्लाहका भक्तहरू हो! यो कुरा राम्ररी जान्नुहोस् कि असल कार्यहरू, विशेष गरी हजको सन्दर्भमा मानिसहरू चार प्रकारका हुन्छन्, जुन यस प्रकार छन्:

<u>पहिलो प्रकार:</u> ती व्यक्तिहरू हुन् जसले पूर्ण गम्भीरता र लगनशीलताका साथ प्रयास गरे, कम्मर कसेर काम गरे, आफ्नो सामर्थ्य अनुसार सबै कुरा गर्न कोशिस् गरे, हरेक समयको सदुपयोग गरे र हरेक अवसरको लाभ उठाए। उनीहरूले यसमध्ये कुनै पनि कुरा खेर जान दिएनन्; न त असल कार्यमा कुनै कसर बाँकी राखे, न त हजका विधिहरूलाई पूर्ण रूपमा सम्पन्न गर्नमा कुनै सुस्ती गरे। तर यति हुँदाहुँदै पनि उनीहरू एकातर्फ अल्लाहको डर र भय, र अर्कोतर्फ उनीबाट आशाको बीचमा रहन्छन् कि 'के मेरो कार्य स्वीकृत भयो होला त?' त्यसैले तपाईँ उनीहरूलाई पाउनुहुन्छ कि यति धेरै मेहनत, लगनशीलता, चासो र ध्यानका साथ हज सम्पन्न गरेपछि पनि उनीहरू आफ्नो सम्पूर्ण हृदयले अल्लाहसँग प्रार्थना गरिरहेका हुन्छन् कि उनीहरूको कार्म स्वीकृत होस्, उनीहरूको प्रयास सराहनीय होस्, उनीहरूको पाप क्षमा होस् र उनीहरूको हज 'हज्जे मबरुर' (सफल हज) बनोस्।

दोस्रो प्रकार: ती व्यक्तिहरू हुन् जो आफ्नो मेहनत, लगनशीलता, चासो र ध्यानमा पहिलो प्रकारका मानिसहरू जस्तै हुन्छन्; तर कार्य सम्पन्न गरिसकेपछि उनीहरूले जे गरे, त्यसैमाथि मात्र भर परेर बस्छन्। उनीहरूले आफ्नो कार्य स्वीकृत होस्, पाप क्षमा होस्, प्रयास सराहनीय होस् र हज सफल होस् भनी प्रार्थना गर्नमा विशेष तत्परता देखाउँदैनन्। यस्ता व्यक्तिहरूले आफ्नो जिम्माको दायित्व त पूरा गरे, तर कार्य सम्पन्न गरिसकेपछि अल्लाहको सामुन्ने आफ्नो कार्य स्वीकृतिका लागि बिन्तीभाउ गर्ने कुरामा भने कमी कमजोरी गरे। भक्तले केवल आफ्नो कर्ममा मात्र भरोसा गरेर बस्नु उचित हुँदैन, बरु आफ्नो कार्यलाई स्वीकार गराउन र त्यसमा रहन गएका त्रुटिहरू सुधार्नका लागि कृपालु अल्लाहको अगाडि निरन्तर प्रार्थना र अनुनय-विनय गरिरहनुपर्छ। आखिर कसलाई थाहा छ कि, उनीहरूको त्यो कार्य स्वीकार गरियो कि गरिएन!

तेस्रो प्रकार: ती व्यक्तिहरू हुन् जसले आफ्नो जिम्मामा रहेको हजको कर्म (नुसुक) पूरा गर्नमा लापरवाही गरे। उनीहरूले कर्तव्यहरू निर्वाह गर्नमा सुस्ती देखाए, जिम्मेवारीप्रति गम्भीरता देखाएनन्, र असामर्थ्य तथा आलस्यमा परे। परिणामस्वरूप, उनीहरूले सम्भवतः केही अनिवार्य कर्म (अर्कान) वा आवश्यक कर्तव्य (वाजिबात) पनि छोडे, र आफ्नो कार्य उचित रूपमा सम्पन्न भयो कि भएन भन्ने कुरामा खासै ध्यान दिएनन्।

यस्तो सुस्ती कहिलेकाहीँ स्पष्ट लापरवाहीका कारण हुन्छ भने कहिलेकाहीँ अज्ञानता, कमजोरी वा असामर्थ्यका कारण हुन्छ; तर दुवै अवस्थाले अन्ततः कार्यको अपूर्णतासम्म पुऱ्याउँछ। तरपनि, यस्ता व्यक्तिहरू कार्य सम्पन्न गरिसकेपछि अल्लाहसँग विनम्र प्रार्थना र अनुनय-विनय गर्छन् कि उहाँले उनीहरूको कर्म स्वीकार गरून्। साथै, उनीहरूले आफ्ना त्रुटिहरूको क्षतिपूर्तिका लागि सदका (दान), रोजा (व्रत) वा 'दम' (पशुवध) जस्ता प्रायश्चितका उपायहरू अपनाउँछन्। यस्ता व्यक्तिहरूका सम्बन्धमा आशा गरिन्छ कि

अल्लाहले उनीहरूको लापरवाहीलाई क्षमा गर्नुहुनेछ, उनीहरूको गल्तीहरू माफ गर्नुहुनेछ र उनीहरूको कर्मलाई अस्वीकार गर्नुहुने छैन।

<u>चौथो प्रकार</u>: ती व्यक्तिहरू हुन् जसले लापरवाही, सुस्ती र कमजोरीका साथ कर्म गरे, तर त्यसलाई उचित रूपले गर्नेतर्फ कुनै प्रयास गरेनन्। उनीहरूले कर्म त पूरा गरे, तर त्यसमा ध्यान, गम्भीरता वा सुधारको कुनै चिन्ता गरेनन्। अझ उनीहरूले आफ्नो कर्म स्वीकार भयो कि अस्वीकार भन्नेबारे पनि कहिल्यै विचार गरेनन्। न त अल्लाहसँग विनम्रतापूर्वक प्रार्थना गरे, न आत्मसमीक्षा नै गरे। बरु उनीहरू आफ्ना त्रुटिपूर्ण कर्ममा नै सन्तुष्ट रहे, र यसैकारण त्यस्तो कर्म अस्वीकार हुने सम्भावना अधिक हुन्छ। यस्ता मानिसहरूको चाहना प्रायः केवल समाजमा 'हाजी फलाना' भनेर चिनिनु मात्र हुन्छ।

अतः हे मेरा मुस्लिम भाइ! हजको समय समाप्त भइसकेपछि आफ्नो आत्मसमीक्षा गर्नुहोस् कि तपाईं यीमध्ये कुन वर्गमा पर्नुहुन्छ? के तपाईं तीमध्ये हुनुहुन्छ जसले कर्म पनि गरे र बिन्ती-प्रार्थना पनि गरे? वा तीमध्ये हुनुहुन्छ जसले केवल कर्म मात्र गरे? वा तीमध्ये हुनुहुन्छ जसले कमी-कमजोरीका साथ कर्म गरे तर पछि बिन्तीभाउ गर्नु र अल्लाहको भयका साथ त्यसलाई सुधार्ने प्रयास गरे? अथवा तीमध्ये हुनुहुन्छ जसले लापरवाही र त्रुटिका साथ कर्म गरे तर आफ्नो कर्म पूर्ण र सर्वश्रेष्ठ छ भन्ने भ्रममा परे?

हे हाजी भाइ! यस पवित्र भूमिबाट स्वदेश प्रस्थान गर्नुअघि आफ्ना कर्महरूको गम्भीर आत्म-समीक्षा (हिसाब) गर्नुहोस्। स्मरण रहोस्, हाम्रा निष्ठावान् पूर्वजहरू (सलफ सालेहीन) कर्म सम्पादन गर्नुभन्दा बढी त्यसको ईश्वरीय स्वीकार्यताप्रति चिन्तित रहन्थे र भन्दथे: 'हामीलाई हरपल यही भय रहन्छ कि कतै हाम्रा कर्महरू अस्वीकृत वा रद्द हुने त होइनन्—अल्लाहले हामीलाई त्यस्तो दुर्भाग्यबाट सुरक्षित राखून्।'

हे हाजी भाइ! यो कुरा जान्नुहोस् कि कुनै पनि असल कार्य स्वीकृत भएको लक्षण भनेको त्यसपछि अर्को असल कार्य (हसनात) गर्नु हो, र कार्य अस्वीकृत भएको लक्षण भनेको उल्टो बाटोमा फर्कनु र असल कार्यपछि पुनः पाप कर्ममा लाग्नु हो। त्यसैले, अल्लाहले तपाईँलाई क्षमा गरिसकेपछि र तपाईँ आफ्ना पापहरूबाट यसरी मुक्त भएर फर्किएपछि — जसरी आमाको कोखबाट जन्मँदा एक बालक सर्वथा स्वच्छ र पवित्र हुन्छ — पुनः ती पाप र अवज्ञाहरूतर्फ नफर्कनुहोस्।

पहिलो: अल्लाहप्रति यस कुराका लागि कृतज्ञता व्यक्त गर्नुहोस् कि उहाँले तपाईँलाई यस पवित्र भूमिमा पुग्न सहज बनाइदिनुभयो र लाखौँ त्यस्ता मानिसहरूमाझबाट तपाईँलाई छान्नुभयो, जो यहाँ आउन र पुग्न असमर्थ रहे।

दोस्रो: उहाँको यस कुराका लागि प्रशंसा गर्नुहोस् कि उहाँले तपाईँलाई हजका धार्मिक विधिहरू पूरा गर्ने र यसका कार्यहरू सम्पन्न गर्ने मार्गदर्शन दिनुभयो, यसलाई तपाईँका लागि सरल बनाइदिनुभयो र तपाईँको कष्ट एवं थकानलाई मेटाइदिनुभयो।

तेस्रो: उहाँप्रति यस कुराका लागि कृतज्ञ हुनुहोस् कि उहाँले तपाईँको हजको विधि पूर्ण गराइदिनुभयो; यसको बीचैमा तपाईँको मृत्यु भएन, न त तपाईँलाई कुनै यस्तो रोग वा अपाङ्गता आइलाग्यो जसले यसलाई पूर्ण गर्नबाट रोक्न सकोस्।

चौथो: उहाँको सामु बिन्तीभाउ गर्दै उहाँको महिमा गाउनुहोस् र प्रार्थना गर्नुहोस् कि उहाँले तपाईँको कर्म स्वीकार गरुन्; ताकि यो स्वीकृत कर्म, सराहनीय प्रयास, क्षमा गरिएको पाप र 'हज्जे मबरुर' (सफल हज) बनोस् र तपाईँको कर्म घाटामा परेर निष्फल नहोस्।

पाँचौँ: यी सबै कुराका लागि अल्लाहको प्रशंसा गर्नुहोस् कि उहाँले हजलाई पापहरूको प्रायश्चित (कफ्फारा) बनाइदिनुभयो, जसका कारण मानिस आफ्ना

पापहरूबाट यसरी मुक्त हुन्छ जस्तो कि ऊ आजै आमाको कोखबाट जन्मेको होस्। अब लगातार आज्ञाकारिता र भलाइका कार्यहरू गरिरहनुहोस्, दुष्कर्म एवं निषिद्ध कुराहरूबाट बच्नुहोस् र अल्लाहको सामीप्य दिलाउने असल कार्यहरूतर्फ अग्रसर हुनुहोस् तथा कर्महरूलाई नष्ट गर्ने पापहरूबाट टाढै रहनुहोस्।

छैटौँ: आफ्नो देशमा आफ्नी श्रीमती र छोराछोरीको माझमा सकुशल फर्किएपछि, अल्लाहको यस कुराका लागि प्रशंसा गर्नुहोस् कि उहाँले तपाईँलाई सकुशल र सफल रूपमा फिर्ता गराउनुभयो, जहाँ तपाईँले आफ्नो अनिवार्य दायित्व पूरा गर्नुभयो, हजका विधिहरू सम्पन्न गर्नुभयो र उहाँले तपाईँलाई आफ्ना परिवार र नातागोताकहाँ सुरक्षित फर्काउनुभयो।

हे हाजी भाइ! यी सबै कुराका लागि अल्लाहको प्रशंसा (हम्द) गर्नुहोस्; किनकि जसले अल्लाहका उपहारहरूलाई चिन्दछ र त्यसको कृतज्ञता व्यक्त गर्दछ, उसका लागि यी अत्यन्त महान् कुराहरू हुन्। तसर्थ, अल्लाहकै प्रशंसा छ, अल्लाहकै प्रशंसा छ, र सदासर्वदा अल्लाहकै प्रशंसा छ — जस्तो कि उहाँको भव्य अस्तित्व र उहाँको महान् साम्राज्यको गरिमाका लागि सुहाउँछ। उहाँ सर्वपवित्र हुनुहुन्छ।

हे अल्लाहका भक्तहरू! अल्लाहले मलाई र तपाईँहरू सबैलाई आफ्नो कृपा र अनुग्रहले पवित्र पुस्तक (कुरआन) र सुन्नहको मार्गदर्शनद्वारा लाभान्वित गरुन्। म जे भनिरहेको छु, तपाईँहरू सुनिरहनुभएको छ, र म आफ्नो तथा तपाईँहरू सबैका लागि अल्लाहसँग क्षमा याचना गर्दछु; तसर्थ उहाँसँग क्षमा माग्नुहोस् , निश्चय नै उहाँ अत्यन्त क्षमाशील र दयावान् हुनुहुन्छ।

# दोस्रो प्रवचन

सम्पूर्ण प्रशंसा ब्रह्माण्डका पालनकर्ता अल्लाहका लागि हो, हामी सधैँ सधैँ उहाँ सुब्हानहुको प्रशंसा गर्दछौँ, उहाँप्रति कृतज्ञता व्यक्त गर्दछौँ, उहाँसँग क्षमा याचना गर्दछौँ, उहाँसँगै मद्दत माग्दछौँ र उहाँमाथि नै भरोसा गर्दछौँ । तथा प्रकाशमान अनुहार भएकाहरूका अगुवा र धर्मपरायण (मुत्तकी) हरूका इमाम, हाम्रा नायक एवं नबी मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम)माथि र उहाँका सन्तान तथा प्रलयको दिनसम्म उहाँको मार्गमा चल्नेहरूमाथि कृपा र शान्ति वर्षिरहोस्। त्यसपश्चात:

हे हाजी भाइ! यो कुरा राम्ररी जान्नुहोस् कि हज कल्याणका अवसरहरूमध्ये एउटा यस्तो अवसर हो, जुन मानिसको जीवनमा एक पटक मात्र आउँछ र सम्भवतः उसले यसलाई दोबारा नपाउन पनि सक्छ। त्यसैले जसले यो हज सम्पन्न गर्यो, उसले यो जान्नुपर्छ कि ऊ पापहरूबाट मुक्त भई आफ्नो प्रारम्भिक अवस्थामा फर्किएको छ — जसरी ऊ जन्मेको दिन थियो। अब उसले कुनै पनि पाप, अपराध र दुष्कर्म नगरोस्, न त कुनै खराबी, विकृति र निषिद्ध कार्य नै गरोस्; अन्यथा अल्लाहले उसका पापहरू धोएर पूर्ण रूपमा क्षमा गरिसकेपछि पनि ऊ पुनः सैतानको मार्ग, विनाश र बर्बादीतर्फ फर्किएको ठहरिनेछ। यस्तो व्यक्ति त्यस्तो मानिससरह हुनेछ जसले केही निर्माण गर्यो र आफैँले आफ्नै हातले त्यसलाई भत्काइदियो। अहो, कति ठूलो घाटा र दुर्दशा, कति खराब काम र अपराध! र कसलाई थाहा, सायद यही नै उसको हज अस्वीकृत हुनुको कारण र त्यसको लक्षण पनि हुन सक्छ। उच्च र महान् अल्लाहको सहायताबिना न पापबाट बच्ने कुनै उपाय छ, न सत्कर्म गर्ने कुनै शक्ति।

हे अल्लाहका भक्तहरू हो! मानवताका लागि वरदान र कृपास्वरूप पठाइएका, समस्त सन्देशवाहकहरूका अगुवा मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) माथि दरूद र सलाम पठाउनुहोस्। जसरी सर्वज्ञानी अल्लाहले आज्ञा गर्नुभएको छ:

﴿ إِنَّ ٱللَّهَ وَمَلَٰٓئِكَتَهُۥ يُصَلُّونَ عَلَى ٱلنَّبِيِّۚ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ صَلُّواْ عَلَيۡهِ وَسَلِّمُواْ تَسۡلِيمًا ﴾

"अल्लाह एवं उनका फरिश्ताहरू नबीमाथि दरूद पठाउने गर्छन् । अतः हे आस्थावानहरू हो ! तिमीहरू पनि उनीमाथि 'दरूद' तथा सलाम पठाउने गर ।"

हे अल्लाह! ती मार्गदर्शक खलिफाहरू र सत्यका अनुयायी महान् व्यक्तित्वहरूसँग प्रसन्न हुनुहोस्, जसले सत्यका साथ न्याय गरे। प्रलयको दिनसम्म निष्ठापूर्वक उनीहरूको मार्ग अनुशरण गर्नेहरूसँग पनि प्रसन्न हुनुहोस्। हे हे अत्यन्त दयालु! हामीलाई पनि आफ्नो क्षमा र कृपा प्रदान गर्नुहोस्।

हे अल्लाह !इस्लाम र मुस्लिमहरूलाई सम्मानित गर्नुहोस्; कुफ्र (अधर्म) र काफिरहरूलाई निस्तेज पार्नुहोस्। आफ्ना एकत्ववादी भक्तहरूलाई विजय प्रदान गर्नुहोस्। हे विश्वका पालनकर्ता! समस्त मुस्लिम राष्ट्रहरूमा सुख, शान्ति र समृद्धि कायम गरिदिनुहोस्।

हे अल्लाह! मुस्लिम शासकहरूलाई तपाईंको नियम, विधान र तपाईंका रसुल मुहम्मद मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को सुन्नत लागू गर्ने सामर्थ्य प्रदान गर्नुहोस्। उनीहरूको हृदयमा आपसी प्रेम र मेलमिलाप जागृत गराई जनप्रिय एवं दयालु बनाउनुहोस् र तपाईंलाई मन पर्ने कार्यहरू गर्ने सामर्थ्य प्रदान गर्नुहोस्।

हे अल्लाह! हाम्रो निम्ति जे उत्तम छ, त्यही छनोट गरिदिनुहोस् र हामीलाई एक क्षणका लागि पनि हाम्रै आश्रयमा नछोड्नुहोस्। हामीलाई मार्गदर्शन दिनुहोस्, सत्यको मार्ग सरल बनाइदिनुहोस् र तपाईंको स्मरण (जिक्र), कृतज्ञता एवं उत्तम उपासना गर्न हामीलाई सामर्थ्य प्रदान गर्नुहोस्।।

हे अल्लाह! हामीलाई संसार र धर्मको ज्ञान (फिक्ह) प्रदान गर्नुहोस्। समस्त मुस्लिमहरूको अवस्थामा सुधार ल्याउनुहोस्, मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) का अनुयायीहरूका आवश्यकताहरू पूरा गरिदिनुहोस् र हे दयावान्! उनीहरूको अन्त्य सुखद र कल्याणकारी बनाइदिनुहोस्।

हे अल्लाह! हजयात्रीहरूको हज, उमराह गर्नेहरूको उमराह र उपासकहरूको उपासना स्वीकार गर्नुहोस्। यसलाई 'हज्जे मबरुर' (स्विकृत हज), प्रशंसनीय प्रयास, क्षमा गरिएको पाप र कहिल्यै घाटा नहुने व्यापार बनाइदिनुहोस्, हे अन्तरात्मा र हृदयको कुराहरू जान्ने सर्वज्ञ पालनकर्ता!

हे अल्लाहका भक्तहरू हो! निश्चय नै अल्लाहले न्याय, परोपकार र नातागोतालाई दान-प्रदान गर्ने आदेश दिनुहुन्छ; र अश्लीलता, दुष्कर्म तथा अत्याचारबाट रोक्नुहुन्छ। उहाँले तिमीहरूलाई उपदेश दिनुहुन्छ ताकि तिमीहरूले मनन गर।

अतः महान् अल्लाहको जिक्र (स्मरण) गर, उहाँले तिमीलाई याद गर्नुहुनेछ। उहाँका वरदानहरूका लागि उहाँको कृतज्ञता व्यक्त गर, उहाँले तिमीलाई अझ धेरै दिनुहुनेछ। वास्तवमा अल्लाहको जिक्र नै सर्वोपरि हो। र तिमीहरू जे-जति कर्म गर्छौ, अल्लाहलाई सबै थाहा छ।

# इस्लामी हिज्री वर्षको समापन

## पहिलो प्रवचन

सम्पूर्ण प्रशंसा केवल अल्लाहका लागि हुन्, जसले रात र दिनलाई एकपछि अर्को गर्दै परिवर्तन गर्नुहुन्छ र आफ्ना भक्तहरूलाई निरन्तर जीविका (रिज्क) प्रदान गरिरहनुहुन्छ। सम्पूर्ण प्रशंसा केवल अल्लाहकै निम्ति हो, जसले यस संसारलाई यात्राको अस्थाई आवास र परलोक (आखिरत) लाई शाश्वत निवास एवं अन्तिम गन्तव्य बनाउनुभयो। सम्पूर्ण प्रशंसा केवल अल्लाहकै लागि हो, जसको इच्छा र प्रसन्नताको आधारमा यस लोकमा भक्तहरूका माझ भिन्नता कायम हुन्छ र उनीहरूमध्ये केहीलाई 'तक्वा' (ईश-भय/सदाचारिता) को आधारमा उच्च मर्यादा (दर्जा) प्रदान गरिन्छ। सम्पूर्ण प्रशंसा केवल अल्लाहकै निम्ति हो, जसले परलोकलाई यस संसारभन्दा कयौँ गुणा उत्तम बनाउनुभयो र संसार र परलोकका लागि कर्म गर्ने मानिसहरू निर्धारित गर्नुभयो। सम्पूर्ण प्रशंसा केवल अल्लाहका लागि हो, जसले हामीलाई इस्लामको परम मार्गदर्शन प्रदान गर्नुभयो र हामीलाई सम्पूर्ण सृष्टिमा सर्वोत्कृष्ट व्यक्तित्व—मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को उम्मत (समुदाय) हुने सौभाग्य बक्सनुभयो।

म गवाही दिन्छु कि अल्लाहबाहेक कोही पनि सत्य उपास्य छैन; उहाँ एक र अद्वितीय हुनुहुन्छ र उहाँको कोही साझेदार छैन। ब्रह्माण्डका सम्पूर्ण कार्यको नियन्त्रण उहाँकै हातमा छ, र सृष्टिको सम्पूर्ण व्यवस्था उहाँकै आदेशद्वारा सञ्चालन भइरहेको छ । अनि म गवाही दिन्छु कि मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहका भक्त, उहाँका रसूल, उहाँका परम मित्र र सम्पूर्ण सृष्टिबाट चुनिएका सर्वश्रेष्ठ नायक हुनुहुन्छ, जसले भन्नुभएको छ:

“निश्चय नै अल्लाहले धर्तीका बासिन्दाहरूतर्फ हेर्नुभयो र उनीहरूका गैर-अरब (अजम) एवं अरब दुवैप्रति अप्रसन्नता (क्रोध) व्यक्त गर्नुभयो; केवल 'अहले किताब' (ईश्वरीय ग्रन्थ पाएका) मध्येका केही बाँकी रहेका निष्ठावान् मानिसहरूबाहेक। त्यस समय सम्पूर्ण धर्तीका मानव जाति मार्गभ्रष्ट भइसकेका थिए; अन्ततः अल्लाहले मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) लाई पठाउनु भयो। तत्पश्चात् उहाँले सम्पूर्ण सृष्टिलाई सत्मार्ग देखाउनुभयो र अल्लाहले उहाँको माध्यमबाट मानिसहरूलाई घोर अन्धकारबाट निकालेर ईश्वरीय प्रकाश (उज्यालो) तर्फ डोऱ्याउनुभयो। उहाँले मानव जातिलाई एक सुस्पष्ट, प्रज्ज्वल मार्ग र गौरवशाली शरीअत (धार्मिक कानुन) मा सुदृढ गरिदिनुभयो।”

उहाँमाथि, उहाँका साथीहरू (सहाबा), उहाँका अनुयायीहरू र प्रलयको दिनसम्म निष्ठाका साथ उनीहरूको मार्ग पछ्याउनेहरूमाथि अल्लाहको कृपा, आशिष्, अनुग्रह र आशीर्वाद वर्षिरहोस्।

अल्लाहका भक्तहरू हो! अल्लाहको तक्वा (अल्लाहको भय) नै त्यो व्यापक उपदेश र बलियो ढाल हो, जसले आकाश र पृथ्वी जत्तिको विशाल स्वर्ग सम्म पुऱ्याउँछ। यसभन्दा अघि, यसभन्दा पछि वा यसको बीचमा अरू कुनै उपदेश हुन सक्दैन; तक्वा नै सर्वोपरी हो। 'र अल्लाहसँग डराऊ, र अल्लाहले तिमीहरूलाई ज्ञान सिकाउनुहुनेछ।'

अल्लाहु अक्बर  अल्लाहु अक्बर  अल्लाहु अक्बर । अल्लाहु अक्बर  अल्लाहु अक्बर  अल्लाहु अक्बर । अल्लाहु अक्बर  ला इलाह इल्लल्लाह। अल्लाहु अक्बर अल्लाहु अक्बर  व लिल्लाहिल हम्द। अल्लाहु अक्बर  कबीरा व अल्हम्दु लिल्लाहि कसीरा व सुब्हानल्लाहि बुक्रतन व असीला।

अल्लाह सबैभन्दा महान् हुनुहुन्छ। अल्लाह बाहेक कोही सत्य पूज्य छैन, अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, अल्लाह सबैभन्दा महान् हुनुहुन्छ र सम्पूर्ण

प्रशंसा अल्लाहकै लागि हो । अल्लाह धेरै महान् हुनुहुन्छ र अल्लाहको धेरै-धेरै प्रशंसा छ, तथा बिहान र साँझ अल्लाहकै पवित्रता बयान गरिन्छ ।

अल्लाहका भक्तहरू हो! हजको अवसर प्राप्त हुनु आफ्ना भक्तहरूमाथि अल्लाहको एक विशेष कृपा हो, जसद्वारा मुस्लिमले धर्मका अनिवार्य कर्तव्य पूरा गर्दछ र महान् अल्लाहबाट ठूलो पुण्य प्राप्त गर्दछ। र जसले हज गर्न पाएनन्, उनीहरूलाई पनि अल्लाहले (जिलहिज्जा महिनाको) १० दिनमध्ये ९ दिनको व्रत बस्ने, विशेष गरी अराफाको दिनको व्रत बस्ने, उहाँको स्मरण (जिक्र) गर्ने र कुर्बानी (पशु वध) गर्ने अवसर प्रदान गर्नुभयो। यी सबै कार्यहरू महान् कर्म, अल्लाहको सामीप्य दिलाउने र अल्लाह कहाँ उच्च स्थान एवं दर्जा प्राप्त माध्यम हुन्।

तर यस सन्दर्भमा सबैभन्दा महत्त्वपूर्ण कुरा के हो भने, प्रत्येक (धार्मिक) अवसरपछि मानिसहरू दुई समूहमा बाँडिन्छन्—अल्लाहको समूह (हिज्बुल्लाह) र सैतानको समूह (हिज्बुश-सैतान)।

जहाँसम्म अल्लाहको समूहको कुरा छ, यी ती मानिसहरू हुन् जसलाई महान् अल्लाहले प्रेम गर्नुभयो र उनीहरूलाई आफ्नो दया, क्षमा र सन्तुष्टिको घेराभित्र सामेल गर्नुभयो; अनि उनीहरूलाई भलाइ, पुण्य र सत्यको कार्यमा लगाउनुभयो। र अल्लाह जससँग प्रसन्न हुनुहुन्छ, उहाँले उसको कर्मलाई भलाइ र कल्याणको बाटोमा लगाइदिनुहुन्छ, उसका सबै कर्महरूको अन्त्य राम्रो बनाइदिनुहुन्छ, उसलाई प्रसन्न बनाइदिनु हुन्छ, उसका हरेक कार्यमा बर्कत (आशिष) प्रदान गर्नुहुन्छ, उसको अवस्था सुधारिदिनुहुन्छ र उसलाई आफ्नो संरक्षणमा लिनुहुन्छ, विपत्ति, खराबी, विकृति, कठिनाइ र कष्ट भाग्यबाट जोगाउनुहुन्छ, उसमाथि कृपा गर्नुहुन्छ, र उसको जीवनमा भलाइ तथा खुशीहरू एकत्रित गरिदिनुहुन्छ। अन्ततः उसका सबै परिणामहरू भलाइमा समाप्त हुन्छन्।

तर जहाँसम्म सैतानको समूहको कुरा छ, यी ती मानिसहरू हुन् जसप्रति अल्लाह क्रोधित हुनुहुन्छ। उहाँले उनीहरूको कर्मको परिणामस्वरूप उनीहरूलाई खराबी, दुष्कर्म र असत्यका कार्यहरूमा छोडिदिनुहुन्छ। उनीहरूमाथि संसारका चिन्ताहरू, प्रलोभनहरू र यसको चमकधमक हावी हुन्छन्। त्यसैले यस्ता व्यक्तिहरू संसारको थोरै कुरामा पनि कहिल्यै सन्तुष्ट हुँदैनन्, र अल्लाहले उनीहरूलाई आफ्नो आशिषबाट बञ्चित गरिदिनुहुन्छ, जसका कारण उनीहरूको जीवन नष्ट र अस्तव्यस्त हुन पुग्छ। उनीहरूको एकता छिन्नभिन्न हुन्छ, उनीहरूका मामिलाहरू खण्डित हुन्छन्, उनीहरूको मानसिक शान्ति नष्ट हुन्छ, र संसारमै उनीहरू अलमलिएर आफ्ना प्रभुको उपासना (इबादत) बाट टाढा हुन्छन्। साथै उनीहरूमाथि नराम्रो भाग्य, खराबी, विकृति, कठिनाइ, विपत्ति र सजायहरू आइलाग्छन्। यी सबै कुराहरू अल्लाहबाट टाढा भएकै कारणले गर्दा हुन्छन्।

तसर्थ, निस्सन्देह प्रत्येक मुस्लिम यी दुई समूहमध्ये कुनै न कुनै एउटा समूहमा पर्दछ, कि त ऊ अल्लाहको समूह, उहाँका धर्मको समर्थक र उहाँका सैनिकहरूमा पर्दछ, कि त ऊ सैतानको समूह, उसका सहयोगी र उसका सैनिकहरूमा पर्दछ।

तसर्थ, हे अल्लाहका भक्त! अल्लाहको त्यस समूहमा सामेल हुनुहोस्, जसलाई न कुनै डर हुनेछ, न उनीहरू चिन्तित नै हुनेछन्। उहाँको शरियत (नियम) मा दृढ रहनुहोस्, विशेष गरी यो महान् हजको अवसर पूरा गरिसकेपछि। अल्लाहका आदेशहरूको पालना गर्नुहोस् र उहाँले निषेध गर्नुभएका कुराहरूबाट बच्नुहोस्। उहाँसँग कसैलाई साझेदार नबनाउनुहोस्। अल्लाहको धर्ममा बिद्अत (नवाचार) नभित्र्याउनुहोस्। उहाँको मार्गलाई नबदल्नुहोस्। कपट (मुनाफिकत) नगर्नुहोस्। झुट नबोल्नुहोस्। चोरी नगर्नुहोस्। व्यभिचार नगर्नुहोस्। मदिरापान नगर्नुहोस्। चुक्ली नगर्नुहोस्। कसैको छेडखानी नगर्नुहोस्। कसैमाथि मिथ्या आरोप

नलगाउनुहोस्। मनमा द्वेष नराख्नुहोस्। डाह (ईर्ष्या) नगर्नुहोस्। कसैको गुप्त कुराको चियोचर्चो (जासुसी) नगर्नुहोस्। अरूका कमजोरी नखोज्नुहोस्। निषेधित कुराहरूतर्फ नहेर्नुहोस्। हराम कुराहरू नसुन्नुहोस्। हराम कार्यतर्फ कदम नचाल्नुहोस्। मानिसहरूका लुकाउनुपर्ने कुराहरू उजागर नगर्नुहोस्। मानिसहरूलाई ताना नकस्नुहोस्। कोही तपाईंभन्दा कमजोर वा सानो भए पनि उसलाई तुच्छ नठान्नुहोस्। अरूको उपहास (खिल्ली) नउडाउनुहोस्। पवित्र कुराहरूको अनादर नगर्नुहोस्। पाप र अपराधहरूलाई सामान्य रूपमा नलिनुहोस्। अवज्ञा र दुष्कर्म गर्ने साहस नगर्नुहोस्। संसारका विकृति (फित्ना) हरूको पछि नलाग्नुहोस्। आफ्नो संसारमै हराएर परलोकलाई नबिर्सनुहोस्। र आफ्नो सैतानबाट भ्रमित भएर आफ्नो धर्मका मामिलाहरूमा लापरवाही नगर्नुहोस्।

हे मेरा भाइहरू हो! यी सबै तथा यिनीजस्ता अन्य दुष्कर्महरू विनाशतर्फ लैजाने कारणहरू हुन्। यी कुराहरू यस संसारमा इच्छा र सुख-विलासजस्ता देखिन सक्छन्, तर प्रलयको दिन (कयामत) मा यी केवल पश्चात्ताप र रोदनका कारण बन्नेछन्, तथा नरकका खाडल र गहिराइका तहहरूमा यिनको अन्त्य हुनेछ। तसर्थ, हे मेरा भाइ! सजग रहनुहोस् — कतै तपाईं ती मानिसहरूमध्ये नपर्नुहोला जसलाई यस क्षणिक दुनियाँले मोहित बनायो र जसका कारण उनीहरूले आफ्नो शाश्वत आखिरत बर्बाद गरिदिए।

तत्पश्चात्, हे मेरा मुस्लिम भाइ! यो कुरा जान्नुहोस् कि हज सम्पन्न गरेपछि तपाईं सत्मार्गमा अविचलित रूपमा अडिग रहनुपर्दछ, जसका माध्यमबाट एउटा सत्कर्मपछि अर्को सत्कर्मको ढोका खुल्दै जाओस्। तपाईं कदापि त्यस्तो व्यक्तिजस्तो नबन्नुहोस्, जसले प्रारम्भमा त असल कार्य गर्‍यो, तर पछि गएर खराब आचरण अपनायो। रसूलु (सल्लल्लाहु अलैहि वसल्लम) को यस वाणीलाई सधैँ याद राख्नुहोस्:

"जसले हज गऱ्यो र त्यस अवधिमा न त कुनै अश्लील कुरा गऱ्यो, न त कुनै पाप गऱ्यो, ऊ आफ्ना सम्पूर्ण पापहरूबाट यसरी मुक्त भएर फर्कन्छ जसरी ऊ आजै आफ्नी आमाको कोखबाट जन्मेको होस्।" (सहीह बुखारी)

तसर्थ, हे हजको सौभाग्य प्राप्त गर्ने हाजीहरू हो! र हे हजको अवसर नपाएका, तर अल्लाहले रोजा (व्रत), जिक्र (स्मरण) र कुर्वानी (पशु वध) जस्ता अन्य पुण्य कमाउने अनुग्रह प्रदान गर्नुभएका भक्तहरू हो! मार्गदर्शनको यस उज्ज्वल मार्गमा निरन्तर अगाडि बढ्न तथा एउटा सत्कर्मपछि अर्को सत्कर्ममा लीन हुन सदैव लालायित रहनुहोस्। तपाईं आफ्नो जीवनलाई त्यस्तो बटुवाजस्तो बनाउनुहोस्, जो एउटा शीतल छहारीबाट अर्को छहारीमा, एउटा रमणीय बगैंचाबाट अर्को बगैंचामा र एउटा हराभरा मैदानबाट अर्को हरियाली मैदानमा प्रवेश गर्दछ; न कि त्यस्तो अभागी व्यक्तिजस्तो, जो छहारीबाट सिधै खाडलमा, सुन्दर बगैंचाबाट भत्किन लागेको भीरमा र हरियाली मैदानबाट अन्धकारमय गहिरो भड्खारोमा खस्दछ।

यसका साथै, हे मेरा भाइहरू हो! हज एक महान् धार्मिक अनुष्ठान, एक पवित्र आध्यात्मिक यात्रा र यस्तो अनुपम अवसर हो, जसबाट प्राप्त हुने शिक्षाहरू र दिव्य पाठहरू मुस्लिमको मानमा सधैँका लागि अङ्कित भइरहन्छन्। यहाँसम्म कि हज नगर्ने व्यक्तिले पनि जब लाखौँ-करोडौँको मानव-सागर र हजारौँ-सयौँका समूहहरूलाई एउटै पद्धति र एउटै मार्गमा अनुशासित भई हिँडिरहेको देख्छ, तब के यस दृश्यले उसलाई एक मात्र सृष्टिकर्ता, एक मात्र धर्म, एक मात्र आदर्श पद्धति, एक मात्र पालनकर्ता र एक मात्र पवित्र पुस्तक (कुरआन) सँग जोड्दैन र? अल्लाहको दृष्टिमा उनीहरू सबै समान छन्। तसर्थ, जसले असल कार्य गऱ्यो, उसले आफ्नै हितका लागि गऱ्यो र जसले दुष्कर्म गऱ्यो, उसले आफ्नै विनाश गऱ्यो; जस्तो कि महानतम अल्लाहले आफ्नो सम्मानित पुस्तकमा भन्नुभएको छ:

﴿ مَّنۡ عَمِلَ صَٰلِحٗا فَلِنَفۡسِهِۦۖ وَمَنۡ أَسَآءَ فَعَلَيۡهَاۗ وَمَا رَبُّكَ بِظَلَّٰمٖ لِّلۡعَبِيدِ ﴾

" जसले सत्कर्म गर्छ आफ्नै फाइदाकोलागि गर्छ र जसले कुकर्म गर्छ, त्यसको दुष्परिणाम उसैमाथि आउनेछ । र, तिम्रा पालनकर्ता भक्तहरूमाथि कत्ति पनि अत्याचार गर्दैनन् ।" (सूरह फुस्सिलत: ४६)

हे अल्लाहका निष्ठावान् भक्त! अल्लाहले तपाईंको रक्षा गरून्। यो कुरा राम्ररी जान्नुहोस् कि तपाईंलाई आफ्नो सत्कर्मको प्रतिफल दुई पटक प्रदान गरिनेछ। पहिलो यस संसारमा, अल्लाहको सन्तुष्टि र मार्गदर्शनको रूपमा, जुन आस्थावानका लागि तत्काल प्राप्त हुने सुखद सुसमाचार हो; र दोस्रो परलोक आखिरतमा, स्वर्ग र अनन्त कालसम्म रहने सुख-सुविधाको महासफलताको रूपमा।

हे अल्लाहका भक्त! यो कुरा जान्नुहोस् कि सम्भवतः तपाईँले यस संसारको सुख-सुविधा साँच्चिकै गुमाउनुभयो भने पनि यसले खासै फरक पर्दैन; किनकि यसको बदला र सान्त्वना परलोकमा मिल्नेछ, र यो जुनसुकै अवस्थामा पनि सदा रहिरहने छैन, बरु यो त थोरै र नष्ट हुने सुख हो। तर वास्तवमा चिन्ताको विषय र ठूलो घाटा त त्यो हो, जब तपाईँले स्वर्गको सुख र त्यसको सफलतालाई गुमाउनुहुनेछ; किनकि त्यो सदा रहिरहने सुख हो, र त्यो यति महान् छ कि त्यसको वर्णन गर्न सकिँदैन। जस्तो कि अल्लाहले हदीस कुद्सीमा भन्नुभएको छ:

"मैले मेरा असल भक्तहरूका लागि त्यस्ता सुविधाहरू तयार पारेको छु, जसलाई न त कुनै आँखाले देखेको छ, न कुनै कानले सुनेको छ, र न त कुनै मानिसको हृदयमा त्यसको कल्पना नै आएको छ; यसको पुष्टि अल्लाहको पुस्तकको यस आयातबाट हुन्छ:

﴿ فَلَا تَعۡلَمُ نَفۡسٞ مَّآ أُخۡفِيَ لَهُم مِّن قُرَّةِ أَعۡيُنٖ جَزَآءَۢ بِمَا كَانُواْ يَعۡمَلُونَ ﴾

"तसर्थ कसैलाई थाहा छैन कि उनीहरूका आँखाको शीतलताका लागि के-के कुराहरू लुकाएर राखिएका छन्, यो उनीहरूले गर्ने गरेका कर्महरूको प्रतिफल हो।"

हे अल्लाहका भक्त! आफूमाथि अन्याय नगर्नुहोस् (अर्थात् पाप नगर्नुहोस्) र यो कुरा जान्नुहोस् कि यदि तपाईंले त्यसो गर्नुभयो भने, तपाईं बाहेक अरू कोही घाटामा पर्ने छैन; जस्तो कि अल्लाहको यस भनाइले पुष्टि गर्दछ:

﴿ وَمَا ظَلَمۡنَٰهُمۡ وَلَٰكِن ظَلَمُوٓاْ أَنفُسَهُمۡۖ ﴾

"र हामीले उनीहरूमाथि अन्याय गरेनौँ, बरु उनीहरू आफैँले आफूमाथि अन्याय गरे।"

र अर्को ठाउँमा भन्नुभएको छः

﴿ وَمَا ظَلَمۡنَٰهُمۡ وَلَٰكِن كَانُوٓاْ أَنفُسَهُمۡ يَظۡلِمُونَ ﴾

"र हामीले उनीहरूमाथि अन्याय गरेनौँ, बरु उनीहरू आफैँ नै आफूमाथि अन्याय गरिरहेका थिए।"

हे मेरा मुस्लिम भाइ! यो कुरा जान्नुहोस् कि तपाईं आफ्नै हातले (आफ्नै कर्मले) स्वर्ग वा नर्कमा प्रवेश गर्नुहुन्छ, जस्तो कि नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ:

"मेरो उम्मतका सबै मानिसहरू स्वर्गमा प्रवेश गर्नेछन्, केवल त्यस व्यक्ति बाहेक जसले अस्वीकार गर्‍यो। सहाबा (साथीहरू) ले सोधे: हे अल्लाहका रसूल! हामीमध्ये कसले अस्वीकार गर्छ र? उहाँले भन्नुभयो: जसले मेरो आज्ञापालन गर्‍यो, ऊ जन्नतमा प्रवेश गर्नेछ, र जसले मेरो अवज्ञा गर्‍यो, उसैले नै अस्वीकार गर्‍यो।"

अल्लाहु अक्बर  अल्लाहु अक्बर  अल्लाहु अक्बर । अल्लाहु अक्बर  ला इलाह इल्लल्लाह। अल्लाहु अक्बर  अल्लाहु अक्बर  व लिल्लाहिल हम्द।

अल्लाहका भक्तहरू हो! अल्लाहले मलाई र तपाईंहरू सबैलाई पवित्र पुस्तक कुरआन र सुन्नहको मार्गदर्शनद्वारा, तथा त्यसमा रहेका आयात, उपदेश र बुद्धिमत्ताका कुराहरूद्वारा लाभान्वित गरुन्। म जे भनिरहेको छु, तपाईंहरू सुनिरहनु भएको छ, र म महान् एवं गौरवशाली अल्लाहसँग क्षमा याचना गर्दछु; तसर्थ उहाँसँग क्षमा माग्नुहोस्, निश्चय नै उहाँ अत्यन्त क्षमाशील र दयावान् हुनुहुन्छ।

# दोस्रो प्रवचन

सम्पूर्ण प्रशंसा ब्रह्माण्डका पालनकर्ता अल्लाहका लागि हो, र म गवाही दिन्छु कि उहाँ बाहेक कोही सत्य पूज्य छैन, उहाँ पवित्र हुनुहुन्छ; र म गवाही दिन्छु कि मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) सम्पूर्ण सृष्टिमा उत्तम र सत्यताका अगुवा हुनुहुन्छ। मेरा पालनकर्ताको कृपा र शान्ति उहाँमाथि, उहाँका सन्तान तथा प्रलयको दिनसम्म उहाँको मार्ग पछ्याउनेहरूमाथि वर्षिरहोस्। अल्लाहका भक्तहरू हो! अल्लाहसँग डराऊ (तक्वा अपनाऊ)।

अल्लाहु अक्बर अल्लाहु अक्बर अल्लाहु अक्बर । अल्लाहु अक्बर अल्लाहु अक्बर ला इलाह इल्लल्लाह। अल्लाहु अक्बर अल्लाहु अक्बर व लिल्लाहिल हम्द।

अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, अल्लाह सबैभन्दा महान् हुनुहुन्छ । अल्लाह सबैभन्दा महान् हुनुहुन्छ । अल्लाह बाहेक कोही सत्य पूज्य छैन, अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, अल्लाह सबैभन्दा महान् हुनुहुन्छ र सम्पूर्ण प्रशंसा अल्लाहकै लागि हो । अल्लाहका भक्तहरू हो! अल्लाहसँग डराऊ ताकि तिमीहरू सफल हुन सकोस् ।

हे मेरा भाइहरू हो! कतिपय धर्मपरायण (मुत्तकी) मानिसहरू पनि आफ्ना बालबाच्चा र परिवारजनप्रति लापरवाही गरे; कतिपय बुद्धिमान् मानिसहरूले आफ्ना महिला र छोराछोरीहरूलाई विना रेखदेख स्वतन्त्र छोडिदिएका छन्; र कतिपय सम्मानित एवं प्रतिष्ठित व्यक्तिहरूले पनि आफ्नो मातहतमा रहेकाहरूको अधिकार पूरा गर्न र उनीहरूलाई सही मार्गदर्शन गर्नमा लापरवाही गरेका छन्। यो सबै मार्गविहीनता र विनाशको कारण हो; र अल्लाहसँग नै मद्दत मागिन्छ।

हे मेरा मुस्लिम भाइ! आफ्नो (हिजरी) आफ्नो वर्षको अन्त्य खुशी, असल कर्म र सफलतासँग गर्नुहोस्, र नयाँ वर्षको स्वागत आशीर्वाद र भलाइका साथ स्वागत गर्नुहोस् । त्यसैले, साँचो रूपमा भाग्यमानी त्यो व्यक्ति हो, जसलाई अल्लाहले यसका लागि मार्गदर्शन प्रदान गर्नुभयो।

अल्लाहु अक्बर  अल्लाहु अक्बर  अल्लाहु अक्बर । अल्लाहु अक्बर  अल्लाहु अक्बर  अल्लाहु अक्बर । अल्लाहु अक्बर  ला इलाह इल्लल्लाह। अल्लाहु अक्बर अल्लाहु अक्बर  व लिल्लाहिल हम्द। अल्लाहु अक्बर  कबीरा व अल्हम्दु लिल्लाहि कसीरा व सुब्हानल्लाहि बुक्रतन व असीला।

अल्लाह सबैभन्दा महान् हुनुहुन्छ। अल्लाह बाहेक कोही सत्य पूज्य छैन, अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, अल्लाह सबैभन्दा महान् हुनुहुन्छ र सम्पूर्ण प्रशंसा अल्लाहकै लागि हो । अल्लाह धेरै महान् हुनुहुन्छ र अल्लाहको धेरै-धेरै प्रशंसा छ, तथा बिहान र साँझ अल्लाहकै पवित्रता बयान गरिन्छ ।

हे अल्लाहका भक्तहरू हो! मानवताका लागि वरदान र कृपास्वरूप पठाइएका, समस्त सन्देशवाहकहरूका अगुवा मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) माथि दरूद र सलाम पठाउनुहोस्। जसरी सर्वज्ञानी अल्लाहले आज्ञा गर्नुभएको छ:

﴿ إِنَّ ٱللَّهَ وَمَلَٰٓئِكَتَهُۥ يُصَلُّونَ عَلَى ٱلنَّبِيِّۚ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ صَلُّواْ عَلَيۡهِ وَسَلِّمُواْ تَسۡلِيمًا ﴾

"अल्लाह एवं उनका फरिश्ताहरू नबीमाथि दरूद पठाउने गर्छन् । अतः हे आस्थावानहरू हो ! तिमीहरू पनि उनीमाथि ‘दरूद’ तथा सलाम पठाउने गर ।"

हे अल्लाह! ती मार्गदर्शक खलिफाहरू र सत्यका अनुयायी महान् व्यक्तित्वहरूसँग प्रसन्न हुनुहोस्, जसले सत्यका साथ न्याय गरे। प्रलयको दिनसम्म

निष्ठापूर्वक उनीहरूको मार्ग अनुशरण गर्नेहरूसँग पनि प्रसन्न हुनुहोस्। हे हे अत्यन्त दयालु! हामीलाई पनि आफ्नो क्षमा र कृपा प्रदान गर्नुहोस्।

हे अल्लाह !इस्लाम र मुस्लिमहरूलाई सम्मानित गर्नुहोस्; कुफ्र (अधर्म) र काफिरहरूलाई निस्तेज पार्नुहोस्। आफ्ना एकत्ववादी भक्तहरूलाई विजय प्रदान गर्नुहोस्। हे विश्वका पालनकर्ता! समस्त मुस्लिम राष्ट्रहरूमा सुख, शान्ति र समृद्धि कायम गरिदिनुहोस्।

हे अल्लाह! मुस्लिम शासकहरूलाई तपाईँको नियम, विधान र तपाईँका रसुल मुहम्मद मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को सुन्नत लागू गर्ने सामर्थ्य प्रदान गर्नुहोस्। उनीहरूको हृदयमा आपसी प्रेम र मेलमिलाप जागृत गराई जनप्रिय एवं दयालु बनाउनुहोस् र तपाईँलाई मन पर्ने कार्यहरू गर्ने सामर्थ्य प्रदान गर्नुहोस्।

हे अल्लाह! हाम्रो निम्ति जे उत्तम छ, त्यही छनोट गरिदिनुहोस् र हामीलाई एक क्षणका लागि पनि हाम्रै आश्रयमा नछोड्नुहोस्। हामीलाई मार्गदर्शन दिनुहोस्, सत्यको मार्ग सरल बनाइदिनुहोस् र तपाईँको स्मरण (जिक्र), कृतज्ञता एवं उत्तम उपासना गर्न हामीलाई सामर्थ्य प्रदान गर्नुहोस्।।

हे अल्लाह! हामीलाई संसार र धर्मको ज्ञान (फिक्ह) प्रदान गर्नुहोस्। समस्त मुस्लिमहरूको अवस्थामा सुधार ल्याउनुहोस्, मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) का अनुयायीहरूका आवश्यकताहरू पूरा गरिदिनुहोस् र हे दयावान्! उनीहरूको अन्त्य सुखद र कल्याणकारी बनाइदिनुहोस्।

हे अल्लाह! हजयात्रीहरूको हज, उमराह गर्नेहरूको उमराह र उपासकहरूको उपासना स्वीकार गर्नुहोस्। यसलाई 'हज्जे मबरुर' (स्विकृत हज), प्रशंसनीय प्रयास, क्षमा गरिएको पाप र कहिल्यै घाटा नहुने व्यापार बनाइदिनुहोस्, हे अन्तरात्मा र हृदयको कुराहरू जान्ने सर्वज्ञ पालनकर्ता!

हे अल्लाहका भक्तहरू हो! निश्चय नै अल्लाहले न्याय, परोपकार र नातागोतालाई दान-प्रदान गर्ने आदेश दिनुहुन्छ; र अश्लीलता, दुष्कर्म तथा अत्याचारबाट रोक्नुहुन्छ। उहाँले तिमीहरूलाई उपदेश दिनुहुन्छ ताकि तिमीहरूले मनन गर।

अतः महान् अल्लाहको जिक्र (स्मरण) गर, उहाँले तिमीलाई याद गर्नुहुनेछ। उहाँका वरदानहरूका लागि उहाँको कृतज्ञता व्यक्त गर, उहाँले तिमीलाई अझ धेरै दिनुहुनेछ। वास्तवमा अल्लाहको जिक्र नै सर्वोपरि हो। र तिमीहरू जे-जति कर्म गर्छौ, अल्लाहलाई सबै थाहा छ।

# (१) शुभ ईद-उल-अजहा

## पहिलो प्रवचन

अस्सलामु अलैकुम व रहमतुल्लाहि व बरकातुह।

अल्लाहु अक्बर, अल्लाहु अक्बर, अल्लाहु अक्बर। अल्लाहु अक्बर, अल्लाहु अक्बर, अल्लाहु अक्बर। अल्लाहु अक्बर, अल्लाहु अक्बर, ला इलाहा इल्लल्लाह। अल्लाहु अक्बर, अल्लाहु अक्बर, व लिल्लाहिल-हम्द।

अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, जति पटक हाजीहरूले तलबिया पढे र तक्बीर भने।

अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, जति मानिसहरूले हज र उमरा गरे।

अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, बालुवाका कणहरू, रूखका पातहरू, पहाडहरूका भण्डार र वर्षाका थोपाहरूको संख्या बराबर।

अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, उहाँका सम्पूर्ण सृष्टिको संख्या, उहाँको प्रसन्नताको परिमाण, उहाँको अर्शको तौल र उहाँका शब्दहरूको मसीको मात्रा बराबर (जुन कि कहिल्यै सकिन्न)।

अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, आकाश र पृथ्वीमा सृजित वस्तुहरू, ती दुवैको बीचमा रहेका तत्वहरू र भविष्यमा सृष्टि गरिने सम्पूर्ण कुराहरूको को संख्या बराबर।

अल्लाह अत्यन्त महान् हुनुहुन्छ र सम्पूर्ण प्रशंसा अल्लाहकै लागि हो। बिहान र साँझ अल्लाहकै पवित्रताको महिमा गान गरिन्छ।

सबै प्रशंसा ती अल्लाहका लागि हो, जो आफ्ना भक्तले उहाँलाई सम्झने भन्दा पनि बढी उनीहरूको निकट हुनुहुन्छ। उहाँ पवित्र हुनुहुन्छ, जसले प्रत्येक वस्तुलाई त्यसको स्वरूप प्रदान गरी मार्गदर्शन गर्नुभयो। उहाँले मानिसहरूलाई

विनाशको मार्गबाट सत्य र सही मार्ग तर्फ निर्देशित गर्नुभयो। उहाँले उनीहरूमाथि अनगिन्ती उपहार र वरदानहरू वर्षाउनुभयो र उनीहरूलाई विपत्ति, दुःख एवं सजायबाट सुरक्षित राख्नुभयो।

अल्लाहु अक्बर, अल्लाहु अक्बर, ला इलाहा इल्लल्लाह। अल्लाहु अक्बर, अल्लाहु अक्बर, व लिल्लाहिल-हम्द।

म गवाही दिन्छु कि अल्लाह बाहेक कोही पनि सत्य उपास्य छैन। उहाँ एक्लै हुनुहुन्छ, उहाँको कुनै साझेदार छैन। उहाँले आफ्नो वाचा पूरा गर्नुभयो, आफ्ना भक्तलाई सहायता प्रदान गर्नुभयो र शत्रु समुहलाई एक्लै पराजित गर्नुभयो। अल्लाह बाहेक कोही पनि सत्य उपास्य छैन। उहाँ अद्वितीय हुनुहुन्छ, उहाँको कुनै साझेदार छैन। सम्पूर्ण ब्रह्माण्डको स्वामित्व उहाँकै हो, सबै प्रशंसा उहाँकै लागि हो र उहाँ हरेक कुरामाथि पूर्ण सामर्थ्य राख्नुहुन्छ।

म यो पनि गवाही दिन्छु कि मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) उहाँका भक्त र रसूल (सन्देशवाहक) हुनुहुन्छ, उहाँका चयनित मित्र हुनुहुन्छ। उहाँ सम्पूर्ण सृष्टिमध्ये उत्कृष्ट, सबै रसूलहरूका अगुवा र अन्तिम नबी हुनुहुन्छ। उहाँ सर्वोत्तम मार्गदर्शन, उच्च आचरण र सबैभन्दा सीधा मार्गका संवाहक हुनुहुन्छ। उहाँ सम्पूर्ण मानवजातिमध्ये सर्वश्रेष्ठ र परम पवित्र हुनुहुन्छ। अल्लाहले उहाँलाई अन्तिम धर्म र सबैभन्दा शुद्ध शरीअत (नियम) सहित पठाउनुभयो, जसको रात पनि दिनजस्तै स्पष्ट छ। त्यस मार्गबाट केवल विनाश हुने व्यक्ति मात्र विचलित हुन्छ।

त्यसैले, धन्य हुन् ती व्यक्ति जो उहाँको उम्मत (अनुयायी) मा पर्दछन् र भाग्यमानी हुन् ती व्यक्ति जो कियामत (महाप्रलय) को दिन उहाँकै समूहमा उठाइनेछन्। अल्लाहको असीम दया र शान्ति उहाँमाथि, उहाँका परिवार, सहाबा (साथीहरू) र अनुयायीहरूमाथि निरन्तर भइरहोस्। तत्पश्चात् :

अल्लाहका भक्तहरू हो! अल्लाहको मार्गमा लाग्ने र उहाँ सम्म पुग्ने एकमात्र बाटो 'तकवा' (धर्मपरायणता र ईश्वरभय) मात्र हो। सम्पूर्ण सृष्टिका लागि यो

अल्लाहको एउटा यस्तो व्यापक र पूर्ण उपदेश हो, जसमा सबै कुरा समेटिएको छ अल्लाहले भन्नुभएको छ:

﴿ وَلَقَدۡ وَصَّيۡنَا ٱلَّذِينَ أُوتُواْ ٱلۡكِتَٰبَ مِن قَبۡلِكُمۡ وَإِيَّاكُمۡ أَنِ ٱتَّقُواْ ٱللَّهَۚ ﴾

"अनि निश्चय नै, हामीले तिमीहरूभन्दा पूर्व ग्रन्थ (किताब) प्राप्त गर्नेहरूलाई र स्वयं तिमीहरूलाई पनि यही आदेश दिएका थियौँ कि—केवल अल्लाहसँग मात्र डराओ ।"

त्यसैले उहाँसँग डराउने गर, ताकि तिमीहरू आफ्ना असीम दयालु र कृपालु पालनकर्ताको तर्फबाट 'दारुल रिजवान' (प्रसन्नताको घर/स्वर्ग) प्राप्त गर्न सफल हुन सक।

हे आस्थावान् (मोमिन) हरू हो! अल्लाहले भन्नुभएको छ:

﴿ وَإِذۡ بَوَّأۡنَا لِإِبۡرَٰهِيمَ مَكَانَ ٱلۡبَيۡتِ أَن لَّا تُشۡرِكۡ بِي شَيۡـٔٗا وَطَهِّرۡ بَيۡتِيَ لِلطَّآئِفِينَ وَٱلۡقَآئِمِينَ وَٱلرُّكَّعِ ٱلسُّجُودِ ٢٦ وَأَذِّن فِي ٱلنَّاسِ بِٱلۡحَجِّ يَأۡتُوكَ رِجَالٗا وَعَلَىٰ كُلِّ ضَامِرٖ يَأۡتِينَ مِن كُلِّ فَجٍّ عَمِيقٖ ﴾

"अनि जब हामीले इब्राहिमका लागि (काबा) घरको स्थान निश्चित गरिदियौँ (र भन्यौँ) कि मसँग कसैलाई साझेदार नबनाउनू, र मेरो घरलाई तवाफ (परिक्रमा) गर्नेहरू, (नमाजमा) उभिएर इबादत गर्नेहरू, र रुकू तथा सज्दा गर्नेहरूका लागि पवित्र राख्नू। अनि मानिसहरूमा हजको घोषणा गरिदेऊ; तिनीहरू तिमीकहाँ पैदल हिँडेर र हरेक दुब्ला-पातला ऊँटहरूमा सवार भई टाढा-टाढाका गहिरा मार्गहरूबाट आउनेछन्।"

- निस्सन्देह यस आयतमा उल्लेखित फाइदाहरू अनगिन्ती छन्:

<u>पहिलो लाभ</u> - अल्लाहको तौहीद (एकेश्वरवाद) र उहाँप्रति पूर्ण भक्तित्व (इबादत) लाई स्थापित गर्नु तथा हरेक प्रकारका शिर्क (बहुदेववाद) बाट बच्नु हो।

तौहीदलाई स्थापित गर्नु र आस्था (विश्वास) लाई थोरै पनि विकृति वा विचलनबाट सुरक्षित राख्नु संसारकै सबैभन्दा महान् फाइदा हो, अल्लाहले भन्नुभएको छ :

﴿ حُنَفَآءَ لِلَّهِ غَيۡرَ مُشۡرِكِينَ بِهِۦۚ وَمَن يُشۡرِكۡ بِٱللَّهِ فَكَأَنَّمَا خَرَّ مِنَ ٱلسَّمَآءِ فَتَخۡطَفُهُ ٱلطَّيۡرُ أَوۡ تَهۡوِي بِهِ ٱلرِّيحُ فِي مَكَانٖ سَحِيقٖ ﴾

"अल्लाहकैलागि एकाग्र हुँदै तथा कसैलाई उनको साझेदार नबनाइकन । र जसले अल्लाहको साझेदार बनाउँछ, ऊ मानौँ आकाशबाट खस्यो, अनि उसलाई पंक्षीले थुतेर लगे वा हावाले उसलाई कुनै टाढाको गहिरो ठाउँमा फालिदियो।

<u>दोस्रो लाभ -</u> मुस्लिमहरूका बीचमा अल्लाहका लागि आपसी भाइचारालाई सुदृढ बनाउनु हो। हज यसलाई स्पष्ट रूपमा प्रमाणित गर्ने सबैभन्दा ठुलो प्रतीक हो, जब सबै हाजीहरू एउटै मैदानमा एकत्रित भएर एउटै स्वरमा 'तल्बिया' पुकार्दै भन्छन्:

"लब्बैक अल्लाहुम्मा लब्बैक, लब्बैक ला शरीका लका लब्बैक, इन्नल हम्दा वन्निअमता लका वल्मुल्क, ला शरीका लक" – (म हाजिर छु हे अल्लाह, म हाजिर छु। तपाईँको कुनै साझेदार छैन, म हाजिर छु। निश्चय नै सम्पूर्ण प्रशंसा तपाईँकै लागि हुन् र सबै अनुग्रह तपाईँले नै प्रदान गर्नुहुन्छ र सारा अधिराज्य तपाईंकै हो, तपाईँको कुनै साझेदार छैन)।

<u>तेस्रो लाभ</u> - महान् पालनकर्तालाई प्रसन्न गर्ने गरी 'तकवा' (धर्मपरायणता) अङ्गीकार गर्नु हो। पवित्र अल्लाहले भन्नुभएको छ:

﴿ ذَٰلِكَۖ وَمَن يُعَظِّمۡ شَعَٰٓئِرَ ٱللَّهِ فَإِنَّهَا مِن تَقۡوَى ٱلۡقُلُوبِ ﴾

"यो हाम्रो आदेश हो, र जसले अल्लाहका निशानीहरूको उच्च सम्मान गर्दछ, त्यो निश्चय नै हृदयको धर्मपरायणता (तक्वा) को परिचायक हो।"

<u>चौथो लाभ</u> - जब मोमिनले अल्लाहको पवित्र सहर (मक्का) र पवित्र स्थानहरू (मशाइर) मा हजको सुप्रभाव महसुस गर्दछ तब आस्था (इमान) को मिठासको अनुभव हुन्छ। अल्लाहले भन्नुभएको छ:

﴿ فَٱجۡعَلۡ أَفۡـِٔدَةٗ مِّنَ ٱلنَّاسِ تَهۡوِيٓ إِلَيۡهِمۡ ﴾

" त्यसैले मानिसहरूका हृदयलाई उनीहरूतर्फ आकर्षित गरिदिनुहोस्।"

<u>पाँचौँ लाभ</u> - (हृदयमा) अल्लाहको भय र विनम्रता उत्पन्न हुनु हो। अल्लाहले भन्नुभएको छ:

﴿ وَبَشِّرِ ٱلۡمُخۡبِتِينَ ٣٤ ٱلَّذِينَ إِذَا ذُكِرَ ٱللَّهُ وَجِلَتۡ قُلُوبُهُمۡ ﴾

" अनि ती विनम्रतापूर्वक झुक्नेहरूलाई शुभ-समाचार दिनुहोस्, जसको अगाडि अल्लाहको नाम लिइँदा उनीहरूका हृदय काँप्दछन्।"

<u>छैटौँ लाभ</u> - धैर्यता सिद्ध हुनु र नमाज तथा दान-दक्षिणा (इन्फाक) को उच्च स्तरमा पुग्नु हो। महानतम अल्लाहले भन्नुभएको छ:

﴿ وَٱلصَّٰبِرِينَ عَلَىٰ مَآ أَصَابَهُمۡ وَٱلۡمُقِيمِي ٱلصَّلَوٰةِ وَمِمَّا رَزَقۡنَٰهُمۡ يُنفِقُونَ ﴾

"अनि आफूमाथि आइपर्ने कठिनाइहरूमा धैर्य गर्नेहरू, नमाजलाई पूर्ण रूपमा कायम राख्नेहरू र हामीले उनीहरूलाई जे-जति जीविका दिएका छौँ, त्यसबाट खर्च गर्नेहरू।"

<u>सातौँ लाभ</u> - अल्लाहको आदेशअनुसार अङ्गहरू र आचरण सुधार हुनु। अल्लाहले भन्नुभएको छ:

﴿ فَمَن فَرَضَ فِيهِنَّ ٱلۡحَجَّ فَلَا رَفَثَ وَلَا فُسُوقَ وَلَا جِدَالَ فِي ٱلۡحَجِّۗ وَمَا تَفۡعَلُواْ مِنۡ خَيۡرٖ يَعۡلَمۡهُ ٱللَّهُۗ ﴾

“जसमाथि ती महिनाहरूमा हज गर्न अनिवार्य भयो, उसले हजको समयमा न अश्लील कुरा गरोस्, न पाप गरोस्, न त झगडा गरोस्। र तिमीहरूले जे-जति असल कार्य गर्छौ, अल्लाहलाई त्यसको ज्ञान हुन्छ।”

आठौँ लाभ - पृथ्वीको सबैभन्दा पवित्र स्थानमा रहँदै अल्लाहको कृपा र दयाको प्राप्ति । महान् अल्लाहले भन्नुभएको छ:

﴿ ثُمَّ لۡيَقۡضُواْ تَفَثَهُمۡ وَلۡيُوفُواْ نُذُورَهُمۡ وَلۡيَطَّوَّفُواْ بِٱلۡبَيۡتِ ٱلۡعَتِيقِ ﴾

“फेरि मानिसहरूले आफ्नो फोहोरमैला सफा गरून्, आफ्ना भाकलहरू पूरा गरून् र प्राचीन घर (कअ्बा) को तवाफ (परिक्रमा) गरून् ।”

नवौँ लाभ - अल्लाहका धार्मिक स्थान र कुराहरूको सम्मान गर्नु। महान् अल्लाहले भन्नुभएको छ:

﴿ ذَٰلِكَۖ وَمَن يُعَظِّمۡ حُرُمَٰتِ ٱللَّهِ فَهُوَ خَيۡرٞ لَّهُۥ عِندَ رَبِّهِۦۗ ﴾

“यो हाम्रो आदेश हो; र जसले अल्लाहद्वारा ठहर गरिएका पवित्र कुराहरू (र उहाँका आदेशहरू) को सम्मान गर्दछ, त्यो उसको पालनकर्ता कहाँ स्वयं उसकै लागि सर्वोत्कृष्ट हुन्छ।”

दशौँ लाभ - अल्लाहको अनुग्रह प्राप्त गर्न हलाल जीविकाको खोजी गर्नु, र भलाइका अवसरहरूमध्ये हजको पवित्र अवसरमा वैध कमाइ गर्नु। महान् अल्लाहले भन्नुभएको छ:

﴿ لَيۡسَ عَلَيۡكُمۡ جُنَاحٌ أَن تَبۡتَغُواْ فَضۡلٗا مِّن رَّبِّكُمۡۚ ﴾

“तिमीहरूमाथि कुनै दोष छैन यदि तिमीहरूले आफ्ना पालनकर्ताको अनुग्रह (जीविका, कमाइ) खोज्छौ भने।”

एघारौँ लाभ - अल्लाहको धेरै स्मरण गर्नु। महान् अल्लाहले भन्नुभएको छ:

﴿ فَإِذَا قَضَيۡتُم مَّنَٰسِكَكُمۡ فَٱذۡكُرُواْ ٱللَّهَ كَذِكۡرِكُمۡ ءَابَآءَكُمۡ أَوۡ أَشَدَّ ذِكۡرٗاۗ ﴾

"जब तिमीहरूले आफ्ना हजका कर्महरू पूरा गरिसक्छौ, तब अल्लाहलाई त्यसरी स्मरण गर, जसरी तिमीहरू आफ्ना बाबु-पुर्खाहरूलाई स्मरण गर्छौ, बरु त्यसभन्दा पनि बढी स्मरण गर।"

बाह्रौँ लाभ - आखिरतको सुख-सुविधा र वरदान प्राप्त गर्ने इच्छा बढ्नु। महान् अल्लाहले भन्नुभएको छ:

﴿ وَمِنۡهُم مَّن يَقُولُ رَبَّنَآ ءَاتِنَا فِي ٱلدُّنۡيَا حَسَنَةٗ وَفِي ٱلۡأٓخِرَةِ حَسَنَةٗ وَقِنَا عَذَابَ ٱلنَّارِ ﴾

"र तिनीहरूमध्ये कतिपयले भन्छन्: 'हे हाम्रा पालनकर्ता! हामीलाई यस संसारमा पनि भलाइ देऊ, आखिरतमा पनि भलाइ देऊ, र हामीलाई नर्कको आगोको यातनाबाट बचाऊ।'"

तेह्रौँ लाभ - अल्लाहको आदेशको पालन गर्नु। महान् अल्लाहले भन्नुभएको छ:

﴿ لَن يَنَالَ ٱللَّهَ لُحُومُهَا وَلَا دِمَآؤُهَا وَلَٰكِن يَنَالُهُ ٱلتَّقۡوَىٰ مِنكُمۡۚ كَذَٰلِكَ سَخَّرَهَا لَكُمۡ لِتُكَبِّرُواْ ٱللَّهَ عَلَىٰ مَا هَدَىٰكُمۡۗ وَبَشِّرِ ٱلۡمُحۡسِنِينَ ﴾

"न त तिनीहरूको मासु अल्लाहसम्म पुग्छ, न त तिनीहरूको रगत; बरु उहाँसम्म तिमीहरूको तक्वा (सदाचारिता, सत्यनिष्ठा) पुग्छ।"

चौधौँ लाभ – पवित्र र महानतम् अल्लाहका लागि पशु वध गर्नु! र यसै अन्तर्गत कुर्बानी (अजहिया) पर्दछ, अल्लाहले भन्नुभएको छ:

﴿ وَٱلۡبُدۡنَ جَعَلۡنَٰهَا لَكُم مِّن شَعَٰٓئِرِ ٱللَّهِ لَكُمۡ فِيهَا خَيۡرٞۖ ﴾

"र (कुर्बानीका) ऊँटहरूलाई हामीले तिमीहरूका लागि अल्लाहका निशानीहरू बनाएका छौँ, जसमा तिमीहरूका लागि कल्याण छ।"

र नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ: "कुर्बानीको दिन (यौम-उन्-नह्र) आदमको सन्तानले रगत बगाउनु (कुर्बानी गर्नु) भन्दा बढी अल्लाहको नजरमा प्रिय अरू कुनै कार्य गर्दैन। निश्चय नै त्यो जनावर प्रलयको दिन (कियामत) आफ्नो सिङ, खुर र रौँहरूका साथ उपस्थित हुनेछ। र निश्चय नै (कुर्बानीको) रगत जमिनमा खस्नु भन्दा पहिले नै अल्लाहको दरबारमा स्वीकृत भइसकेको हुन्छ, त्यसैले तिमीहरू प्रसन्न मनले कुर्बानी गर।"

कुर्बानीका लागि निम्नलिखित सर्तहरू हुनु अनिवार्य छ:

- यो घरपालुवा चौपाया (अनआम) हुनुपर्छ, जस्तै: ऊँट, गाई/भैँसी, वा बाख्रा/भेडा।

- यसले शरियतद्वारा निर्धारित उमेर पूरा गरेको हुनुपर्छ: ऊँटले ५ वर्ष पूरा गरेको, गाई/भैँसीले २ वर्ष पूरा गरेको, बाख्राले १ वर्ष पूरा गरेको र भेडाले ६ महिना पूरा गरेको हुनुपर्छ।

- यो शारीरिक खोट वा दोषहरूबाट मुक्त हुनुपर्छ।

- यसलाई वध (जबह) गर्ने समयको ख्याल गर्नुपर्छ, जुन इदको नमाज सकिएपछि सुरु भएर (जिल्हिज्जा महिनाको) तेह्रौँ दिनको सूर्यास्तसम्म रहन्छ, अर्थात् 'अयाम-उत-तश्रीक' को तेस्रो दिनसम्म।

यसको सुन्नत तरिका अनुसार: एक तिहाइ (१/३) भाग आफैँले खाने, एक तिहाइ भाग सौगात दिने, र एक तिहाइ भाग दान (सदका) गर्ने हो। यसलाई तीन दिनभित्र खाइनु पर्छ र जति चाँडो (बाँडफाँड र उपभोग) गरिन्छ, त्यति नै उत्तम हुन्छ। रातको तुलनामा दिनमा पशु वधगर्नु बढी राम्रो मानिन्छ।

अल्लाहू अक्बर, अल्लाहू अक्बर, अल्लाहू अक्बर। अल्लाहू अक्बर, अल्लाहू अक्बर, अल्लाहू अक्बर। अल्लाहू अक्बर, अल्लाहू अक्बर, अल्लाहू अक्बर। अल्लाहू अक्बर, अल्लाहू अक्बर, ला इलाह इल्लल्लाह। अल्लाहू अक्बर, अल्लाहू अक्बर, व लिल्लाहिल् हम्द।

अल्लाहका भक्तहरू हो! अल्लाहले हामी सबैलाई आफ्नो कृपाले कुरआन र सुन्नतको मार्गदर्शनबाट लाभान्वित गरून्। म जे भन्दैछु तपाईंहरू सुन्दै हुनुहुन्छ, र म आफ्नो तथा तपाईंहरू सबैको लागि अल्लाहसँग क्षमा याचना गर्दछु। तसर्थ, उहाँसँग क्षमा माग्नुहोस्, निश्चय नै उहाँ अत्यन्त क्षमाशील र दयावान् हुनुहुन्छ।

# दोस्रो प्रवचन

अल्लाहू अक्बर, अल्लाहू अक्बर, अल्लाहू अक्बर। अल्लाहू अक्बर, अल्लाहू अक्बर, अल्लाहू अक्बर। अल्लाहू अक्बर, अल्लाहू अक्बर, अल्लाहू अक्बर। अल्लाहू अक्बर, अल्लाहू अक्बर, ला इलाह इल्लल्लाह। अल्लाहू अक्बर, अल्लाहू अक्बर, व लिल्लाहिल हम्द।

अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, परम महान्; र सबै प्रशंसा अल्लाहकै लागि हो, धेरै-धेरै अनन्त प्रशंसा; र बिहान र साँझ सधै अल्लाह पवित्र हुनुहुन्छ ।

सबै प्रशंसा अल्लाहकै लागि हो, जसले आफ्नो आज्ञाकारिहरूलाई सम्मानित गर्नुभयो र आफ्नो सामीप्य प्रदान गर्नुभयो, र पाप तथा दुराचारमा लिप्त अवज्ञाकारीहरूलाई अपमानित गर्नुभयो । सबै प्रशंसा अल्लाहकै लागि हो, जो मनका रहस्यहरू र अन्तर्मन ले लुकाएका कुराहरू जान्नुहुन्छ।

सबै प्रशंसा अल्लाहकै लागि हो, जसको तात्विक ज्ञान र कृपाले सत्कर्महरू पूर्ण हुन्छन्, बर्कतहरू अवतरित हुन्छन् र कल्याणमा वृद्धि हुन्छ।

सबै प्रशंसा अल्लाहकै लागि हो, जसको कृपाले दुःख र कष्टहरू हट्छन् र ठूला-ठूला संकटहरू हराएर जान्छन्।

म गवाही दिन्छु कि अल्लाहबाहेक कोही सत्य पूजनीय छैन, उहाँ एक्लो हुनुहुन्छ, उहाँको कोही साझेदार छैन! र म साँचो, सत्य र न्यायपूर्ण छ गवाही दिन्छु कि मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहका सन्देशवाहक हुनुहुन्छ। अल्लाहको करुणा र शान्ति उहाँमाथि, उहाँका साथीहरू (सहाबा) माथि र प्रलयको दिनसम्म उहाँको मार्ग पछ्याउनेहरूमाथि वर्षिरहोस्।

हे मेरा हजयात्री दाजुभाइ तथा दिदीबहिनीहरू! आफ्ना बाँकी रहेका हजका कार्यहरू (मनासिक) लाई ईशभय, सन्तुष्टि, विनम्रता र शान्तिका साथ पूर्ण

गर्नुहोस्! र हजका यी धार्मिक विधिहरूको गरिमा र महत्त्वलाई सधैं आफ्नो मनमा याद राख्नुहोस्।

हे अल्लाहका भक्तहरू हो!

<u>पन्ध्रौँ लाभ</u> – यो अल्लाहको मार्गलाई दृढतापूर्वक आत्मसात् गर्ने, त्यसमा अघि बढ्ने र उहाँको पवित्र शरिया (कानुन) लाई लागू गर्ने आह्वान हो। महानतम अल्लाहले भन्नुभएको छ:

﴿ وَلِكُلِّ أُمَّةٍ جَعَلْنَا مَنسَكًا لِّيَذْكُرُوا۟ ٱسْمَ ٱللَّهِ ﴾

"र हामीले प्रत्येक समुदायका लागि एउटा निश्चित कुर्बानी को प्रणाली तोकिदिएका छौँ, ताकि उनीहरूले अल्लाहको नाम स्मरण गरून्।"

र हज त्यही इबादत (मन्सक) हो।

यो त्यही अल्लाहको पवित्र शरियात हो — जसले सम्पूर्ण सृष्टिका लागि संसारमा सफलता र कल्याणको ग्यारेन्टी दिएको छ; जसले मानव जातिबीच सही सम्बन्ध स्थापित गर्ने, सम्पूर्ण विश्वको सुधार गर्ने र जीवनका हरेक क्षेत्र एवं आयाममा मानव समृद्धि सुनिश्चित गर्ने ग्यारेन्टी दिएको छ। यसले न्याय, भ्रातृत्व, समानता, आपसी प्रेम र सद्भावका सबै धारणाहरू साकार पार्ने तथा सदाचार र नैतिकताका मूल्य-मान्यताहरू विस्तार गर्ने ग्यारेन्टी दिएको छ। यस शरियातले विकृतिको कुरूपता र जघन्यतालाई निर्मूल पार्ने, अपराधका स्रोतहरूलाई सुकाउने, लोक र परलोक दुवैको भलाइ गर्ने एवं सम्पूर्ण समस्या, विकृति र अराजकताका कारणहरूबाट सुरक्षा प्रदान गर्ने ग्यारेन्टी दिएको छ। यसले सम्पूर्ण मानव जातिका आवश्यकताहरू पूर्ति गर्ने, जीवनका अत्यावश्यक वस्तुहरूको उपलब्धता सुनिश्चित गर्ने, तथा आत्मा र शरीरका सबै आवश्यक्ताहरू पूरा गर्ने ग्यारेन्टी दिएको छ।

अल्लाहको शरीयत—जसअन्तर्गत उहाँका व्यापक उद्देश्य, शिक्षा, मूल्य-मान्यता, आज्ञा, सीमा, विधान, निशानि, धार्मिक अनुष्ठान, लक्ष्य, प्रयत्न, आदेश र निषेध, वैध-अवैध, प्रोत्साहन र चेतावनी, तथा प्रेरणा र निवारणजस्ता विषयहरू समाविष्ट छन्—यी सम्पूर्ण व्यवस्थाहरूको मूल लक्ष्य मानव जातिका लागि मुख्यतया दुई कुराहरू सुनिश्चित गर्नु हो: (१) सुखमय र शान्तिपूर्ण सांसारिक जीवन, र (२) मृत्युपश्चात्को गन्तव्य (आख़िरत) मा अनन्त सुख र सफलताको प्राप्ति।

अल्लाहू अक्बर, अल्लाहू अक्बर, अल्लाहू अक्बर। अल्लाहू अक्बर, अल्लाहू अक्बर, अल्लाहू अक्बर। अल्लाहू अक्बर, अल्लाहू अक्बर, अल्लाहू अक्बर। अल्लाहू अक्बर, अल्लाहू अक्बर, ला इलाहा इल्लल्लाह। अल्लाहू अक्बर, अल्लाहू अक्बर, व लिल्लाहिल् हम्द।

यदि अल्लाहको विधान (शरीअत) मानवजातिको लागि पर्याप्त मार्गदर्शन, पूर्ण विधान, सर्वव्यापी व्यवस्था, सन्तुष्टिदायक कानुन र सत्यको सीधा मार्ग बन्न सकेन भने—र यदि मानवताले यी सम्पूर्ण महान् मूल्यहरू यस सत्य धर्म र पवित्र विधानमा फेला पार्न सकेन भने—मानवजातिको भाग्यमा निश्चय नै दुःख र दुर्भाग्य लेखिनेछ।

त्यस्तो गहिरो दुःख, जो निरन्तर रहिरहनेछ र जसबाट मुक्ति असम्भव हुनेछ—विवाद र मतभेदको भुमरीमा, आपसी टकराव र वैचारिक द्विविधाका तहहरूमा, परस्पर विरोधी विचारहरूको डढेलोमा, एवं व्यक्तिपरक दृष्टिकोण र मनमानी व्याख्याहरूको विस्तारमा अल्झिएर मानवजाति तड्पिरहनेछ।

मानव-निर्मित कानुन र प्रणालीहरू, जसबाट धेरै समाजहरूले क्षणिक लाभ महसुस गरे, वास्तवमा तिनले मानिसहरूलाई सही मार्ग खोज्ने क्रममा झन् भ्रमित तुल्याए। तर जब अल्लाहको अन्तिम आदेश प्रकट हुन्छ र उहाँले जे चाहनुहुन्छ

त्यसलाई उत्पन्न हुने अनुमति दिनुहुन्छ, तब परिवर्तनका यस्ता प्रबल लहरहरू उठ्नेछन्, जसले ती कृत्रिम व्यवस्थाहरूलाई जरैदेखि उखेलेर फ्याँकिदिनेछन्। तिनलाई आश्रय दिने सम्पूर्ण संरचनाहरू ध्वस्त हुनेछन् र विगतका वर्षहरूमा ती व्यवस्थाहरूले फैलाएको भ्रष्टता एवं विनाशको वास्तविकता छर्लङ्ग हुनेछ।

हे अल्लाहका उपासकहरू! हामीलाई अल्लाहको धर्मको वास्तविक ज्ञानको आज अत्यन्तै खाँचो छ—विशेष गरी हामीलाई, जो ज्ञान र आस्थाको यस पवित्र भूमिमा बसोबास गरिरहेका छौं। यसको एकमात्र मार्ग भनेको उम्मतका ती 'रब्बानी' (ईशभक्त) विद्वानहरूलाई पछ्याउनु हो, जो सत्यमा सदैव अविचलित रहे। ती नै महान् व्यक्तित्वहरू हुन्, जसका कारण अत्यन्तै कठिन र विषम परिस्थितिहरूमा पनि यो उम्मत पुनः उठ्न र जागृत हुन सक्षम भयो।

हे आस्थावानहरू! अल्लाहको आदेशको दृढतापूर्वक पालना गर:

﴿ وَٱعْتَصِمُوا۟ بِحَبْلِ ٱللَّهِ جَمِيعًا وَلَا تَفَرَّقُوا۟ ﴾

'तिमीहरू सबै मिलेर अल्लाहको डोरी (कुरआन) लाई मजबुत रूपमा समात र विभाजित नहोऊ।'

वास्तवमा, अल्लाहको पुस्तक कुरआनलाई दृढतापूर्वक समाात्नु नै यस्तो समयमा मुक्ति प्राप्त गर्ने एकमात्र माध्यम हो — जहाँ धर्मप्रतिको अनभिज्ञता फैलिएको छ, अज्ञानता र अज्ञानीहरूको प्रभाव बढेको छ, कपट तथा भ्रमको वातावरण हावी भएको छ एवं ज्ञान, विद्वान् र निष्ठावान् व्यक्तिहरूको कमी देखिन्छ।

अल्लाहू अक्बर, अल्लाहू अक्बर, अल्लाहू अक्बर। अल्लाहू अक्बर, अल्लाहू अक्बर, अल्लाहू अक्बर। अल्लाहू अक्बर, अल्लाहू अक्बर, अल्लाहू अक्बर।

अल्लाहू अक्बर, अल्लाहू अक्बर, ला इलाहा इल्लल्लाह। अल्लाहू अक्बर, अल्लाहू अक्बर, व लिल्लाहिल् हम्द।

हे मेरा भाइहरू! अल्लाहका अनगिन्ती अनुग्रह र महान् कृपाका लागि उहाँप्रति अधिकतम कृतज्ञता व्यक्त गर्नुहोस्, विशेष गरी जब तिमीहरू दुई पवित्र मस्जिदहरूको भूमिमा सुरक्षा, शान्ति, स्वास्थ्य, सन्तोष र समृद्ध जीवनको आनन्द लिइरहेका छौ। आफ्नो पालनकर्ताको सामु तौबा (पश्चाताप) गर्नुहोस्, उहाँसँग उत्तम आशा राख्नुहोस् र आफ्ना धार्मिक मामिलाहरूमा सचेत रहनुहोस्, ताकि तिमीहरू सफल हुन सकौ।

अफवाह, भ्रम, विद्रोह र षड्यन्त्रहरूबाट सावधान रहनुहोस्; किनकि यिनमा ठूलो विनाश र स्पष्ट बर्बादी लुकेको हुन्छ। आफ्ना विद्वान् (उलेमा) हरूसँग विरोध नगर्नुहोस् र आफ्ना शासकहरूको आज्ञापालनबाट बाहिर ननिस्कनुहोस्। सधैं मध्यम र सन्तुलित मार्ग अपनाउनुहोस्; यही नै मार्गदर्शनको बाटो हो।

आफ्नो आस्थालाई बलियो बनाउनुहोस् र आफूलाई तथा आफ्नो परिवारलाई दन्किरहेको नरकको आगो र त्यसको अपमानजनक यातनाबाट जोगाउनुहोस्।

सत्यको मार्ग र सच्चा शरीअतको पालना दृढतापूर्वक गर्नुहोस्; यही नै सीधा बाटो हो। महान अल्लाहले भन्नुभएको छ:

﴿ وَأَنَّ هَٰذَا صِرَاطِي مُسْتَقِيمًا فَٱتَّبِعُوهُ ۖ وَلَا تَتَّبِعُوا۟ ٱلسُّبُلَ فَتَفَرَّقَ بِكُمْ عَن سَبِيلِهِۦ ۚ ذَٰلِكُمْ وَصَّىٰكُم بِهِۦ
لَعَلَّكُمْ تَتَّقُونَ ﴾

“अनि निश्चित नै, यही मेरो सीधा मार्ग (सिराते-मुस्तकीम) हो; तसर्थ तिमीहरू यसै पथमा हिँड र अन्य कुमार्गहरूमा नलाग, अन्यथा ती मार्गहरूले तिमीहरूलाई अल्लाहको मूल मार्गबाट विचलित गराई छिन्नभिन्न पार्नेछन्। उहाँले तिमीहरूलाई यही कडा आदेश दिनुभएको छ ताकि तिमीहरू संयमी हुन सक।”

तत्पश्चात्, मुद्र वंशका चुनिएका सन्देशवाहक एवं यस संसारका नायक, 'मोहम्मद'(सल्लल्लाहु अलैहि वसल्लम) माथि अल्लाहको असीम कृपा रहोस्। हे अल्लाह! सृष्टिका सर्वश्रेष्ठ एवं सदाचार र धर्मपरायणताका पथप्रदर्शक, मोहम्मद बिन अब्दुल्लाहमाथि विशेष कृपा, शान्ति र कल्याण (बरकत) अवतरण गर्नुहोस्; र उहाँका पवित्र परिवार, निष्ठावान् साथीहरू (सहाबा) तथा अनुयायीहरूमाथि पनि। हे परम दयालु अल्लाह! आफ्नो असीम क्षमा र कृपाले हामीलाई पनि उहाँहरूकै पवित्र समूहमा सामेल हुने सौभाग्य प्रदान गर्नुहोस्।

हे अल्लाह! सत्य र न्यायका साथ शासन गर्ने मार्गदर्शित खलिफाहरू तथा धर्मनिष्ठ शासकहरूसँग प्रसन्न हुनुहोस्। हे सम्पूर्ण संसारका पालनकर्ता! हे अत्यन्त कृपालु! कियामतको दिनसम्म निष्ठापूर्वक उनीहरूको अनुसरण गर्नेहरूसँग र हामी सबैसँग पनि आफ्नो क्षमा, कृपा र उदारताद्वारा प्रसन्न हुनुहोस्।

हे अल्लाह! इस्लाम र मुस्लिमहरूको सम्मान बढाउनुहोस्, अविश्वासी र अधर्मलाई अपमानित गर्नुहोस् र आफ्ना एकेश्वरवादी भक्तहरूको मद्दत गर्नुहोस्। हे विश्वका पालनकर्ता! सम्पूर्ण इस्लामिक राष्ट्रहरूमा सुख, शान्ति र समृद्धि कायम गर्नुहोस्। हे अल्लाह! मुस्लिम शासकहरूलाई तपाईंको शरिया र नबी मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को सुन्नत लागू गर्ने सामर्थ्य प्रदान गर्नुहोस्; उनीहरूको हृदयलाई जोड्नुहोस्, उनीहरूलाई आफ्ना प्रजाहरू प्रति दयालु बनाउनुहोस् र तपाईंलाई मन पर्ने सत्कर्महरू गर्ने सामर्थ्य दिनुहोस्।

हे अल्लाह! हाम्रो लागि उत्तम कुराको छनौट गर्नुहोस्र हामीलाई सही निर्णय लिने शक्ति दिनुहोस्; हामीलाई कहिल्यै पनि हाम्रै सहारामा एक्लो नछोड्नुहोस्। हामीलाई मार्गदर्शन गर्नुहोस्, सही मार्गको अनुसरण सरल गरिदिनुहोस् र तपाईंको जिक्र, कृतज्ञता एवं उत्तम उपासना गर्न सामर्थ्य प्रदान गर्नुहोस्। हे परम दयालु! हामीलाई धर्म र संसारको ज्ञान प्रदान गर्नुहोस्, समस्त मुस्लिमहरूको

अवस्थामा सुधार ल्याउनुहोस् र मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को उम्मतको आवश्यकता पूरा गर्दै उनीहरूको अन्त्य सुखद बनाउनुहोस्।

हे अल्लाह! हाजीहरूको हज, उमराह गर्नेहरूको उमराह र उपासकहरूको उपासना स्वीकार गर्नुहोस्। हे अन्तर आत्मा को कुरा जान्ने प्रभु! यस हजलाई 'हज मबरुर', प्रशंसनीय प्रयत्न र कहिल्यै घाटा नहुने व्यापारका रूपमा स्वीकार गर्दै हाम्रा पापहरू क्षमा गरिदिनुहोस्।

हे अल्लाहका भक्तहरू! निश्चय नै अल्लाह न्याय, परोपकार र नातेदारहरूलाई सहयोग गर्ने आदेश दिनुहुन्छ र अश्लीलता, दुष्कर्म एवं अन्यायबाट रोक्नुहुन्छ। उहाँले तिमीहरूलाई सचेत गराउनुहुन्छ ताकि तिमीहरूले शिक्षा प्राप्त गर। अतः महान् र गौरवशाली अल्लाहको स्मरण गर, उहाँले तिमीहरूलाई स्मरण गर्नुहुनेछ; उहाँका वरदानहरूका प्रति कृतज्ञता व्यक्त गर, उहाँले तिमीहरूलाई अझ बढी प्रदान गर्नुहुनेछ। वास्तवमा अल्लाहको स्मरण नै सबैभन्दा ठूलो कार्य हो र तिमीहरूले गर्ने प्रत्येक कार्यको ज्ञान अल्लाहलाई छ।

अल्लाहू अक्बर, अल्लाहू अक्बर, अल्लाहू अक्बर, ला इलाहा इल्लल्लाह। अल्लाहू अक्बर, अल्लाहू अक्बर, व लिल्लाहिल् हम्द।

# (२) शुभ ईद-उल-अजहा

## पहिलो प्रवचन

अस्सलामु अलैकुम् व रहमतुल्लाही व बरकातुहू (तपाईंमाथि अल्लाहको शान्ति, कृपा र आशिर्वाद रहोस्) ।

अल्लाहु अक्बर अल्लाहु अक्बर अल्लाहु अक्बर । अल्लाहु अक्बर अल्लाहु अक्बर अल्लाहु अक्बर । अल्लाहु अक्बर अल्लाहु अक्बर अल्लाहु अक्बर । अल्लाहु अक्बर अल्लाहु अक्बर ला इलाहा इल्लल्लाह।

अल्लाहु अक्बर अल्लाहु अक्बर वलिल्लाहिल हम्द। अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, अल्लाह बाहेक कोही सत्य पूजनीय छैन । अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, अल्लाह सबैभन्दा महान् हुनुहुन्छ र सम्पूर्ण प्रशंसा अल्लाहकै लागि हो ।

अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, हजयात्रीहरूले 'ला इलाहा इल्लल्लाह' र 'अल्लाहु अक्बर' भनेको संख्या बराबर । अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, हज र उम्रह गर्नेहरूको संख्या बराबर ।

अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, मुसलधारे पानी परेको, वर्षा भएको र पानीका थोपाहरू बगेको संख्या बराबर ।

अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, ढुङ्गाका मसिना कणहरू, रुखका पातहरू र फुलेका फूलहरूको संख्या बराबर ।

अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, बालुवाका ढिस्कोहरू र चम्किला ताराहरूको संख्या बराबर ।

अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, उहाँको सृष्टिको संख्या, उहाँको इच्छाको सन्तुष्टि, उहाँको अर्श (सिंहासन) को वजन र उहाँका शब्दहरूको मसीको परिमाण बराबर ।

अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, आकाशमा उहाँले सृष्टि गर्नुभएको संख्या बराबर, धर्तीमा उहाँले सृष्टि गर्नुभएको संख्या बराबर, यी दुवैको बीचमा भएको वस्तुहरू संख्या बराबर र उहाँले सृष्टि गर्नुहुने सम्पूर्ण कुराको संख्या बराबर ।

अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, परम महान्; सम्पूर्ण र असङ्ख्य प्रशंसा अल्लाहकै लागि मात्र छ, र बिहान-साँझ उहाँकै पवित्रताको गुणगान गरिन्छ।

हे अल्लाह! सम्पूर्ण प्रशंसा तपाईंकै लागि हो, यस्तो प्रशंसा, जुन तपाईंको महान् अस्तित्व र सर्वोच्च प्रभुत्वलाई सुहाउँछ। धेरै-धेरै, पवित्र र आशिषित प्रशंसा।

उहाँ पवित्र हुनुहुन्छ, जसले सम्पूर्ण सृष्टिलाई सत्यका साथ सिर्जना गर्नुभयो र उनीहरूका लागि सत्य मार्ग निर्धारित गर्नुभयो।

सबै प्रशंसा त्यस अल्लाहकै लागि हो, जसले शून्यबाट सृष्टि गर्नुभयो, आफ्ना भक्तहरूलाई असंख्य वरदानहरू प्रदान गर्नुभयो, र उनीहरूबाट धेरै विपत्ति तथा सजायहरू हटाइदिनुभयो।

अल्लाहु अक्बर , अल्लाहु अक्बर , अल्लाहु अक्बर । अल्लाह बाहेक कुनै सत्य उपास्य छैन। अल्लाहु अक्बर , अल्लाहु अक्बर , र सम्पूर्ण प्रशंसा अल्लाहकै लागि हो।

म गवाही दिन्छु कि अल्लाह बाहेक कुनै सत्य उपास्य छैन। उहाँ एक्लै हुनुहुन्छ, उहाँको कुनै साझेदार छैन। सम्पूर्ण शासन–सत्ता उहाँकै हो, सम्पूर्ण प्रशंसा उहाँकै लागि हो, र उहाँ हरेक कुरामाथि पूर्ण सामर्थ्यवान् हुनुहुन्छ।

र म गवाही दिन्छु कि मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) उहाँका भक्त तथा रसूल हुनुहुन्छ, उहाँका चयनित मित्र, प्रियतम, र सम्पूर्ण सृष्टिमध्ये उत्कृष्ट व्यक्ति हुनुहुन्छ। अल्लाहको दया र शान्ति उहाँमाथि रहोस्। उहाँ मानिसहरूमध्ये अल्लाहलाई सबैभन्दा बढी जान्ने र आफ्ना महान् पालनकर्तासँग सबैभन्दा बढी डर मान्ने व्यक्ति हुनुहुन्थ्यो।

हे अल्लाहका भक्तहरू! अल्लाहसँग तक्वा (ईश्वरभय) अपनाऊ; किनभने यही सबै नबीहरू (अलैहिमुस्सलाम) को मार्ग हो। महान् अल्लाहले आफ्ना सम्पूर्ण शरीअतहरूमा यसको आदेश दिनुभएको छ। पवित्र कुरआनमा उहाँले भन्नुभएको छः

﴿ وَلَقَدۡ وَصَّيۡنَا ٱلَّذِينَ أُوتُواْ ٱلۡكِتَٰبَ مِن قَبۡلِكُمۡ وَإِيَّاكُمۡ أَنِ ٱتَّقُواْ ٱللَّهَۚ ﴾

"र निश्चय नै, हामीले तिमीहरूभन्दा पूर्व ग्रन्थ (किताब) प्राप्त गर्नेहरूलाई र तिमीहरूलाई पनि यही आदेश दिएका छौँ कि अल्लाहको भय राख।"

हे अल्लाहका भक्तहरू! हजमा मानिसहरूका लागि विविध प्रकारका लाभहरू र महान् हितहरू छन्।

- हजमार्फत अल्लाहको तौहीद (एकेश्वरवाद) स्थापित हुन्छ र शिर्कबाट बच्ने भावना उत्पन्न हुन्छ। अल्लाहले भन्नुभएको छः

﴿ حُنَفَآءَ لِلَّهِ غَيۡرَ مُشۡرِكِينَ بِهِۦۚ وَمَن يُشۡرِكۡ بِٱللَّهِ فَكَأَنَّمَا خَرَّ مِنَ ٱلسَّمَآءِ فَتَخۡطَفُهُ ٱلطَّيۡرُ أَوۡ تَهۡوِي بِهِ ٱلرِّيحُ فِي مَكَانٖ سَحِيقٖ ﴾

" अल्लाहकैलागि एकाग्र हुँदै तथा कसैलाई उनको साझेदार नबनाइकन । र जसले अल्लाहको साझेदार बनाउँछ, ऊ मानौँ आकाशबाट खस्यो, अनि उसलाई पंक्षीले थुतेर लगे वा हावाले उसलाई कुनै टाढाको ठाउँमा फालिदियो। "

- हजद्वारा तक्वा (धर्मपरायणता र अल्लाहको भय) प्राप्त हुन्छ। अल्लाहले भन्नुभएको छः

﴿ وَتَزَوَّدُواْ فَإِنَّ خَيْرَ ٱلزَّادِ ٱلتَّقْوَىٰۖ وَٱتَّقُونِ يَٰٓأُوْلِي ٱلْأَلْبَٰبِ ﴾

"(यात्राका लागि) आवश्यक सामग्री तयार पार, तर जानिराख कि सबैभन्दा उत्कृष्ट सामग्री तक्वा (धर्मपरायणता र अल्लाहको भय) हो। त्यसैले, हे बुद्धिमानहरू! केवल मसँग मात्र डर राख।"

- हजले इस्लामी भ्रातृत्वलाई अझ दृढ बनाउँछ। संसारका विभिन्न स्थानबाट आएका मुसलमानहरू एउटै स्वरमा पुकार गर्छन्:" लब्बैक अल्लाहुम्म लब्बैक, लब्बैक ला शरीक लका लब्बैक, इन्नल-हम्द वन-निअ्मता लका वल-मुल्क, ला शरीक लक।"

( हे अल्लाह! म उपस्थित छु, म उपस्थित छु। तपाईंको कुनै साझेदार छैन, म उपस्थित छु। निश्चय नै सम्पूर्ण प्रशंसा हजुरकै लागि हो, सम्पूर्ण अनुग्रह हजुरकै तर्फबाट हो र सम्पूर्ण साम्राज्य हजुरकै अधीनमा छ। हजुरको कोही पनि साझेदार छैन।)

- हजमा अल्लाहका धार्मिक निशानीहरूको सम्मान गरिन्छ। अल्लाहले भन्नुभएको छः

﴿ ذَٰلِكَۖ وَمَن يُعَظِّمۡ شَعَٰٓئِرَ ٱللَّهِ فَإِنَّهَا مِن تَقۡوَى ٱلۡقُلُوبِ ﴾

"यो हाम्रो आदेश हो, र जसले अल्लाहका निशानीहरूको उच्च सम्मान गर्दछ, त्यो निश्चय नै हृदयको धर्मपरायणता (तक्वा) को परिचायक हो।"

- हजमार्फत मुसलमानले बैतुल-हराम (काबा) र पवित्र स्थलहरूमा ईमानको मिठास अनुभव गर्छ। अल्लाहले भन्नुभएको छः

﴿ فَٱجۡعَلۡ أَفۡـِٔدَةٗ مِّنَ ٱلنَّاسِ تَهۡوِيٓ إِلَيۡهِمۡ ﴾

" त्यसैले (हे हाम्रो पालनकर्ता!) मानिसहरूका हृदयलाई उनीहरूतर्फ आकर्षित गरिदिनुहोस्।"

- हजले अल्लाहप्रतिको भय र विनम्रता उत्पन्न गर्छ। अल्लाहले भन्नुभएको छः

﴿ وَبَشِّرِ ٱلۡمُخۡبِتِينَ ٣٤ ٱلَّذِينَ إِذَا ذُكِرَ ٱللَّهُ وَجِلَتۡ قُلُوبُهُمۡ ﴾

" अनि ती विनम्रतापूर्वक झुक्नेहरूलाई शुभ-समाचार दिनुहोस्, जसको अगाडि अल्लाहको नाम लिइँदा उनीहरूका हृदय काँप्दछन्।"

- हजले मानिसको आचरणलाई सुधार्छ र व्यवहारलाई पवित्र बनाउँछ। अल्लाहले भन्नुभएको छः

﴿ فَمَن فَرَضَ فِيهِنَّ ٱلۡحَجَّ فَلَا رَفَثَ وَلَا فُسُوقَ وَلَا جِدَالَ فِي ٱلۡحَجِّۗ ﴾

"जसमाथि ती महिनाहरूमा हज गर्न अनिवार्य भयो, उसले हजको समयमा न अश्लील कुरा गरोस्, न पाप गरोस्, न त झगडा गरोस्।"

- हजमा बन्दाले दुनियाँ र आखिरत दुवैको भलाइ अल्लाहसँग माग्छ। अल्लाहले भन्नुभएको छः

﴿ ثُمَّ لۡيَقۡضُواْ تَفَثَهُمۡ وَلۡيُوفُواْ نُذُورَهُمۡ وَلۡيَطَّوَّفُواْ بِٱلۡبَيۡتِ ٱلۡعَتِيقِ ﴾

"फेरि मानिसहरूले आफ्नो फोहोरमैला सफा गरून्, आफ्ना भाकलहरू पूरा गरून् र प्राचीन घर (कअ्बा) को तवाफ (परिक्रमा) गरून् ।"

- हजले निषेधित कुराहरूबाट जोगिन सिकाउँछ। अल्लाहले भन्नुभएको छः

﴿ ذَٰلِكَۖ وَمَن يُعَظِّمۡ حُرُمَٰتِ ٱللَّهِ فَهُوَ خَيۡرٞ لَّهُۥ عِندَ رَبِّهِۦۗ ﴾

"यो हाम्रो आदेश हो; र जसले अल्लाहद्वारा ठहर गरिएका पवित्र कुराहरू (र उहाँका आदेशहरू) को सम्मान गर्दछ, त्यो उसको पालनकर्ता कहाँ स्वयं उसकै लागि सर्वोत्कृष्ट हुन्छ।"

- हजमा जीवनवृत्ति खोज्नु र अल्लाहको अनुग्रह प्राप्त गर्ने प्रयास पनि वैध छ। अल्लाहले भन्नुभएको छः

﴿ لَيۡسَ عَلَيۡكُمۡ جُنَاحٌ أَن تَبۡتَغُواْ فَضۡلٗا مِّن رَّبِّكُمۡۚ ﴾

"तिमीहरूमाथि कुनै दोष छैन यदि तिमीहरूले आफ्ना पालनकर्ताको अनुग्रह (जीविका, कमाइ) खोज्छौ भने।

- हजमा अल्लाहको प्रशस्त स्मरण गरिन्छ। अल्लाहले भन्नुभएको छः

﴿ فَإِذَا قَضَيۡتُم مَّنَٰسِكَكُمۡ فَٱذۡكُرُواْ ٱللَّهَ كَذِكۡرِكُمۡ ءَابَآءَكُمۡ أَوۡ أَشَدَّ ذِكۡرٗاۗ ﴾

"जब तिमीहरूले आफ्ना हजका कर्महरू पूरा गरिसक्छौ, तब अल्लाहलाई त्यसरी स्मरण गर, जसरी तिमीहरू आफ्ना बाबु-पुर्खाहरूलाई स्मरण गर्छौ, बरु त्यसभन्दा पनि बढी स्मरण गर।"

- हजमा आस्थावानले स्वर्गको चाहना गर्छ र नरकबाट अल्लाहसँग शरण माग्छ। यस सम्बन्धमा अल्लाहले भन्नुभएको छः

﴿ وَمِنۡهُم مَّن يَقُولُ رَبَّنَآ ءَاتِنَا فِي ٱلدُّنۡيَا حَسَنَةٗ وَفِي ٱلۡأٓخِرَةِ حَسَنَةٗ وَقِنَا عَذَابَ ٱلنَّارِ ﴾

"र तिनीहरूमध्ये कतिपयले भन्छन्: 'हे हाम्रा पालनकर्ता! हामीलाई यस संसारमा पनि भलाइ देऊ, आखिरतमा पनि भलाइ देऊ, र हामीलाई नर्कको आगोको यातनाबाट बचाऊ।'"

- हजमा अल्लाहको आदेशको पूर्ण पालन गरिन्छ। अल्लाहले भन्नुभएको छः

﴿ لَن يَنَالَ ٱللَّهَ لُحُومُهَا وَلَا دِمَآؤُهَا وَلَٰكِن يَنَالُهُ ٱلتَّقْوَىٰ مِنكُمْۚ كَذَٰلِكَ سَخَّرَهَا لَكُمْ لِتُكَبِّرُواْ ٱللَّهَ عَلَىٰ مَا هَدَىٰكُمْۗ وَبَشِّرِ ٱلْمُحْسِنِينَ ﴾

“न त तिनीहरूको मासु अल्लाहसम्म पुग्छ, न त तिनीहरूको रगत; बरु उहाँसम्म तिमीहरूको तक्वा (सदाचारिता, सत्यनिष्ठा) पुग्छ।”

- हजमा अल्लाहको आज्ञापालन र समर्पणका रूपमा कुर्बानीका जनावरहरू वध गरिन्छन्। अल्लाहले भन्नुभएको छः

﴿ وَٱلْبُدْنَ جَعَلْنَٰهَا لَكُم مِّن شَعَٰٓئِرِ ٱللَّهِ لَكُمْ فِيهَا خَيْرٌ ﴾

"र (कुर्बानीका) ऊँटहरूलाई हामीले तिमीहरूका लागि अल्लाहका निशानीहरू बनाएका छौँ, जसमा तिमीहरूका लागि कल्याण छ।"

अल्लाहु अक्बर, अल्लाहु अक्बर, अल्लाहु अक्बर । ला इलाहा इल्लल्लाह। अल्लाहु अक्बर, अल्लाहु अक्बर, व लिल्लाहिल-हम्द।

हे अल्लाहका भक्तहरू! यस्तै महान् दिनमा रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले मिनामा एक व्यापक खुत्बा दिनुभयो, जसमा उहाँले इस्लामिक शरीअतको आधारभूत जीवन–पद्धति स्पष्ट गर्नुभयो। त्यसमा उहाँले भन्नुभयोः

“पक्कै पनि, तिमीहरूको रगत, तिमीहरूको धन-दौलत र तिमीहरूको इज्जत-प्रतिष्ठा एक-आपसमा त्यसरी नै अक्षुण्ण र हराम (अनुल्लंघनीय) छन्, जसरी तिमीहरूको आजको यो दिन, यो पवित्र सहर र यो आदरणीय महिना सम्मानित छन्।”

उहाँले यसमा इस्लामका पाँच आधारभूत आवश्यक संरक्षणीय विषयहरू स्पष्ट गर्नुभयो—धर्मको सुरक्षा, ज्यानको सुरक्षा, बुद्धिको सुरक्षा, सम्मानको सुरक्षा,

र सम्पत्तिको सुरक्षा। किनकि यी आधारहरूको संरक्षण बिना मानव जीवनको व्यवस्था सम्भव हुँदैन।

हे अल्लाहका भक्तहरू! विभाजन, मतभेद, गुटबन्दी र आत्मघमण्ड, यी सबै विनाशका कारण हुन्, जसले मानिसलाई सत्य देख्नबाट वञ्चित गरिदिन्छ।

इस्लाम शान्ति र एकताको सन्देश लिएर आएको हो, र इस्लामबिना वास्तविक शान्ति सम्भव छैन। जो इस्लामबाट टाढा हुन्छ, ऊ शान्तिबाट पनि टाढा हुन्छ।

हे अल्लाहका भक्तहरू! पवित्र शरीअत केवल उपासना मात्र होइन, बरु सम्पूर्ण जीवन–व्यवस्था हो, यो दुनियाँ र आखिरत दुवैका लागि मार्गदर्शन हो। यो विधिशास्त्र र कार्यविधि हो। आदेश र नियम हो । शिक्षा र मार्गदर्शन हो । उत्थान र सभ्यता हो । उचाइ र महानता हो । यसले व्यक्ति र समाज दुवैलाई समेट्छ। यसमा सबै मानिस बराबर छन्।"र अल्लाहका भक्तहरू भएर तिमीहरू आपसमा भाइ-भाइ बन।"

अतः ती सबै कुराहरूबाट सावधान रहनुहोस्, जसले तपाईंको धर्मलाई क्षति पुऱ्याउँछ, ताकि तपाईंहरू सफल हुन सकनुहोस्।

अल्लाहु अक्बर , अल्लाहु अक्बर , अल्लाहु अक्बर । ला इलाहा इल्लल्लाह। अल्लाहु अक्बर , अल्लाहु अक्बर , व लिल्लाहिल-हम्द।

हे अल्लाहका भक्तहरू! अल्लाहले हामी सबैलाई आफ्नो कृपाद्वारा कुरआन र सुन्नतको मार्गदर्शनबाट लाभ पुऱ्याउन। म आफ्नो र तपाईंहरू सबैको तर्फबाट अल्लाहसँग क्षमायाचना गर्दछु। तसर्थ, तपाईंहरू पनि उहाँसँग क्षमा प्रार्थना गर्नुहोस्; निश्चय नै उहाँ अत्यन्त क्षमाशील र परम दयालु हुनुहुन्छ।

# दोस्रो प्रवचन

सबै प्रशंसा अल्लाहकै लागि हो, जसको असीम कृपाले सम्पूर्ण सत्कर्महरू पूर्ण हुन्छन् । उहाँले आफ्ना भक्तहरूका लागि कृपा, सामीप्य र पुण्यार्जनका विशेष अवसर एवं पवित्र समयहरू निर्धारण गरिदिनुभएको छ। म सम्पूर्ण सृष्टिमा सर्वश्रेष्ठ व्यक्तित्व मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) माथि प्रशंसा, शान्ति (सलाम) र बर्कतको कामना गर्दछु; र उहाँका परिवार, निष्ठावान् सहाबीहरू एवं उहाँको मार्गनिर्देशनको अनुसरण गर्दै अगाडि बढ्ने तमाम अनुयायीहरू प्रति पनि सलाम अर्पण गर्दछु। तत्पश्चात्:

अल्लाहु अक्बर, अल्लाहु अक्बर, अल्लाहु अक्बर ,। ला इलाहा इल्लल्लाह। अल्लाहु अक्बर, अल्लाहु अक्बर, व लिल्लाहिल-हम्द।

हे अल्लाहका भक्तहरू! यस शुभ दिनका सर्वोत्कृष्ट कर्महरूमध्ये एक — जुन रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को सुन्नतबाट प्रमाणित छ — उहाँको यो कथनबाट स्पष्ट हुन्छ:

"आदमका सन्तानले यौमुन्-नहर (कुर्बानीको दिन) मा कुर्बानी गर्नुभन्दा प्रिय र उत्तम कार्य अल्लाहको नजरमा अरू कुनै कार्य हुँदैन। निश्चय नै त्यो जनावर प्रलयको दिन आफ्नो सिङ, खुर र रौंहरू सहित उपस्थित हुनेछ, र त्यसको रगत भुइँमा खस्नु भन्दा पहिले नै अल्लाहको दरबारमा स्वीकृत भइसकेको हुन्छ। त्यसैले, तिमीहरू प्रसन्न मनले कुर्बानी गर।"

त्यसैले, तिमीहरू कुर्बानी गर; अल्लाहले तिमीहरूको सत्कर्म स्वीकार गरून्। यो एक यस्तो उपासना हो जुन तिमीहरूले आफ्ना पालनकर्ताको सामीप्य र प्रसन्नताका लागि ऊँट, गाई/भैँसी, वा भेडा/बाख्रा जस्ता चौपायाहरू वध गरेर गर्दछौ। ती जनावरहरूको तोकिएको उमेर पुगेको र तिनीहरू कुनै पनि शारीरिक

दोषबाट मुक्त भएको कुरा सुनिश्चित गर्नुहोस्। यो कुर्बानी ईदको नमाज सकिएपश्चात् जिलहिज्जा महिनाको तेह्रौँ दिनको सूर्यास्त हुनु भन्दा पहिलेको समयभित्र गरिनुपर्दछ।

अल्लाहु अक्बर, अल्लाहु अक्बर, अल्लाहु अक्बर ,। ला इलाहा इल्लल्लाह। अल्लाहु अक्बर, अल्लाहु अक्बर, व लिल्लाहिल-हम्द।

अल्लाहका भक्तहरू हो! विकृति र परीक्षाहरू (फित्ना) बाट सतर्क रहनुहोस्। हदीसमा उल्लेख छ: (चाँडै नै अन्य समुदायहरू तिमीहरूमाथि यसरी जाइलाग्नेछन्, जसरी भोका मानिसहरू खानाको थालीमा झुम्मिन्छन्। कसैले सोध्यो: "के त्यस समयमा हाम्रो संख्या कम भएकाले यस्तो हुनेछ?" उहाँले भन्नुभयो: "हैन, बरु त्यस दिन तिमीहरूको संख्या धेरै हुनेछ, तर तिमीहरू बाढीमा बग्ने फिँज जस्तै (कमजोर) हुनेछौ। अल्लाहले तिमीहरूका शत्रुहरूको मनबाट तिमीहरूको भय पूर्ण रूपमा हटाइदिनुहुनेछ र तिमीहरूका हृदयमा ‘वहन’ उत्पन्न हुनेछ। " कसैले सोध्यो: "हे अल्लाहका रसूल, 'वहन' भनेको के हो?" उहाँले भन्नुभयो: "संसारप्रतिको अत्यधिक मोह र मृत्युको डर।"

अल्लाहका भक्तहरू हो! संसारको अत्यधिक मोह नै सबै पापहरूको जड हो। यसले समाजलाई छिन्नभिन्न, विभाजित र तितरबितर बनाउँछ। र यसबाट बच्ने एकमात्र उपाय अल्लाहको धर्मलाई दृढतापूर्वक आत्मसात् गर्नु हो।

हे हजयात्री दाजुभाइ तथा दिदीबहिनीहरू! आफ्नो हजको अनुष्ठान (नुसुक) पूर्ण गर्न र सर्वोच्च अल्लाहको विधानलाई आत्मसात् गर्न दृढ रहनुहोस्। यस प्राचीन घर (काबा) को आँगनमा आफ्नो उपस्थितिको सदुपयोग गर्नुहोस् ‘हरम’को परिसरमा रहँदा उच्च तहको शिष्टाचार, मर्यादा र विनम्रता अपनाउनुहोस्।

मेरो आदरणीय दाजुभाइ तथा दिदीबहिनीहरू! सर्वज्ञ तथा सर्वशक्तिमान् मालिक अल्लाहले प्रदान गर्नुभएका महान् वरदानहरू र विशाल उपहारहरूका

लागि उहाँप्रति कृतज्ञता व्यक्त गर्नुहोस्। उहाँको फैसला र भाग्यप्रति धैर्य धारण गर्नुहोस् र उहाँलाई सधैँ स्मरण (जिक्र) गरिरहनुहोस्।

हे मुस्लिम दाजुभाइहरू! आफ्ना भाइहरूसँग दयापूर्ण व्यवहार गर्नुहोस्। आफ्ना आफन्तहरूसँग भलाई गर्नुहोस् । समाजमा सदाचारका साथ जीवनयापन गर्नुहोस्। आफ्नो राष्ट्र निर्माणमा योगदान पुऱ्याउनुहोस् र सकारात्मक परिवर्तन एवं निर्माणको बलियो आधार बन्नुहोस्। क्षमाशील बन्नुहोस्, गल्तीहरूलाई नजरअन्दाज गर्नुहोस् र आफ्नो भाइको अनुपस्थितिमा उसको कल्याणका लागि प्रार्थना गर्नुहोस्।

अरूका गल्तीहरूलाई माफ गर्नुहोस्, तिनीहरूका भुलचुकलाई वास्ता नगर्नुहोस् र कमीकमजोरीप्रति आँखा चिम्लनुहोस्। मानवजातिका अगुवा सन्देशवाहक मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को मार्गदर्शनलाई दृढताका साथ आत्मसात् गर्नुहोस्। लाभदायक ज्ञान हासिल गर्नुहोस्। पथभ्रष्ट गर्नेहरूबाट सतर्क रहनुहोस्। विकृति तथा उत्पात (फित्ना) बाट टाढा रहनुहोस् र आफ्नो धर्मको रक्षाका लागि सदा सचेत रहनुहोस्; किनकि स्वर्ग अत्यन्तै बहुमूल्य वस्तु हो, जुन सहजै प्राप्त हुँदैन। तपाईँ ती मानिसहरूमध्ये पर्न प्रयास गर्नुहोस् जसले स्वर्ग प्राप्त गर्नेछन्।

तत्पश्चात्, मुदर वंशका चुनिएका सन्देशवाहक एवं यस संसारका नायक, 'मोहम्मद'(सल्लल्लाहु अलैहि वसल्लम)माथि अल्लाहको असीम कृपा रहोस्। हे अल्लाह! सृष्टिका सर्वश्रेष्ठ एवं सदाचार र धर्मपरायणताका पथप्रदर्शक, मोहम्मद बिन अब्दुल्लाहमाथि विशेष कृपा, शान्ति र कल्याण (बरकत) अवतरण गर्नुहोस्; र उहाँका पवित्र परिवार, निष्ठावान् साथीहरू (सहाबा) तथा अनुयायीहरूमाथि पनि। हे परम दयालु अल्लाह! आफ्नो असीम क्षमा र कृपाले हामीलाई पनि उहाँहरूकै पवित्र समूहमा सामेल हुने सौभाग्य प्रदान गर्नुहोस्।

हे अल्लाह! सत्य र न्यायका साथ शासन गर्ने मार्गदर्शित खलिफाहरू तथा धर्मनिष्ठ शासकहरूसँग प्रसन्न हुनुहोस्। हे सम्पूर्ण संसारका पालनकर्ता! हे अत्यन्त कृपालु! कियामतको दिनसम्म निष्ठापूर्वक उनीहरूको अनुसरण गर्नेहरूसँग र हामी सबैसँग पनि आफ्नो क्षमा, कृपा र उदारताद्वारा प्रसन्न हुनुहोस्।

हे अल्लाह! इस्लाम र मुस्लिमहरूको सम्मान बढाउनुहोस्, अविश्वासी र अधर्मलाई अपमानित गर्नुहोस् र आफ्ना एकेश्वरवादी भक्तहरूको मद्दत गर्नुहोस्। हे विश्वका पालनकर्ता! सम्पूर्ण इस्लामिक राष्ट्रहरूमा सुख, शान्ति र समृद्धि कायम गर्नुहोस्। हे अल्लाह! मुस्लिम शासकहरूलाई तपाईंको शरिया र नबी मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को सुन्नत लागू गर्ने सामर्थ्य प्रदान गर्नुहोस्; उनीहरूको हृदयलाई जोड्नुहोस्, उनीहरूलाई आफ्ना प्रजाहरू प्रति दयालु बनाउनुहोस् र तपाईंलाई मन पर्ने सत्कर्महरू गर्ने सामर्थ्य दिनुहोस्।

हे अल्लाह! हाम्रो लागि उत्तम कुराको छनौट गर्नुहोस्र हामीलाई सही निर्णय लिने शक्ति दिनुहोस्; हामीलाई कहिल्यै पनि हाम्रै सहारामा एक्लो नछोड्नुहोस्। हामीलाई मार्गदर्शन गर्नुहोस्, सही मार्गको अनुसरण सरल गरिदिनुहोस् र तपाईंको जिक्र, कृतज्ञता एवं उत्तम उपासना गर्न सामर्थ्य प्रदान गर्नुहोस्। हे परम दयालु! हामीलाई धर्म र संसारको ज्ञान प्रदान गर्नुहोस्, समस्त मुस्लिमहरूको अवस्थामा सुधार ल्याउनुहोस् र मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को उम्मतको आवश्यकता पूरा गर्दै उनीहरूको अन्त्य सुखद बनाउनुहोस्।

हे अल्लाह! हाजीहरूको हज, उमराह गर्नेहरूको उमराह र उपासकहरूको उपासना स्वीकार गर्नुहोस्। हे अन्तर आत्मा को कुरा जान्ने प्रभु! यस हजलाई 'हज मबरुर', प्रशंसनीय प्रयत्न र कहिल्यै घाटा नहुने व्यापारका रूपमा स्वीकार गर्दै हाम्रा पापहरू क्षमा गरिदिनुहोस्।

हे अल्लाहका भक्तहरू! निश्चय नै अल्लाह न्याय, परोपकार र नातेदारहरूलाई सहयोग गर्ने आदेश दिनुहुन्छ र अश्लीलता, दुष्कर्म एवं अन्यायबाट रोक्नुहुन्छ। उहाँले तिमीहरूलाई सचेत गराउनुहुन्छ ताकि तिमीहरूले शिक्षा प्राप्त गर। अतः महान् र गौरवशाली अल्लाहको स्मरण गर, उहाँले तिमीहरूलाई स्मरण गर्नुहुनेछ; उहाँका वरदानहरूका प्रति कृतज्ञता व्यक्त गर, उहाँले तिमीहरूलाई अझ बढी प्रदान गर्नुहुनेछ। वास्तवमा अल्लाहको स्मरण नै सबैभन्दा ठूलो कार्य हो र तिमीहरूले गर्ने प्रत्येक कार्यको ज्ञान अल्लाहलाई छ।

अल्लाहू अक्बर, अल्लाहू अक्बर, अल्लाहू अक्बर, ला इलाहा इल्लल्लाह। अल्लाहू अक्बर, अल्लाहू अक्बर, व लिल्लाहिल् हम्द।

# (३) शुभ ईद-उल-अजहा

## पहिलो प्रवचन

अस्सलामु अलैकुम् व रहमतुल्लाही व बरकातुहू (तपाईंमाथि अल्लाहको शान्ति, कृपा र आशिर्वाद रहोस्) ।

अल्लाहु अक्बर अल्लाहु अक्बर अल्लाहु अक्बर । अल्लाहु अक्बर अल्लाहु अक्बर अल्लाहु अक्बर । अल्लाहु अक्बर अल्लाहु अक्बर अल्लाहु अक्बर । अल्लाहु अक्बर अल्लाहु अक्बर ला इलाहा इल्लल्लाह।अल्लाहु अक्बर अल्लाहु अक्बर वलिल्लाहिल हम्द।

अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, अल्लाह बाहेक कोही सत्य पूजनीय छैन । अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, अल्लाह सबैभन्दा महान् हुनुहुन्छ र सम्पूर्ण प्रशंसा अल्लाहकै लागि हो ।

अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, हजयात्रीहरूले 'ला इलाहा इल्लल्लाह' र 'अल्लाहु अक्बर' भनेको संख्या बराबर । अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, हज र उम्रह गर्नेहरूको संख्या बराबर ।

अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, मुसलधारे पानी परेको, वर्षा भएको र पानीका थोपाहरू बगेको संख्या बराबर ।

अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, ढुङ्गाका मसिना कणहरू, रुखका पातहरू र फुलेका फूलहरूको संख्या बराबर ।

अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, बालुवाका ढिस्कोहरू र चम्किला ताराहरूको संख्या बराबर ।

अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, उहाँको सृष्टिको संख्या, उहाँको इच्छाको सन्तुष्टि, उहाँको अर्श (सिंहासन) को वजन र उहाँका शब्दहरूको मसीको परिमाण बराबर ।

अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, आकाशमा उहाँले सृष्टि गर्नुभएको संख्या बराबर, धर्तीमा उहाँले सृष्टि गर्नुभएको संख्या बराबर, यी दुवैको बीचमा भएको वस्तुहरू संख्या बराबर र उहाँले सृष्टि गर्नुहुने सम्पूर्ण कुराको संख्या बराबर ।

अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, परम महान्; सम्पूर्ण र असङ्ख्य प्रशंसा अल्लाहकै लागि मात्र छ, र बिहान-साँझ उहाँकै पवित्रताको गुणगान गरिन्छ।

सबै प्रशंसा अल्लाहका लागि हो, जसको कृपाले सबै असल कार्यहरू पूर्ण हुन्छन्।

उहाँ परम पवित्र र महिमावान् हुनुहुन्छ, जसले सृष्टिका प्रत्येक वस्तुलाई अस्तित्व प्रदान गर्नुभयो र तत्पश्चात् उनीहरूलाई जीवनको सही मार्ग देखाउनुभयो। उहाँले नै मानव जातिलाई विनाश र पथभ्रष्टताको अन्धकारबाट जोगिने मार्गहरू स्पष्ट रूपमा निर्देश गरिदिनुभयो। उहाँले आफ्ना सिर्जनाहरूमाथि अनगिन्ती उपहार र आशिषहरू (नेमतहरू) वर्षाउनुभयो तथा उनीहरूलाई विभिन्न प्रकारका कष्ट, विपत्ति र दण्डहरूबाट सुरक्षित राख्नुभयो।

अल्लाहु अक्बर  अल्लाहु अक्बर ला इलाहा इल्लल्लाह। अल्लाहु अक्बर अल्लाहु अक्बर  वलिल्लाहिल हम्द।

म गवाही दिन्छु कि अल्लाह बाहेक कुनै सत्य उपास्य छैन, उहाँ एक्लै हुनुहुन्छ, उहाँको कुनै साझेदार छैन। स्वामित्व र साम्राज्य उहाँकै हो, सम्पूर्ण

प्रशंसा उहाँकै लागि हो, र उहाँ हरेक कुरामा पूर्णतः सामर्थ्यवान हुनुहुन्छ। उहाँले आफ्ना भक्तहरूका लागि एउटा यस्तो सत्य मार्ग स्थापित गर्नुभयो, जसबाट केवल आत्म-विनाशलाई रोज्ने अभागी व्यक्ति मात्र विचलित हुन्छ।

र म गवाही दिन्छु कि मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहका भक्त र रसूल (सन्देशवाहक) हुनुहुन्छ। उहाँ अल्लाहद्वारा चयनभएका विशेष मित्र र समस्त सृष्टिमा सर्वश्रेष्ठ हुनुहुन्छ। उहाँले आफ्ना पालनकर्ताको धर्म (इस्लाम) पूर्ण निष्ठाका साथ स्थापित गर्नुभयो र सत्यको खोजीमा रहेका प्रत्येक व्यक्तिका लागि त्यसलाई स्पष्ट पारिदिनुभयो। महान् अल्लाहले उहाँमार्फत नबीहरूको शृङ्खला समाप्त गर्नुभयो र उहाँलाई मार्गदर्शनका सम्पूर्ण स्रोतहरू प्रदान गर्नुभयो; त्यसैले उहाँ संसारका समस्त एकेश्वरवादीहरूका सर्वमान्य नायक हुनुहुन्छ। अल्लाहले उहाँमाथि, उहाँका परिवारमाथि, उहाँका निष्ठावान् साथीहरू (सहाबाहरू) र उहाँका पदचिह्नमा हिँड्ने समस्त अनुयायीहरूमाथि निरन्तर र प्रचुर मात्रामा शान्ति एवं कृपा (सलात र सलाम) बर्साइरहुन्। त्यसपछि:

हे अल्लाहका भक्तहरू! महान् अल्लाहले आफ्नो स्पष्ट किताबमा भन्नुभएको छ:

﴿ فَأَقِمْ وَجْهَكَ لِلدِّينِ حَنِيفًاۚ فِطْرَتَ ٱللَّهِ ٱلَّتِي فَطَرَ ٱلنَّاسَ عَلَيْهَاۚ لَا تَبْدِيلَ لِخَلْقِ ٱللَّهِۚ ذَٰلِكَ ٱلدِّينُ ٱلْقَيِّمُ وَلَٰكِنَّ أَكْثَرَ ٱلنَّاسِ لَا يَعْلَمُونَ ﴾

"त्यसैले तिमी आफ्नो मुहार एकनिष्ठ भएर धर्मतर्फ स्थिर राख, यही नै अल्लाहले सृजना गर्नुभएको प्राकृतिक स्वभाव (फित्रत) हो, जसमा उहाँले सम्पूर्ण मानव जातिलाई सृष्टि गर्नुभएको छ; अल्लाहको यस सृष्टिमा कुनै परिवर्तन हुन सक्दैन।"

र उहाँले अर्को ठाउँमा भन्नुभएको छ:

﴿ ذَٰلِكَ ٱلدِّينُ ٱلۡقَيِّمُۚ ﴾

"यही नै सच्चा र सिधा धर्म हो।"

यो वास्तवमै स्थिर, सन्तुलित र सत्य धर्म हो। यसको प्रकाश कहिल्यै निभ्दैन र समयको बहावले यसका चिन्हहरू मेटाउन सक्दैन। अल्लाहले यस धर्मद्वारा मानिसहरूको टेढोपनलाई सीधा गर्नुभयो र उनीहरूलाई सत्य, न्याय, सदाचार एवं सत्यवादिताको मार्गमा डोऱ्याउनुभयो।

यसको शरीअत पवित्र छ, यसका शिक्षाहरू सहज र उदार छन्। यसका सीमाहरू र नियमहरू सरल एवं सुगम छन्। यो धर्म सम्पूर्ण भलाइ लिएर आएको हो, हरेक लाभ र हितलाई स्थापित गर्न, साथै यो हरेक खराबीलाई रोक्न र हरेक हानि-नोक्सानीलाई हटाउन आएको हो। यसले मानिसहरूका लागि सुधार र सही मार्गका बाटाहरू सहज बनायो। यदि सम्पूर्ण मानवजातिले यसलाई अपनाएको भए, यसले देशहरूको समृद्धि र मानिसहरूको कल्याण सुनिश्चित गर्ने थियो।

यो यस्तो धर्म हो, जसले खराबी र अनैतिकताबाट जोगाउँछ। यसले आत्मालाई पवित्र र आचरणलाई सुन्दर बनाउँछ । यसले भलाइ खोज्नेहरूका लागि कल्याणका ढोकाहरू खोल्छ र सभ्यता तथा उन्नतिको चाहना गर्नेहरूका लागि प्रगति र शिष्टता सुनिश्चित गर्दछ।

यसले मानिसलाई सर्वप्रथम आफ्नै आत्मा, त्यसका खराबीहरू, प्रलोभनहरू र दुष्ट प्रवृत्तिहरूबाट सुरक्षित राख्छ, अनि अरू मानिसहरूबाट र त्यसपछि शत्रुहरू एवं विरोधीहरूबाट पनि सुरक्षा दिन्छ।

यस धर्मबिना मानिसहरूको संसार सुध्रिन सक्दैन, न त आखिरत (पारलौकिक जीवन) मा उनीहरूको मुक्ति सम्भव छ। किनकि यो धर्म परम तात्विक ज्ञानी, सर्वज्ञ, अत्यन्त उच्च, सबै कुरा सुन्ने र देख्ने अल्लाहतर्फबाट अवतरित भएको हो। यदि यो धर्म नआएको भए, पृथ्वीमा मानिसहरूको जीवन

व्यवस्थित हुन सक्ने थिएन। यो पूर्ण शिक्षा र सार्वभौमिक हित लिएर आएको हो। जब मानिसहरू यसप्रति लापरवाही गर्छन्, तब उनीहरू स्वयं पथभ्रष्ट हुन्छन् र अरूलाई पनि पथभ्रष्ट बनाउँछन्।

अल्लाहु अक्बर, अल्लाहु अक्बर, अल्लाहु अक्बर। ला इलाहा इल्लल्लाह। अल्लाहु अक्बर, अल्लाहु अक्बर, व लिल्लाहिल-हम्द।

अल्लाहका भक्तहरू हो! हज एक महान् उपासना हो। यसमा अल्लाहको त्यस धर्मका विशेषताहरू स्पष्ट रूपमा देखिन्छन्, जसलाई उहाँले आफ्ना भक्तहरूका लागि मन पराउनुभयो र आफ्नो सृष्टिका लागि सरल बनाइदिनुभयो।

हजमा पूर्ण रूपमा स्पष्ट हुने पहिलो विशेषता विशुद्ध तौहीद (एकेश्वरवाद) हो। महान् अल्लाहले भन्नुभएको छ:

﴿ وَإِذۡ بَوَّأۡنَا لِإِبۡرَٰهِيمَ مَكَانَ ٱلۡبَيۡتِ أَن لَّا تُشۡرِكۡ بِي شَيۡـٔٗا وَطَهِّرۡ بَيۡتِيَ لِلطَّآئِفِينَ وَٱلۡقَآئِمِينَ وَٱلرُّكَّعِ ٱلسُّجُودِ ۝٢٦ وَأَذِّن فِي ٱلنَّاسِ بِٱلۡحَجِّ يَأۡتُوكَ رِجَالٗا وَعَلَىٰ كُلِّ ضَامِرٖ يَأۡتِينَ مِن كُلِّ فَجٍّ عَمِيقٖ ﴾

" अनि जब हामीले इब्राहिमका लागि (काबा) घरको स्थान निश्चित गरिदियौँ (र भन्यौँ) कि मसँग कसैलाई साझेदार नबनाउनू, र मेरो घरलाई तवाफ (परिक्रमा) गर्नेहरू, (नमाजमा) उभिएर इबादत गर्नेहरू, र रुकू तथा सज्दा गर्नेहरूका लागि पवित्र राख्नू। "

अगाडि उहाँले भन्नुभएको छ:

﴿ حُنَفَآءَ لِلَّهِ غَيۡرَ مُشۡرِكِينَ بِهِۦۚ وَمَن يُشۡرِكۡ بِٱللَّهِ فَكَأَنَّمَا خَرَّ مِنَ ٱلسَّمَآءِ فَتَخۡطَفُهُ ٱلطَّيۡرُ أَوۡ تَهۡوِي بِهِ ٱلرِّيحُ فِي مَكَانٖ سَحِيقٖ ﴾

"अल्लाहकैलागि एकाग्र हुँदै तथा कसैलाई उनको साझेदार नबनाइकन । र जसले अल्लाहको साझेदार बनाउँछ, ऊ मानौँ आकाशबाट खस्यो, अनि उसलाई पंक्षीले थुतेर लगे वा हावाले उसलाई कुनै टाढाको ठाउँमा फालिदियो। "

तौहीद एक प्रमुख र आधारभूत हो। अल्लाहको चाहना र उहाँको सत्य मार्ग अनुसार यस साँचो धर्मको स्थापनाका लागि यो एक बलियो आधार हो। विशुद्ध तौहीद र सही आस्था (अकिदा) बिनाको जीवन यस्तो जीवन हो, जसमा न कुनै स्थिरता हुन्छ, न त कुनै मूल्य नै हुन्छ।

हजको दोस्रो विशेषता भनेको तक्वा (धर्मपरायण/अल्लाहको भय) हो। महान् अल्लाहले भन्नुभएको छ:

﴿ ذَٰلِكَۖ وَمَن يُعَظِّمۡ شَعَـٰٓئِرَ ٱللَّهِ فَإِنَّهَا مِن تَقۡوَى ٱلۡقُلُوبِ ﴾

"यो हाम्रो आदेश हो, र जसले अल्लाहका निशानीहरूको उच्च सम्मान गर्दछ, त्यो निश्चय नै हृदयको धर्मपरायणता (तक्वा) को परिचायक हो।"

र उहाँले भन्नुभएको छ:

﴿ فَمَن فَرَضَ فِيهِنَّ ٱلۡحَجَّ فَلَا رَفَثَ وَلَا فُسُوقَ وَلَا جِدَالَ فِي ٱلۡحَجِّۗ وَمَا تَفۡعَلُواْ مِنۡ خَيۡرٖ
يَعۡلَمۡهُ ٱللَّهُۗ ﴾

"जसमाथि ती महिनाहरूमा हज गर्न अनिवार्य भयो, उसले हजको समयमा न अश्लील कुरा गरोस्, न पाप गरोस्, न त झगडा गरोस्। र तिमीहरूले जे-जति असल कार्य गर्छौ, अल्लाहलाई त्यसको ज्ञान हुन्छ।"

यो एक व्यापक र पूर्ण उपदेश हो। तक्वा बिनाको धर्म भनेको आत्मा बिनाको शरीर र बुद्धि बिनाको जीउ जस्तै हो। यो बिनाको जीवन कुनै मार्गनिर्देशन बिनाको र सिद्धान्तहीन जीवन हो। तक्वाबाट नै अङ्ग-प्रत्यङ्गहरूको शुद्धता प्राप्त हुन्छ। तक्वाले नै आचरणलाई अल्लाहको इच्छा अनुसार विशुद्ध पार्दछ। यसैद्वारा मानव जातिले सुख पाउँछ र यही सत्य मार्गले मानवलाई मानसिक तथा भौतिक शान्तिका साधन र सुविधाहरू उपलब्ध गराउँछ।

हजको तेस्रो महान् विशेषता भनेको आस्थाको मिठास अनुभव गर्नु हो। दयालु र कृपालु अल्लाहले भन्नुभएको छः

﴿ فَٱجۡعَلۡ أَفۡـِٔدَةٗ مِّنَ ٱلنَّاسِ تَهۡوِيٓ إِلَيۡهِمۡ ﴾

" त्यसैले (हे पालनकर्ता!) मानिसहरूका हृदयलाई उनीहरूतर्फ आकर्षित गरिदिनुहोस्।"

हृदय त्यहीतर्फ आकर्षित हुन्छ, जसलाई उसले प्रेम गर्छ।

चौथो विशेषता: पवित्र अल्लाहप्रति हृदयमा भय र विनम्रता प्राप्त हुनु। महान् अल्लाहले भन्नुभएको छः

﴿ وَبَشِّرِ ٱلۡمُخۡبِتِينَ ٣٤ ٱلَّذِينَ إِذَا ذُكِرَ ٱللَّهُ وَجِلَتۡ قُلُوبُهُمۡ ﴾

" अनि ती विनम्रतापूर्वक झुक्नेहरूलाई शुभ-समाचार दिनुहोस्, जसको अगाडि अल्लाहको नाम लिइँदा उनीहरूका हृदय काँप्दछन्।"

पाँचौँ विशेषता: अल्लाहका धार्मिक चिन्हहरू र पवित्र कुराहरूको सम्मान गर्नु। अल्लाहले भन्नुभएको छः

﴿ ذَٰلِكَۖ وَمَن يُعَظِّمۡ حُرُمَٰتِ ٱللَّهِ فَهُوَ خَيۡرٞ لَّهُۥ عِندَ رَبِّهِۦۗ ﴾

"यो हाम्रो आदेश हो; र जसले अल्लाहद्वारा ठहर गरिएका पवित्र कुराहरू (र उहाँका आदेशहरू) को सम्मान गर्दछ, त्यो उसको पालनकर्ता कहाँ स्वयं उसकै लागि सर्वोत्कृष्ट हुन्छ।"

छैटौँ विशेषता: धर्म र दुनियाँ दुवैको पूर्णता, यसै स्वरूप जीविकोपार्जनका साथै अल्लाहको अत्यधिक स्मरण गर्नु। महान् अल्लाहले भन्नुभएको छः

﴿ لَيْسَ عَلَيْكُمْ جُنَاحٌ أَن تَبْتَغُواْ فَضْلًا مِّن رَّبِّكُمْۚ فَإِذَآ أَفَضْتُم مِّنْ عَرَفَٰتٍ فَٱذْكُرُواْ ٱللَّهَ عِندَ ٱلْمَشْعَرِ ٱلْحَرَامِۖ وَٱذْكُرُوهُ كَمَا هَدَىٰكُمْ وَإِن كُنتُم مِّن قَبْلِهِۦ لَمِنَ ٱلضَّآلِّينَ ﴾

“तिमीहरूले (हजका क्रममा) आफ्ना पालनकर्ताको अनुग्रह (जीविका) खोजी गर्नुमा कुनै पाप छैन। अनि जब तिमीहरू 'अरफात' बाट प्रस्थान गर्दछौ, तब 'मशअरुल-हराम' (मुज्दलिफा) मा अल्लाहको स्मरण (याद) गर। र उहाँलाई त्यसरी नै स्मरण गर, जसरी उहाँले तिमीहरूलाई मार्गदर्शन गर्नुभयो; जबकि यसभन्दा पूर्व तिमीहरू निश्चय नै पथभ्रष्टहरूमध्ये थियौ।”

सातौँ विशेषता: अत्यन्त पवित्र स्थानहरूमा अल्लाहको कृपा प्राप्त गर्ने चाहना। अल्लाहले भन्नुभएको छः

﴿ ثُمَّ لْيَقْضُواْ تَفَثَهُمْ وَلْيُوفُواْ نُذُورَهُمْ وَلْيَطَّوَّفُواْ بِٱلْبَيْتِ ٱلْعَتِيقِ ﴾

“फेरि मानिसहरूले आफ्नो फोहोरमैला सफा गरून्, आफ्ना भाकलहरू पूरा गरून् र प्राचीन घर (कअ्बा) को तवाफ (परिक्रमा) गरून् ।”

आठौँ विशेषता: मुस्लिमहरूबीच अल्लाहका लागि भ्रातृत्वको सम्बन्ध मजबुत हुनु। यसको स्पष्ट दृश्य तब देखिन्छ, जब सबै एक स्वरमा भन्ने गर्छन्ः

"लब्बैक अल्लाहुम्मा लब्बैक, लब्बैक ला शरीक लका लब्बैक, इन्नल-हम्द वन्-नेमत लका वल-मुल्क, ला शरीक लक।" ( हे अल्लाह! म उपस्थित छु, म उपस्थित छु। तपाईंको कुनै साझेदार छैन, म उपस्थित छु। निश्चय नै सम्पूर्ण प्रशंसा हजुरकै लागि हो, सम्पूर्ण अनुग्रह हजुरकै तर्फबाट हो र सम्पूर्ण साम्राज्य हजुरकै अधीनमा छ। हजुरको कोही पनि साझेदार छैन।)

नवौँ विशेषता: अल्लाहको खातिर उपासनामा धैर्य धारण गर्नु। अल्लाह पवित्र नामवाला हुनुहुन्छ, उहाँले भन्नुभएको छः

﴿ وَٱلصَّٰبِرِينَ عَلَىٰ مَآ أَصَابَهُمْ وَٱلْمُقِيمِى ٱلصَّلَوٰةِ وَمِمَّا رَزَقْنَٰهُمْ يُنفِقُونَ ﴾

"अनि आफूमाथि आइपर्ने कठिनाइहरूमा धैर्य गर्नेहरू, नमाजलाई पूर्ण रूपमा कायम राख्नेहरू र हामीले उनीहरूलाई जे-जति जीविका दिएका छौँ, त्यसबाट खर्च गर्नेहरू।"

दशौँ विशेषता: अल्लाहसँग लोक र परलोक (दुनियाँ र आखिरत) दुवैको सुख-आनन्द र वरदानहरूको इच्छा राख्नु। महान् अल्लाहले भन्नुभएको छः

﴿ وَمِنْهُم مَّن يَقُولُ رَبَّنَآ ءَاتِنَا فِى ٱلدُّنْيَا حَسَنَةً وَفِى ٱلْءَاخِرَةِ حَسَنَةً وَقِنَا عَذَابَ ٱلنَّارِ ﴾

"र तिनीहरूमध्ये केही यसो भन्छन्ः 'हे हाम्रो पालनकर्ता! हामीलाई यस संसार (दुनियाँ) मा पनि कल्याण प्रदान गर्नुहोस् र परलोक (आखिरत) मा पनि भलाइ सुख प्रदान गर्नुहोस्, अनि हामीलाई नर्कको अग्नि-यातनाबाट सुरक्षित राख्नुहोस्।'"

अल्लाहु अक्बर, अल्लाहु अक्बर, अल्लाहु अक्बर। ला इलाहा इल्लल्लाह। अल्लाहु अक्बर, अल्लाहु अक्बर, व लिल्लाहिल-हम्द।

हजको एघारौँ विशेषता भनेको महान अल्लाहका लागि कुर्बानी गर्नु हो। महान् अल्लाहले भन्नुभएको छः

﴿ وَٱلْبُدْنَ جَعَلْنَٰهَا لَكُم مِّن شَعَٰٓئِرِ ٱللَّهِ لَكُمْ فِيهَا خَيْرٌ ﴾

"र (कुर्बानीका) ऊँटहरूलाई हामीले तिमीहरूका लागि अल्लाहका निशानीहरू बनाएका छौँ, जसमा तिमीहरूका लागि कल्याण छ।"

यसमा दुनियाँको भलाइ भोजनको रूपमा छ, र आखिरतको भलाइ अल्लाहको आदेश पालन गरेर तथा उहाँको पूर्ण बन्दगी पूरा गरेर प्राप्त हुन्छ। रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छः

"आदमका सन्तानले यौमुन्-नहर (कुर्बानीको दिन) मा कुर्बानी गर्नुभन्दा प्रिय र उत्तम कार्य अल्लाहको नजरमा अरू कुनै कार्य हुँदैन। निश्चय नै त्यो जनावर प्रलयको दिन आफ्नो सिङ, खुर र रौंहरू सहित उपस्थित हुनेछ, र त्यसको रगत भुइँमा खस्नु भन्दा पहिले नै अल्लाहको दरबारमा स्वीकृत भइसकेको हुन्छ। त्यसैले, तिमीहरू प्रसन्न मनले कुर्बानी गर।"

यो यस्तो कुर्बानी हो, जुन एक मुस्लिमले आफ्नो पालनकर्ताको सामु प्रस्तुत गर्छ। त्यो शरीअतले तोकेका सर्तहरू पूरा गरेको हुनुपर्छ। चौपाया जनावरहरूमध्ये—ऊँट, गाई वा भेडा/बाख्रा—बाट हुनुपर्छ। तोकिएको उमेर पुगेको, दोषरहित भएको र सही समयमा वध गरिएको हुनुपर्छ। यसको समय ईदको नमाजपछि सुरु भएर १३ जिल-हिज्जाको सूर्यास्तअघि समाप्त हुन्छ। मुस्लिम कुर्बानी कार्यमार्फत अल्लाहको क्षमा र माफीको आशा राख्छ।

हे मानिसहरू! अल्लाहले हामी सबैलाई दुई महान् वह्य (कुरआन र सुन्नत) तथा दुई महान् प्रकाशबाट लाभान्वित गरून्—जुन अल्लाहको मजबुत डोरी र रहिरहने वाणी हुन्।

हे अल्लाहका भक्तहरू! अल्लाहले हामी सबैलाई आफ्नो कृपाद्वारा कुरआन र सुन्नतको मार्गदर्शनबाट लाभ पुऱ्याउन। मैले जे भनेँ, त्यो तपाईंहरूले सुनिरहनुभएको छ। म आफ्नो र तपाईंहरूको लागि अल्लाहसँग क्षमा माग्छु, त्यसैले उहाँसँग क्षमा माग्नुहोस्। निश्चय नै उहाँ अत्यन्त क्षमाशील र दयालु हुनुहुन्छ।

# दोस्रो प्रवचन

अल्लाहु अक्बर अल्लाहु अक्बर अल्लाहु अक्बर। अल्लाहु अक्बर अल्लाहु अक्बर अल्लाहु अक्बर। अल्लाहु अक्बर ला इलाह इल्लल्लाह। अल्लाहु अक्बर अल्लाहु अक्बर व लिल्लाहिल हम्द। अल्लाहु अक्बर कबीरा व अल्हम्दु लिल्लाहि कसीरा व सुब्हानल्लाहि बुक्रतन व असीला।

अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, अल्लाह सबैभन्दा महान् हुनुहुन्छ। अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, अल्लाह सबैभन्दा महान् हुनुहुन्छ। अल्लाहबाहेक कोही पनि सत्य उपास्य छैन; अल्लाह नै सर्वमहान् हुनुहुन्छ, अल्लाह महानतम हुनुहुन्छ र सम्पूर्ण प्रशंसा केवल अल्लाहकै लागि हो। अल्लाह असीम महान् हुनुहुन्छ, उहाँकै अधिक-भन्दा-अधिक प्रशंसा छ, तथा प्रभात र सन्ध्याको समय उहाँकै पवित्रताको महिमागान गरिन्छ।

समस्त प्रशंसा अल्लाहकै लागि हुन्, जसले आफ्ना आज्ञाकारी भक्तहरूलाई सम्मानित गर्नुभयो र उनीहरूलाई विरोधीहरूमाथि श्रेष्ठता र विजय प्रदान गर्नुभयो; तथा अवज्ञाकारीहरूलाई अपमानित गरी संसारका लागि एउटा पाठ बनाउनुभयो। म गवाही दिन्छु कि अल्लाहबाहेक कोही पनि सत्य पूज्य छैन, उहाँ एक हुनुहुन्छ र उहाँको कोही साझेदार छैन! अनि म गवाही दिन्छु कि मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहका अन्तिम सन्देशवाहक हुनुहुन्छ।

हे मेरा दाजुभाइहरू! तेह्रौँ विशेषता भनेको अल्लाहको मार्गलाई दृढतापूर्वक अँगाल्नु र उहाँको पवित्र शरीअतलाई लागू गर्नु हो। महान् अल्लाहले भन्नुभएको छ:

﴿ وَلِكُلِّ أُمَّةٍ جَعَلْنَا مَنسَكًا لِّيَذْكُرُوا۟ ٱسْمَ ٱللَّهِ ﴾

"र हामीले प्रत्येक समुदायका लागि एउटा निश्चित कुर्बानी को प्रणाली तोकिदिएका छौँ, ताकि उनीहरूले अल्लाहको नाम स्मरण गरून्।"

अल्लाहको शरीअतले नै सुधार, सफलता र समृद्धिको ग्यारेन्टी दिएको छ। यसले मानिसहरूबीच सही सम्बन्ध स्थापना गरेको छ। न्याय, भ्रातृत्व, समानता र पारस्परिक प्रेमका सम्पूर्ण मूल्यहरूलाई साकार बनाएको छ।

इस्लामी शरीअतले सदाचार, नैतिकता र शिष्टाचारका मूल्यहरूलाई फैलाएको छ र अनैतिकता, अश्लीलता, विध्वंस तथा तिनका मार्गहरूलाई समाप्त गरेको छ। यसले अपराधका स्रोतहरूलाई निर्मूल पारेको छ र तिनको रोकथाम गरेको छ। यही नै महानतम र पवित्र अल्लाहको शरीअत हो।

हे हाजी दाजुभाइहरू! बाँकी रहेका हजका कर्महरूलाई विनम्रता, शान्ति, भय-भक्ति र सन्तुष्ट हृदयका साथ पूरा गर्नुहोस्। अल्लाहले तिमीहरूको कर्महरू स्वीकार गरून्।

हे अल्लाहका भक्तहरू! यदि अल्लाहको विधान (शरीअत) नै मानवजातिका लागि पूर्ण जीवनपद्धति होइन भने, त्यसभन्दा अरू कुनै चीजमा मानवताले कहिल्यै सुरक्षित आश्रय पाउने छैन। महान् अल्लाहले आफ्नो दृढ वचनमा भन्नुभएको छः

"निश्चय नै यो कुरआनले सबैभन्दा सीधा मार्गतर्फ मार्गदर्शन गर्छ, र असल कर्म गर्ने इमानवालाहरूलाई ठूलो प्रतिफलको शुभ समाचार दिन्छ।"

हे मेरा दाजुभाइहरू! विद्वानहरू पृथ्वीका मानिसहरूका लागि सुरक्षा हुन्। उनीहरूकै मार्फत धर्मलाई चिनिन्छ। उनीहरूबाट मात्र ज्ञान प्राप्त गरिन्छ। शासक र जनता सबै उनीहरूकै वरिपरि एकत्र हुन्छन्। उनीहरूकै काँधमा राष्ट्रहरूको उत्थान हुन्छ। अनि उनीहरूकै निर्देशनले गर्दा कठिन परिस्थितिहरूमा पनि समाजले उज्यालो पाउँछ। तर, जब मानिसहरूले

अज्ञानीहरूलाई आफ्ना मार्गदर्शक मान्न थाल्दछन्, विवेकहीन तथा कोलाहल मच्चाउने तत्त्वहरूको पछि लाग्दछन्, अनि मूर्खहरूको वरिपरि एकत्रित हुन पुग्दछन्—तब धर्मको लोप हुन्छ र ज्ञानको सर्वनाश हुन्छ। तत्पश्चात्, यस धर्तीका मानव जातिका लागि कुनै सुरक्षा बाँकी रहँदैन र राष्ट्रहरूको भविष्य पनि अन्धकारमय र अस्थिर बन्दछ।

यही कुरा अफवाह फैलाउनेहरू, शत्रुहरू, विरोधीहरू र कपटीहरूले चाहेका हुन् र त्यसैको लागि उनीहरूले प्रयास गरिरहेका छन् ।

अल्लाहु अक्बर, अल्लाहु अक्बर, अल्लाहु अक्बर। ला इलाहा इल्लल्लाह। अल्लाहु अक्बर, अल्लाहु अक्बर, व लिल्लाहिल-हम्द।

हे आस्थावानहरू हो! तपाईंहरूले पाँचवटा कुराहरू पूरा गर्न अनिवार्य छ:

<u>पहिलो</u>: मानव जातिको कल्याणका लागि उत्पन्न गरिएको यस सत्य समुदायका लागि भएको ईश्वरीय उपदेशलाई आत्मसात् गर्नुहोस्, अल्लाहले भन्नुभएको छ:

﴿ وَٱعۡتَصِمُواْ بِحَبۡلِ ٱللَّهِ جَمِيعٗا وَلَا تَفَرَّقُواْۚ ﴾

'तिमीहरू सबै मिलेर अल्लाहको डोरी (कुरआन) लाई मजबुत रूपमा समात र विभाजित नहोऊ।'

उहाँको मजबुत डोरी, सीधा मार्ग (सिरातुल-मुस्तकीम) र सही पद्धतिसँग दृढतापूर्वक बाँधिनु नै स्पष्ट मुक्ति हो। यसै अनुरूप, भद्र वाणी, उचित आचरण र पवित्र शरई शिक्षाहरूको सही बुझाइका साथ अल्लाहको धर्मको प्रचार–प्रसार गर्नु आवश्यक छ। साथै, धार्मिक प्रमाणहरूलाई आपसमा विरोधाभासी बनाउने वा गलत तरिकाले व्याख्या गर्ने कार्यबाट बच्नुपर्छ।

<u>दोस्रो</u>: अल्लाहका महान् वरदानहरू र विशाल अनुग्रहहरूका लागि उहाँप्रति कृतज्ञता व्यक्त गर्नुहोस्। तपाईंहरूमाथि भएका उहाँका उपहारहरूलाई तुच्छ

नठान्नुहोस् र उहाँको कृपाबाट उदास नहुनुहोस्; किनकि कृतज्ञताले वरदानहरूलाई कायम राख्छ र विपत्ति तथा दण्डहरूलाई टाढा भगाउँछ। अल्लाहले भन्नुभएको छ:

﴿ وَإِذْ تَأَذَّنَ رَبُّكُمْ لَئِن شَكَرْتُمْ لَأَزِيدَنَّكُمْ ۖ وَلَئِن كَفَرْتُمْ إِنَّ عَذَابِي لَشَدِيدٌ ﴾

"र जब तिमीहरूका पालनकर्ताले घोषणा गर्नुभयो: 'यदि तिमीहरूले कृतज्ञता व्यक्त गऱ्यौ भने म निश्चय नै तिमीहरूलाई अझ बढी (अनुग्रह) प्रदान गर्नेछु; तर यदि तिमीहरूले कृतघ्नता गऱ्यौ भने (सजग रहू), मेरो सजाय वास्तवमै अत्यन्त कठोर छ।'"

र कृतज्ञता हृदय, बोली र अङ्ग-प्रत्यङ्गद्वारा व्यक्त हुन्छ, तथा अल्लाहले प्रदान गर्नुभएको धनमा कमजोरहरूको अधिकारलाई सधैँ याद राख्नुहोस्।

<u>तेस्रो</u>: विकृति, गुटबन्दी र मतभेदहरूबाट बच्नुहोस्। शासकहरूको आज्ञाकारिताबाट बाहिर निस्कने (विद्रोह गर्ने) गल्ती कहिल्यै नगर्नुहोस्। अल्लाहले भन्नुभएको छ:

﴿ وَأَنَّ هَٰذَا صِرَاطِي مُسْتَقِيمًا فَاتَّبِعُوهُ ۖ وَلَا تَتَّبِعُوا السُّبُلَ فَتَفَرَّقَ بِكُمْ عَن سَبِيلِهِ ۚ ذَٰلِكُمْ وَصَّاكُم بِهِ لَعَلَّكُمْ تَتَّقُونَ ﴾

“अनि निश्चित नै, यही मेरो सीधा मार्ग (सिराते-मुस्तकीम) हो; तसर्थ तिमीहरू यसै पथमा हिँड र अन्य कुमार्गहरूमा नलाग, अन्यथा ती मार्गहरूले तिमीहरूलाई अल्लाहको मूल मार्गबाट विचलित गराई छिन्नभिन्न पार्नेछन्। उहाँले तिमीहरूलाई यही कडा आदेश दिनुभएको छ ताकि तिमीहरू संयमी हुन सक।”

त्यसैले सीधा मार्ग एउटै मात्र छ, जसमा कुनै त्रुटि वा वक्रता छैन। र जसले यो बाहेक अन्य कुरामा सत्यता खोज्छ, ऊ सही मार्गबाट विचलित भएको हुन्छ।

चौथो: सही र सत्य आदर्शको अनुकरण गर्नुहोस्। अल्लाहले भन्नुभएको छ:

﴿ لَّقَدۡ كَانَ لَكُمۡ فِي رَسُولِ ٱللَّهِ أُسۡوَةٌ حَسَنَةٞ ﴾

"निश्चय नै तिमीहरूका लागि अल्लाहका रसूलमा एक उत्तम आदर्श छ।"

यो यस्तो उत्तम आदर्श हो, जसले एक साँचो मुस्लिमको वास्तविक व्यक्तित्वलाई झल्काउँछ।

पाँचौँ: आफ्ना बालबच्चा र परिवारलाई सही शिक्षा (तर्बियत), रेखदेख र संरक्षणमा राख्नुहोस्। अल्लाहले भन्नुभएको छ:

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ قُوٓاْ أَنفُسَكُمۡ وَأَهۡلِيكُمۡ نَارٗا وَقُودُهَا ٱلنَّاسُ وَٱلۡحِجَارَةُ عَلَيۡهَا مَلَٰٓئِكَةٌ غِلَاظٞ شِدَادٞ لَّا يَعۡصُونَ ٱللَّهَ مَآ أَمَرَهُمۡ وَيَفۡعَلُونَ مَا يُؤۡمَرُونَ ﴾

"हे इमान स्वीकार गर्नेहरू! आफूलाई र आफ्नो परिवारलाई त्यस आगो (जहन्नम) बाट बचाऊ, जसको इन्धन मानिस र ढुङ्गा हुन्, जसमाथि कठोर र बलिष्ठ फरिश्ताहरू (देवदूतहरू) नियुक्त छन् — अल्लाहले उनीहरूलाई जे आदेश दिनुहुन्छ, उनीहरू त्यसको अवज्ञा गर्दैनन्, र उनीहरूलाई जे आदेश दिइन्छ, त्यही गर्छन्।"

र त्यो सुरक्षा अल्लाहको आदेशको पालना गरेर र निषेधित कुराहरूबाट टाढा रहेर मात्र सम्भव हुन्छ। साथै, धर्मको रक्षा गर्न र यसका शिक्षाहरू स्थापना गर्नका लागि परिवारलाई दृढतापूर्वक सत्य मार्गमा डोऱ्याउनुहोस् र अज्ञानी हरूलाई गलत कार्य गर्नबाट रोक्नुहोस्।

तत्पश्चात्, मुदर वंशका चुनिएका सन्देशवाहक एवं यस संसारका नायक, ‘मोहम्मद’(सल्लल्लाहु अलैहि वसल्लम)माथि अल्लाहको असीम कृपा रहोस्। हे अल्लाह! सृष्टिका सर्वश्रेष्ठ एवं सदाचार र धर्मपरायणताका पथप्रदर्शक, मोहम्मद

बिन अब्दुल्लाहमाथि विशेष कृपा, शान्ति र कल्याण (बरकत) अवतरण गर्नुहोस्; र उहाँका पवित्र परिवार, निष्ठावान् साथीहरू (सहाबा) तथा अनुयायीहरूमाथि पनि। हे परम दयालु अल्लाह! आफ्नो असीम क्षमा र कृपाले हामीलाई पनि उहाँहरूकै पवित्र समूहमा सामेल हुने सौभाग्य प्रदान गर्नुहोस्।

हे अल्लाह! सत्य र न्यायका साथ शासन गर्ने मार्गदर्शित खलिफाहरू तथा धर्मनिष्ठ शासकहरूसँग प्रसन्न हुनुहोस्। हे सम्पूर्ण संसारका पालनकर्ता! हे अत्यन्त कृपालु! कियामतको दिनसम्म निष्ठापूर्वक उनीहरूको अनुसरण गर्नेहरूसँग र हामी सबैसँग पनि आफ्नो क्षमा, कृपा र उदारताद्वारा प्रसन्न हुनुहोस्।

हे अल्लाह! इस्लाम र मुस्लिमहरूको सम्मान बढाउनुहोस्, अविश्वासी र अधर्मलाई अपमानित गर्नुहोस् र आफ्ना एकेश्वरवादी भक्तहरूको मद्दत गर्नुहोस्। हे विश्वका पालनकर्ता! सम्पूर्ण इस्लामिक राष्ट्रहरूमा सुख, शान्ति र समृद्धि कायम गर्नुहोस्। हे अल्लाह! मुस्लिम शासकहरूलाई तपाईंको शरिया र नबी मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को सुन्नत लागू गर्ने सामर्थ्य प्रदान गर्नुहोस्; उनीहरूको हृदयलाई जोड्नुहोस्, उनीहरूलाई आफ्ना प्रजाहरू प्रति दयालु बनाउनुहोस् र तपाईंलाई मन पर्ने सत्कर्महरू गर्ने सामर्थ्य दिनुहोस्।

हे अल्लाह! हाम्रो लागि उत्तम कुराको छनौट गर्नुहोस्र हामीलाई सही निर्णय लिने शक्ति दिनुहोस्; हामीलाई कहिल्यै पनि हाम्रै सहारामा एक्लो नछोड्नुहोस्। हामीलाई मार्गदर्शन गर्नुहोस्, सही मार्गको अनुसरण सरल गरिदिनुहोस् र तपाईंको जिक्र, कृतज्ञता एवं उत्तम उपासना गर्न सामर्थ्य प्रदान गर्नुहोस्। हे परम दयालु! हामीलाई धर्म र संसारको ज्ञान प्रदान गर्नुहोस्, समस्त मुस्लिमहरूको अवस्थामा सुधार ल्याउनुहोस् र मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को उम्मतको आवश्यकता पूरा गर्दै उनीहरूको अन्त्य सुखद बनाउनुहोस्।

हे अल्लाह! हाजीहरूको हज, उमराह गर्नेहरूको उमराह र उपासकहरूको उपासना स्वीकार गर्नुहोस्। हे अन्तर आत्मा को कुरा जान्ने प्रभु! यस हजलाई 'हज मबरुर', प्रशंसनीय प्रयत्न र कहिल्यै घाटा नहुने व्यापारका रूपमा स्वीकार गर्दै हाम्रा पापहरू क्षमा गरिदिनुहोस्।

हे अल्लाहका भक्तहरू! निश्चय नै अल्लाह न्याय, परोपकार र नातेदारहरूलाई सहयोग गर्ने आदेश दिनुहुन्छ र अश्लीलता, दुष्कर्म एवं अन्यायबाट रोक्नुहुन्छ। उहाँले तिमीहरूलाई सचेत गराउनुहुन्छ ताकि तिमीहरूले शिक्षा प्राप्त गर। अतः महान् र गौरवशाली अल्लाहको स्मरण गर, उहाँले तिमीहरूलाई स्मरण गर्नुहुनेछ; उहाँका वरदानहरूका प्रति कृतज्ञता व्यक्त गर, उहाँले तिमीहरूलाई अझ बढी प्रदान गर्नुहुनेछ। वास्तवमा अल्लाहको स्मरण नै सबैभन्दा ठूलो कार्य हो र तिमीहरूले गर्ने प्रत्येक कार्यको ज्ञान अल्लाहलाई छ।

अल्लाहू अक्बर, अल्लाहू अक्बर, अल्लाहू अक्बर, ला इलाहा इल्लल्लाह। अल्लाहू अक्बर, अल्लाहू अक्बर, व लिल्लाहिल् हम्द।

| | विषयहरू | पेज |
|---|---|---|
| १ | जिल-हिज्जाका प्रथम दस दिनका सद्गुण र महत्त्व | १ |
| २ | हज-अनुष्ठानको महिमा | ११ |
| ३ | नबी (सल्लल्लाहु अलैहि वसल्लम) को हज गर्ने तरिका | १९ |
| ४ | अरफाको दिनको महिमा | ३२ |
| ५ | हज्जतुल-विदाको प्रवचनमा निहित उपदेशहरू | ४१ |
| ६ | हज सम्पन्न गरेपश्चात् के गर्ने? | ५१ |
| ७ | इस्लामी हिज्री वर्षको समापन | ६० |
| ८ | (१) शुभ ईद-उल-अज्हा | ७२ |
| ९ | (२) शुभ ईद-उल-अज्हा | ८८ |
| १० | (३) शुभ ईद-उल-अज्हा | १०२ |